# अध्याय - एक

# परिचय

## १.१ पृष्ठभुमि

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरूपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्य माथि गरिने शारीरिक, मानसिक, आर्थिक,यौनिक र भाबनात्मक दुर्व्यबहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरू घरेलु हिंसा हुन्वा लिङ्गको अधारमा महिला भएकै कारणले महिला माथि हुने कुनै पनि हिंसाजन्य कार्य वा व्यावहार नै महिला माथि हुने हिंसा हो । यस्तो हिंसा श्रीमान-श्रीमती, सासु-बुहारी, आमा-बाबु, दाजु-भाई,दिदी-बहिनी, नन्दआमाजु, काका-भतिज, भतिजी जोसुकै बीचमा हुनसक्छ । घरेलु हिंसाबाट पीडित महिला विभिन्न प्रकारका शारीरिक, मानसिक, आर्थिक,यौनजन्य हिंसा तथा प्रजनन् जस्ता समस्याहरूबाट पीडित हुने गर्दछन् । (ल्याक,२०७०) ।

ईन्फरमल सेक्टर सर्भिस सेन्टरको २०१६को रिपोर्ट अनुसार २२०२ घरेलु हिंसामा परेका घटना, २२२ बहुविवाह, २४२ बलात्कारका घटना, ९४ रेप एटेम्टका घटना, ३७ यौनजन्य दुर्व्यवहारका घटना, ७ जना बेचविखनमा परेका घटना, ३४ जना बोक्सीको आरोप लागेका घटना रहेका छन् ।

ईन्सेकका अनुसार जम्मा २९१० महिलाहरु हिंसामा परेको भन्ने कुरा २०१६ को रिपोर्टले देखाएको छ ।

यसैगरि नेपाल प्रहरीको रिपोर्ट अनुसार २०१६अप्रील १५ देखि अगस्ट १५ सम्म ८९७ महिलाहरु हिंसामा परेको देखिएको छ । जसमध्ये काटिएका, पोलिएका र सामान्य चोटपटक लागेका ३२ प्रतिशत महिलाहरुले रिपोर्ट गरेका थिए । अनि आखाँमा चोटपटक लागेका र ढाड मर्किएका १२ प्रतिशत महिलाहरु रहेका छन् । सामान्यतया ९ प्रतिशत महिलाहरु आफ्नो श्रीमानबाट नै गहिरो चोटपटक लाग्नेगरि कुटिएका, हड्डि भाचिएका र काध भाचिएका जस्ता समस्याबाट पिडीत हुन परेको पछिल्लो समयको नेपाल डेमोग्रफीक

तथा हेल्थ सर्बेको रिपोर्टले प्रट्याएको छ । प्रतेक ३ जना महिला महिला मध्ये १ जनाले आफ्नो श्रीमानबाट सारिरीक, यौनिक तथा भावनात्मक हिंसाको सिकार हुनपरेको जसमा तराईका ३२ प्रतिशरुत महिलाहरु र पहाड तथा हिमालमा २० प्रतिशत महिलाहरुले यसप्रकारका हिंसा सहनपरेको यस रिपोर्टले देखाएको छ ।

गर्न जादैनन् । सारिरीक तथा यौनजन्य हिंसामा परेका महिलाहरु मध्ये ८ प्रतिशत महिलाहरुले चाहि प्रहरीमा रिपोर्ट गरेका, २ प्रतिशतले सामाजीक सेवा सुरक्षा संबन्धी संघसंस्थाहरु र १ प्रतिशतले मात्र वकिलकोमा सहयोग लिन गएको भन्ने तथ्याकं १९ जुन २०१६ देखि ३१ जनवरि २०१७ को विचको प्राप्त तथ्याकंमा देखिएको छ । (२६ नोभेम्वर २०१७, हिमालयन्स टाईम्स)

विश्व स्वास्थ्य संगठनका अनुसार, श्रीमान तथा पुरुष साथीसंगको सम्वन्धमा लगभग ३ जना मध्ये एकजना (३० प्रतिशत) महिलाहरु आफ्नै पुरुषसाथी तथा श्रीमानबाट सारिरीक तथा यौनजन्य हिंसामा परेका देखाईएको छ । अधिकतम आयश्रोत भएका देसहरुमा २३.२ प्रतिशत र WHO western pacific region मा२४.६ प्रतिशत हुदै eastern mediterranean region मा ३७ प्रतिशत र ३७.७ प्रतिशत WHOsouth east asia region मा आफ्नै साथी तथा जीवनसाथी बाट हिंसामा पर्ने गरेको देखिन्छ ।विश्वव्यापी रुपमा ३८ प्रतिशत महिलाहरुको हत्याको प्रयास आफ्नै श्रीमान तथा साथीबाट हुने गरेको देखिएको छ । आफ्नै श्रीमान तथा साथीबाट बाहेक अन्य बाट यौनजन्य हिंसामा परेका ७ प्रतिशत महिलाहरुले रिपोर्ट गरेको पाईएको छ । (WHO 29 nov.2017)

हाम्रो समाजमा महिलालाई दोस्रो दर्जाको नागरिक जस्तो व्यवहार गरिन्छ । उनिहरु जीवनमा केहि न केही रुपवाट वन्चित गरिएका हुन्छन् । महिला लाई जन्म पुर्वनै विभेदपूर्ण व्यवहार गरेको देखिन्छ । आज पनि कतिपय समाजमा यदि महिलाको गर्भमा छोरी रहेको थाहा पाए पछि गर्भाअवस्था देखीनै उनलाई छोरा पाउनेलाई भन्दा कम हेरचाह गरिन्छ । सुत्केरी पछि पनि छोरी भयो भने छोरा हुँदाको तुलनामा भेदभाव गरिएको देखिन्छ । यसै गरि छोरीलाई छोराको तुलनामा पढाईमा कम महत्व दिईन्छ र पढाईदैन पनि । यदि पढाईनै हाले भने पनि छोरालाई निजी विद्यालयमा हाले पछि छोरी लाई सरकारी विद्यालयमा पढाईन्छ । यस प्रकार महिलाले धेरै प्रकारका हिँसावाट पिडित हुनु परेको अवस्था छ । जस्तो

:- वालविवाह, चेलीवेटी वेचविखन,यौन हिँसा तथा शारिरीक शोषण,वलात्कार, जवरजस्ती विवाह, विवाह पछिको जवरजस्ती यौन शोषण, घरेलु हिँसा, दाईजो संग सम्वन्धित हिँसा ईत्यादि सवै हिँसाका स्वरुपहरु हुन्। यि सवै प्रकारको हिँसाले महिलाको प्रजनन अधिकार र महिलाको अधिकार तथा मानव अधिकारलाई साँगुरो वनाउँदै लगेको छ । (एमिनेष्टी ईन्टरनेशनल, २०००) ।

**“गलत धर्म गलत संस्कृति रुढिगत सामाजिक रितीरीवाज र संस्कृतीको आधारमा महिला”**

विरुद्धविभिन्न किसीमका शोषण हुने गरेका छन् । परापुर्व काल देखि आज सम्म पनि महिलालाई यौन शोषण, दासत्व र विना ज्याला मजदुरीमा लगाउने गरेको पाईन्छ । ( थापा,२०५९)

काठमाण्डौ नजिकैको नारीकोट गाँउको पितृ प्रधान समाजमा महिला र पुरुषहरुले निर्वाह गर्ने गरेको विभेदकारी भुमिका जस्तो महिलाहरु घर भित्रको काममा मात्रै सिमित रहने, घर वाहिरको मुख्य काममा पुरुषकै हात रहेको, घरको सम्पुर्ण आर्थिक कारोवार माथि पुरुषकोनै नियन्त्रण रहेको देखाईएको छ । यसै गरि सुद्धता र असुद्धताको वारेमा चर्चा गर्ने क्रममा खाना पकाउने ठाँउ र खाने व्यक्ति तथा दान दिने सम्वन्धित व्यक्तिको वारेमा चर्चा गरिएको छ । जसमा कपडा फेरेर खाना पकाउने, खाने, खाने व्यक्तिमा स्थानान्तरण गर्ने गरिन्छ । यसै गरि महिलाको रजस्वल्ला हुँदा चोख्याउन गरिने विधीवारे प्रस्ट छ । जसवाट महिलालाई तल्लो दर्जामा राखेको छ भन्ने कुरा प्रस्ट हुन्छ । अधिकाँस जन्म मृत्यु संस्कारमा पुरुषको भुमिका वढि रहेको वाट लैङ्गिक असमानता लाई देखाँउछ । जुन सामाजिक र सांस्कृतिक मान्यता हिन्दु समाजमा विकसित भएका छन् । पितृप्रधान समाजमा हुने विभेदहरु जस्तैः- नयाँ वच्चाको जन्ममा वावुकै थर गोत्र राख्ने, वच्चा जन्माउदा र रजस्वल्ला हुदा सुद्धता र असुद्धताको भावना विकास गरिने, वर्तवन्ध तथा गायत्रि मन्त्रवाट छोरीहरु वन्चित हुने, विवाह छनौटमा वन्देज, दागवत्ति दिन, क्रिया वस्न, श्राद्ध गर्न, तथा धार्मिक उत्सवमा सक्रिय सहभागिहुन महिलाहरुले नपाउने जस्ता वन्देजहरु लगाईएको छ।(Bennett, 2005)

सम्पुर्ण क्रियाकलापको मुल्याङ्कन गर्दा पुरुषहरुवाट तथा घर परिवारको मुख्य व्यक्ति वाट हेरिने दृष्टिकोण  र गरिने व्यवहारले महिला लाई तुच्छ सावित गर्न खोजिएको र महिलाहरु मथि विभिन्न तवरले हिँसा गरिएको प्रस्ट हुन्छ ।

महिलाले महिला प्रति गरिने नकारात्मक व्यवहार पनि यहाँ व्याप्त छ । यसै गरि एउटै महिलालाई विवाह पुर्व र विवाह पछि समाजले दिने फरक फरक भुमिका लाई लैङ्गिक विभेदको कारक तत्व मानिएको छ । घुमफिर गर्न, पुजा, काज क्रिया तथा संस्कारगत पर्वहरुमा भाग लिन, यौन ईच्छा जाहेर गर्न लगायतका महिलाहरुका आवश्यकता परिपुर्ति गर्न र व्यक्तित्व विकासका कार्य गर्न पुरुषको दमन र नियन्त्रण तथा धार्मिक सांस्कृतिक कठोर मान्यतालाई वाधक का रुपमा  देखाईएको छ । यसरी कार्य विभाजनमा असमान अवस्थाको वारेमा चर्चा गर्दै धर्म र संस्कृतिका नाममा महिला दमनका प्रवृतिका वारेमा चर्चा गरिएको छ । (Bennett, 2005)

महिलाहरु परिवारका सदस्यवाटनै शारिरीक, मानसिक र भावनात्मकरुपमा वढि पिडित हुने गरेको पाईन्छ । घर भित्र हुने अधिकांस हिँसा, गाली गलौज, भावनात्मक चोट पुग्ने भनाई र व्यङ्ग्यात्मक छेडहानी,कपाल समातेर तान्ने, विष सेवन गर्न वाध्य पार्ने, पासो लगाउने, शरिर जलाएर वा अन्य रसायन प्रयोग गरेर कुरुप वनाईने, योनाङ्गमा चोट पुर्याउने, जवरजस्ति यौन सम्पर्क राख्ने, अनिच्छित गर्भाधारण गर्न वाध्य तुल्याउने वा गर्भ तुहाउन वाध्य गरिने, छोरी मात्र जन्माएको वा सन्तान नै नभएको वाहानामा सौता ल्याई पहिलो पत्निलाई घरको सामान वा सम्पत्तिको प्रयोगमा वन्देज लगाउने, प्रथा परम्पराको नाममा घरको नियमित व्यवहारवाट वन्चितीकरण गरिने, जवरजस्ति विवाह गर्न वाध्य पार्ने, वाल विवाह लगायत गर्ने आदि गरेको पाईन्छ । यि व्यवहारहरु विभिन्न वाहानामा घरका महिला वा पुरुष, नजिकको नातेदारहरु वाट एक्ला - एक्लै अथवा सामुहिकरुपमा हुने गरेको मात्र नभई अन्य मानिस हरुवाट पनि पारिवारीक विवादको समधान तथा आफ्नो अहंकारको दृष्टि पुरा गर्न वा चोरी डकैतिगर्न आउने वा उपचारको वाहानामा समेत महिलाहरु लाई लक्षित गरि हिँसा जन्य काम गरेको पाईन्छ । खराव र कमजोर स्वास्थ्य स्थिती भई घरको काम गर्न नसकेको, दाईजो नल्याएको, भनेको काम तुरुन्त नगरेको वहानामा महिलाहरुमाथि हिंसात्मक आक्रमण हुने गरेको छ।(भण्डारी २०६६)।

हाम्रो समाजमा महिलाहरु धेरै किसीमका हिंसावाट पिडित हुने गरेको पाईन्छ।जस्तै शारिरीक हिंसामानसिक हिंसा,आर्थिक हिंसा,यौनिक हिंसा,धार्मिक हिंसा,परम्परागत हिंसा आदि।

(क) **शारीरिक हिंसा**:-कुनै पनि व्यक्तिले तथा समुहले सरिरमा चोटपटक पुऱ्याउन खोज्छ अर्थात पुऱ्याउँछ भने त्यो नै शारिरीक हिँसा हो । जस अन्तर्गत कुटपिट गर्नु, जलाउनु, घाउ चोटपटक लगाउनु, एसिड वा अन्य रसायन प्रयोग गरेर कुरुप वनाईदिने, कपाल समातेर तान्ने आदि पर्दछन् । यस प्रकारको हिँसा अन्तर्गत श्रीमान द्धारा श्रीमती कुटिनु, वलात्कार गर्नु, चेलिवेटि वेचविखनमा समाहित हुनु, जवरजस्ती देह व्यापारमा सम्लग्न गराईनु, जवरजस्ती यौन सम्पर्क कायम राख्नु, वालवालिका लाई अनुचित काममा संलग्न गराईनु, यौन दुर्व्यवहार, यौन शोषण, वुहारी माथी गरिने दुर्व्यवहार ईत्यादि शारीरिक हिँसा हुन् ।(ओझा, २००४)

(ख) **मानसिक हिँसा :-** त्यस्ता किसीमका केही घटनाहरु जसले कसैको मानसिकतामा केही असर पुऱ्याउँछ भने त्यो नै मानसिक हिँसा हो भन्ने वुझिन्छ । जस्तै धक्याउनु, डर देखाउनु, मार्ने धम्की दिनु, सवैको विचमा वेईजत गर्नु, जवरजस्ती निर्णय परिवर्तन गर्न वाध्य तुल्याउने, खसालेर वोल्ने तथा वदनाम गर्न खोज्ने, तिरस्कार गर्ने ईत्यादि । यस प्रकारको हिँसाले व्यक्तिको मस्तिष्क तथा शरिर दुवैलाई चोट पुऱ्याउने हुन्छ । जस्तो गाली गलौज गर्ने, सार्वजनिक स्थल तथा काम गर्ने ठाँउमानै दुर्व्यवहार गर्ने, पत्र द्धारा धम्कि दिने, फोन मार्फत वारम्वार तर्साउने, जस्ता क्रियाकलापले आत्महत्या गर्ने तर्फ उत्साहित गर्ने, कसैको सामु आफूलाई ल्याउन नसक्ने, दैनिक कामवाट वन्चित गराई वाहिर काम गर्न जान नदिने, श्रीमती लाई दवावमा राख्ने तथा दमन गर्ने, उसलाई आय -आर्जन वाट वन्चित गराउने आदि मानसिक हिँसाकै स्वरुपहरु हुन् । (ओझा, २००४)

(ग) **आर्थिक हिँसा** :-यस अन्तर्गत विभिन्न स्वरुप र साधन माथी महिला लाई प्रतिवन्ध लगाउनु, समान कामको लागी असमान ज्याला व्यवस्था हुनु, त्यस्तै घर भित्रको आर्थिक कारोवारमा पनि महिलालाई वन्देज लगाउनु आदि पर्दछन् ।

(घ) **यौनजन्य हिँसा :-** कुनै पनि महिलाको ईच्छा विपरित गरिने निर्दयी यौन जन्य क्रियाकलापहरु जस्तैः- वलात्कार गर्नु, उसको स्विकृती विना यौन क्रियाकलापमा

भागलिन दवाव दिनु, विभिन्न किसिमका अस्लील चित्रहरु देखाउनु आदी यौन सम्वन्धि हिँसाहरु हुन् ।

(ङ.) **परम्परागत हिँसा :-** वाल विवाह, दाईजो संग सम्वन्धित हिँसा, छुवाछुत प्रथा, देउकी तथा वादी संस्कृती, वोक्सीको आरोप आदी परम्परागत हिँसाका केही स्वरुपहरु हुन ।यि सवै खालका हिँसा परम्परागत मुल्य र मान्यतावाट निर्देशित छन्

परम्परागत वेश्यावृति, वधिया प्रणाली, वहु विवाह प्रथा र पहिलो श्रीमती लाई छोरी भएर तथा सन्तान नभएको नाममा गरिने वहिस्कार, धर्मको नाममा गरिने भेदभाव, दमन, अनिच्छित गर्भधारण, छुवाछुत प्रथा, महिला लाई पहिलो महिनावारी अवस्थामा घर वाहिर अध्यारो कोठामा राख्ने चलन, सुत्केरी लाई अलग अस्वस्थ स्थानमा राख्ने, विधवालाई सामाजिक अन्तरक्रियावाट वन्चित गरिदिने र सेतो कपडा लगाउनु पर्ने ईत्यादि सवै परम्परागत स्वरुपका महिला माथी गरिने परम्परागत हिँसाका स्वरुपहरु हुन् । (ओझा, २००४)

(च) **सामाजिक हिँसा :-** महिलाहरु घर भित्रमात्र नभएर छर छिमेक समुदाय सार्वजनिक स्थलमा समेत हिँसाको शिकार हुने गरेको पाईन्छ । यस्ता हिँसाहरुमा सार्वजनिक विषयमा निर्णय लिदा महिलाहरुलाई सहभागीता नगराईने, विद्यालयमा शिक्षकवाट गरिने शारिरीक, मानसिक तथा यौन जन्य हिँसा, त्यस्तै गरि महिनावारी भएको समयमा घर भित्र एवं सार्वजनिक ठाँउहरुमा प्रवेश निषेध गरिनु, सामुहिक वलात्कार, वोक्सीको आरोप लगाई मानिसको मलमुत्र खुवाउने जस्ता कार्यहरु सामाजिक हिँसा अन्तर्गत पर्दछन् ।

समष्टीगतरुपमा भन्नु पर्दा महिलाहरु सामाजिक, शारिरीक, मानसिक, आर्थिक, धार्मिक सम्पूर्ण क्षेत्रमा हिँसाको सिकार भएको पाईन्छ । हिँसा महिला पुरुष, वालवालिका जसका विरुद्ध पनि हुन सक्छ । यस अध्ययनमा महिला विरुद्धहुने हिँसाको स्वरुपको वारे खोजी गरिएको छ । अध्ययनकै क्रममा महिला प्रति हुने हिँसाका कारणहरुलाई खोज्ने प्रयास गरिएकोछ ।

## १.२ समस्याको कथन

महिला विरुद्ध हुने हिँसा प्रत्येक क्षेत्रको एक गहन समस्याका रुपमा निहित छ । यो सामान्य तयाः परिवार देखी लिएर छर छिमेक, समाज, एवं विश्व स्तरमानै जरो गाडेर वसेको देखिन्छ । विभिन्न किसीमका हिँसाहरुले महिला हरुको जीवन निकै दुखप्रद एवं पिडादायी अवस्थामा गुज्रिरहेको छ । २१ औं शताव्दीमा प्रवेश गरि सक्दा पनि महिलाहरु घरेलुहिँसावाट पिडित छन् । विकास, शान्ति र समानताको प्रमुख वाधक का रुपमा हिँसा नै देखा पर्दछ । नेपाल  पनि एक पुरुष प्रधान समाज भएकोले हरेक क्षेत्रमा पुरुषको स्थान उच्च रहेको पाईन्छ । प्रत्येक घरपरिवारमा पनि महिला माथी पुरुषले गालीगलौज, कुटपिट तथा मानसिक,  शारिरीक यातना दिएर हिँसाको स्थितीको सृजना गरेको पाईन्छ । (चौधरी, २०६६)

छोरी श्रीमति, वुहारी, आमा, जस्ता विभिन्न प्रकारका भुमिका निर्वाहगर्ने महिला, जसले विकास प्रक्रियामा पुरुष सरहकै भुमिका निर्वाह गर्दछे, त्यस्ता व्यक्तिले समाजमा महिला भएकै कारणले गर्दा भोग्नु परेका पिडा, मर्का, यातना, तिनीहरु माथी हुने गरेका हिँसा नै यहाँ मुख्यतयाः खोजी गरिने समस्याको रुपमा रहेको छ ।

त्यस्तै, महिलामाथी हुने अर्को मुख्य समस्या भनेको भ्रुण हत्या हो । जसको कारणले उसको संसारमा आउनु अघिनै हत्या गरिन्छ । युवा अवस्थामा महिला माथीहुने हिँसामा वलात्कार, वेचविखन,जवरजस्ती मन्जुरी विना विवाह गरिदिने, खानपान लगायत घरायसी काममा समेत महिलालाई भेदभाव पुर्णव्यवहार गर्ने गरिन्छ । त्यस्तै विवाह पछि गरिने हिँसामा दाईजोको कारण गरिने हिँसा छोरीको पहिचान  गरि गरिने भ्रुण हत्या, गर्भवति महिलाले पाउनु पर्ने स्याहार सम्मारको कमि, पोषिलो खानाको कमि, वढि काममा खटिनु पर्ने शारिरीक माानसिक यातना पर्दछ भने प्रौढ अवस्थामा हुने हिँसामा घरायसी काममा शोषण गर्नु, औषधि उपचारवाट वन्चित गर्नु आदि पर्दछन् । (ढुङ्गाना, २०६७)

श्रीमतीलाई हातपात गर्नु, कुटपिट गर्नु भनेको घरेलुहिँसाको सामान्यरुपमा लिईने हिँसाको स्वरुप भित्र पर्दछ । यसलाई गाँउ घरमा सामान्य समस्याको रुपमा मुल्यांकन गरिएको हुन्छ । (SAATHI,2001)

यसरी सवकुरालाई मुल्यांकन गर्दा महिलाहरु जुन सुकै ठाँउमा पनि हिँसाको शिकार हुँदै आईरहेको देखिन्छ । यसै कारणले यस अध्ययनमा काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं ९ को मच्छेगाउ को धाप्सी टोल का महिलाहरुको सामाजिक, आर्थिक, शैक्षिक अवस्था, त्यहाँका महिलाहरु माथि हुने गरेकाबिभिन्न किसीमका हिंसाका कारणहरुलाई खोतल्ने प्रयास गरिएको छ ।

## १.३ अनुसन्धान प्रश्न

(१) समाजमा विवाहित महिलाहरुमाथि हुने लैङ्गिक हिंसाका कारणहरु के-के हुन ?

(२) सामाजिक आर्थिक पृष्ठभूमी विश्लेष गर्ने ?

## १.४ अध्ययनको उदेश्य

कुनै पनि अनुसन्धान गर्नु पहिले यसका उद्धेश्य निर्धारित गरिनु पर्ने अति आवश्यक हुन्छ । यसैकारणले यस अध्ययनका मुख्य - मुख्य उद्देश्यहरु यस प्रकार निर्धारीत गरिएका छन् ।

(१) महिला माथि हुने गरेको विभिन्न किसीमका हिंसाका कारणहरु पत्ता लगाउनु ।

(२) सामाजिक आर्थिक पृष्ठभूमी विश्लेष गर्नु ।

## १.५ अध्ययनको औचित्य

यो अध्ययन पुर्ण रुपमा काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालीका वडा नं ९ मच्छेगाउको ढाक्सी मा गरिएको स्थलगत अध्ययनमा आधारित छ । जसले यस पछि यस्तै प्रकारका अध्ययन गर्न चाहनेहरुलाई पनि सन्दर्भ सामग्रीको रुपमा काम लाग्ने खालको तथा सहयोग पुऱ्याउने किसिमको छ । महिला सशक्तिकरणमा लागि परेका विभिन्न संघ संस्थाहरु साथै महिला हिँसा विरुद्ध लाग्ने संघ संस्थाहरु, निती निर्माण कर्ताहरु तथा योजना कर्ताहरुलाई सानै क्षेत्रको भए पनि महिला माथीको हिँसाको अवस्था र कारणहरुको जानकारी दिई सोको निवारणका निम्ति टेवा पुऱ्याउन सक्ने अपेक्षाले यस अध्ययन महत्वपुर्ण देखिएको छ । साथै यस अध्ययनले काठमाण्डौ जिल्लामा हुने महिला विरुद्धमा हुने हिँसाको कारणहरुलाई लाई समेट्ने उद्देश्य लिएको हुँदा ईच्छुक राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु साथै सरकारी पक्षले पनि केहि लाभ दायिक योजना तथा कार्यक्रम वनाएर काठमाण्डौ जिल्लामा जस्तै अन्य क्षेत्रमा पनि हुने गरेका महिला हिँसालाई घटाउन सहयोगी भुमिका निर्वाह गर्नेछ ।

# अध्याय - दुई

# सन्दर्भ साहित्यको अध्ययन

## २.१सैद्धान्तिक अध्ययन

### २.१.१ उदारवादी महिलाबाद (Liberal Feminism)

Jessie Bernard(1982)कोThe Future of Marriageनामक पुस्तकमा विवाह एउटा सास्कृतिक प्रणाली हो जसले महिला र पुरुषको बीचका भूमिका निर्धारण गर्दछ । सांकृतिक रुपमा विवाह महिलाको लागि भाग्य र प्राप्तिको श्रोत(Culturally,Marriage is idealized as the destiny and source of fulfillment for women) का रुपमा लिईएको छ । संस्थागत रुपमा विवाहले  परुषको भुमिकालाई सशक्त बनाउँछ । स्वतन्त्रता प्रदान गर्दछ । विभिन्न पारिवारीक उत्तरदायित्वबाट छुटकारा दिन्छ । पुरुषको शत्ति वृद्धि गर्न सहयोग पुऱ्याउँछ र महिलालाई आज्ञाकारी, परनिर्भर, स्व-रिक्त बनाउँछ । पुरुषको विवाहले पुरुषलाई अधिकार स्वतन्त्रता प्राप्ति लगायत श्रीमतीबाट घरायसी, भावनात्मक यौन उपलब्ध गराउँछ । बिभिन्न भार र झन्झटबाट पुरुषले मुक्ति पाउँछ भने महिलाले विवाहले उनलाई सांस्कृतिक पूर्णता दिन्छ साथै शक्तिहिन, परनिर्भर, विभिन्न सेवा पूरा गर्ने आदर्शनारी, स्वतन्त्र भूमिकाबाट संकुचित बनाउँछ । यसरी  विवाह परुषको लागि राम्रो र महिलाको लागि खराब रहेको धारणाBernard ले राखेकी छन् । त्यस्तै Johan Stuart Mill(1869)को The Subjecion of Womenनामक पुस्तकमा महिलाहरु प्राकृतिक रुपमा असमान हुन्छन् भन्ने स्थापित मान्यतालाई चुनौति दिएका छन् । एक लिङ्गको अर्को लिङ्गप्रतिको कानुनी अधिनस्थ गलत हो जुन मानव प्रगतिको बाधक हो र महिलाको यस किसिमको व्यवस्थित पराधीनतालाई कुनै एक पक्षिय शक्ति वा अधिकारमा आधारित भएर होईन पूर्ण समानताको सिद्धान्तद्धारा प्रतिस्थापन गरिनु पर्छ । महिलाको पराधीनता बलको पूर्व आधुनिक कानुनमा आधारीत छ । कारण वा तर्कको आधुनिक प्रयोगमा होइन । तत्कालिन प्रणालीमा कमजोर नारीले वलियो पुरुषका अधिनस्थ रहनु पर्ने  अप्रमाणित सिद्धान्तमा आधारित थियो । उनले महिला पराधिनता र पुरुष अधिनस्थको अवस्थालाई दास र मालिकको रुपमा तुलना गरेका छन् । यस अवस्थालाई उनले घरेलु दासत्व भनेका छन् ।

उनका अनुसार दास भन्दा भिन्न एउटा महिलाले पुरुषको सेवा शारिरीक श्रमले मात्र होईन भावनात्मक रुपले पनि गर्दछन् । यसरी एउटा महिला पुरुषबाट नियन्त्रित हुन्छ ।

उदार नारीवादीहरुले महिला वा पुरुष दुबैलाई आफ्नो जीबनशैली छनोट गर्ने अवसर हुनुपर्ने र पुरुष सरह शैक्षिक अधिकार, पुरुष सरह नागरिक अधिकार तथा आर्थिक अवसर, समान पारिवारीक जिम्मेवारी, राजनीतिक तथा कानुनी सुधार, काममा समान ज्याला, समानता, स्वतन्त्रता र निर्णय गर्ने अधिकार, सार्वजनिक तथा निजी क्षेत्रमा समान पहुँच र पुनर्उत्पादन अधिकार जस्ता कुराहरुलाई अगाडि सारेका छन् ।

### २.१.२ मार्क्सवादी नारीवाद (Marxist Feminism)

मार्क्सवादी सिद्धान्त सामाजिक दमनको व्याख्या गर्ने विश्वव्यापी प्रसिद्ध र बौद्धिक सिद्धान्त हो । त्यसले वर्गीय सम्बन्ध दमन र शोषणको उजागर गर्छ । कार्ल्समार्क्स तथा एङ्गेल्स (1884) द्वारा लेखिएको पुस्तक The Origins of the family, Private, Property and the state नामक पुस्तकले मार्क्सवादी महिलावादको सम्बन्धी लेखिएको पुस्तक हो । उक्त पुस्तकमा महिला कमजोर अधिनिस्त हुनु मा जैविक पक्षको कुनै भूमिका छैन । सामाजिक व्यवस्था र सम्बन्धका कारण महिलाहरु अधिनिस्त (Subordination)अवस्थामा रहेका छन् ।जुन महिला अधिनता (Women's Subordination) परिवारमा नै निहित रहेको छ । परिवारमा पुरुष मुख्य रहने, पितृसतात्मक मूल्य मान्यताको प्रभुत्व रहने, पैतृक सम्पति छोराको नाममा हुने हुँदा महिलाको स्थान निम्न छ । महिला आर्थिक रुपमा परनिर्भर हुन्छन् । घरबाट बाहिरर काम गर्न जाने अवसर हुँदैन । महिला श्रीमानको सम्पतीको रुपमा रहन बाध्य हुन्छन् । समाजले पुरुषको प्रभुत्व र महिलाको अधिनताको परिवारलाई वैधानिक दिन्छ । त्यस्तो किसिमको सामाजिक संरचना संसारभरी नै रहेको दावी गर्दै उक्त पारीवारिक संरचनालाई प्रोत्साहन गर्दछ तर आदीम समाज, शिकारी तथा संकलन युगलाई हेर्दा परिवारमा शक्तिको लागि सङ्घर्ष नभएको र महिलाको सामाजिक हैसियत पनि सशक्त रहेको आर्थिक र सामाजिक क्रियाकलापहरु सामुहिक रुपमा सम्पादन गरिएको उदाहरणहरु पनि रहेको छ । संसारका सबै परिवारमा पुरुष प्रमुख र महिला अधिनता भन्नु गलत तथ्य हो ।

आर्थिक उत्पादन प्रणालीद्धारा नै सामजिक प्रणाली परिवर्तन हुन्छ । समाजका विभिन्न संस्थाहरुमा दमनको रुपमा उच्च हुँदै जाँदा तल्लो वर्गमा रहेका महिला केटाकेटी एवम् दासहरु सामाजिक परिवर्तनको लागि एकीकृत हुने बताएका छन् त्यस्तै निजी सम्पतीको अन्त्य नहुन्जेल सम्म महिलाहरुले विभिन्न अवसर पाउँदैनन् । त्यसैले निजी सम्पतिको अन्त्य गर्नु आवश्यक छ । कम्युनिष्ट आन्दोलनसँगै निजी सम्पतिको अन्त्य हुन्छ र महिलाले सामाजिक, राजनैतिक, आर्थिक, व्यक्तिगत स्वतन्त्रता प्राप्त गर्दछन् । वर्तमान पुँजीवाद प्रणालीमा बुर्जुवावर्ग (Bourjeois class)प्रभुत्व रहेको हुन्छ । बुर्जुवा वर्गको पुरुषको उच्च स्थान हुन्छ उसको औद्योगीक उत्पादनका उत्पादनशील सङ्गठनीक स्रोतहरुमा समीत्व रहेको हुन्छ । व्यापारीक, कृषि तथा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय व्यापारमा पहुँच रहेको हुन्छ तर गुर्जुवा वर्गका महिला सम्पतिले सम्पन्न हुँदैनन् । उनीहरु स्वयम् पुरुषका सम्पतिका रुपमा रहन्छन् । यस्तो महिलाले बाबुको सामाजिक तथा आर्थिक सम्पतिमा अधिकार जनाउने छोरा जन्माउछन् र तालिम दिन्छन् । आफ्नो वर्गका पुरुषहरुलाई भावनात्मक सामाजिक र यौन सेवा उपलब्ध गराउँछन् भने ज्यालादारी वर्गका परिवारका महिलाहरुको सामाजिक हैसियत निम्न हुन्छ ।

Lynn Bennett (1983) ले महिलाको द्वैध हैसियत एवम् स्थितिको Filiafocal model/ Pertifocal model को माध्यमबाट व्याख्या गरेकी छिन् । filiafocal modelअनुसार महिलाको हैसियत उच्च हुन्छ । माइतीमा महिलाको हैसियत सम्मानजक हुन्छ । सबै नातेदारले छोरी बहिनी, दिदीलाई पुज्दछन् । रगत सम्बन्ध (Consation relation)को नाता भित्र महिलालाई आत्मिक वा धार्मिक दृष्टिले उच्च मान्दछन् । छोरी बहिनी दिदीको हैसियत पवित्र रहन्छ । Partifocal modelअनुसार महिलाको हैसियत निम्न हुन्छ । महिलालाई पुरुषको सहयोगीको रूपमा हेरिन्छ । जब महिला विवाह गरेर श्रीमान्को घरमा जान्छिन् त्यहाँ उनको स्थिति अन्य सदस्यहरूको तुलनामा कम हुन्छ महिला पुरुषको वंश जात्रा अनुसार चल्नु पर्दछ । विवाह पछि महिलालाई यौन सम्पर्क राख्ने, बच्चा जन्माउने समाजमा पवित्रता हराउँछ भन्ने धारणा रहेकोले उनको हैसियत श्रीमान्को घरमा निम्न रहन्छ । अर्थात् श्रीमती वा बुहारीको हैसियत निम्न हुन्छ तर माइतीमा छोरी चेलीको हैसियत उच्च हुने हुनाले विभिन्न पूजा आजा, संस्कारगत कार्यमा उनीहरूलाई खुवाउने, दान दक्षिणा गर्ने चलन रहेको पाइन्छ ।

विशेष गरेर लैङ्गिक दृष्टिकोणले पुरुष र महिला बीचको खाल्डो झनै टाढिदै जानुमा के दोष छ ? आधा आकास ढाक्ने महिला पुरुष भन्दा पछि पर्नाका कारण के हो? महिलाहरूको जैविक संरचना नै यसको कारण हो या सांस्कृतिक संरचनाले महिला र पुरुष समान हुन नदिएको जस्ता प्रश्नहरूलाई यस दृष्टिकोणले प्रष्ट पार्ने प्रयास गरेको छ । हाम्रो सामाजिक संरचनामा प्रभाव पार्ने तत्वहरू भनेको परिवार, नाता, विवाह र व्यक्तिगत इच्छा र स्वार्थ, आर्थिक, सामाजिक, सास्कृतिक र धार्मिक जस्ता सामूहीक संस्थाबाट पुरुषले महिला माथि शासन गर्दै आएका छन् । जुन कारणले गर्दा महिलाहरू सधै पुरुष भन्दा पछाडि परि नै रहे । किन त यस्तो आजको शिक्षीत समाजमा पनि कायम नै रहेको छ त? भन्ने कुरालाई पनि यस शोधपत्रले यस लैङ्गिक दृष्टिकोणबाट हेर्ने प्रयास गरिइको छ ।

## २.२विश्वव्यापि सन्दर्भ

महिला विरुद्धको हिँसाले शारिरीक हिँसालाई मात्र नभएर यौनिक, मानसिक तथा संवेगात्मक हिँसालाई वुझाउछ । (SAATHI, 1997)

विश्वभरिका महिला हिंसा विरुद्धको हिंसाको कुरा गर्नुपर्दाखेरी,जिवनभरीमा एकपटक भएपनि महिला शारिरीक, मानसिक तथा यौनजन्य हिंसाको सिकार भएकै हुन्छिन् । **(**WHO,1998)

बंगलादेशमा हरेक वर्ष धोका पाएका प्रेमी र दूर्व्यवहारी लोग्नेका कारण एसिड खन्याउने २००घटना हुने विश्वास गरिन्छ । यसले स्थायी रुपमा कुरुप बनाउछ र अत्यन्त पिडा दिन्छ । धेरै महिलाहरुले आफ्नो आँखा गुमाउछन् । लोग्ने, परिवार र समूदायबाट बहिस्कृत हुने डरले पिडा र आफ्नो दुर्गति देखाउदैनन् । (एमेनष्टी इन्टरनेसनल, २०००)

सन् (१६१४) मा मार्गरेट फिलले स्कूल व्यवस्थापनमा भोट हाल्ने अधिकार मागेर महिला अधिकार आन्दोलन सूरु गरेकी थिईन् । यो आन्दोलनले धेरै कठिन चरण पार गरिसकेकोछ । सन् १९४८ मा पर्सियामा महिलाले आफ्ना अधिकारका लागि ठुलो जुलुस निकाले । त्यहाँका तत्कालीन राजाले जुलुसदेखि डराएर भोट दिने अधिकार दिन्छु भनेर प्रतिज्ञा गरे । तर पछि धोका दिए । सन् १९५० मा ब्रिटेन, १९८१ मा स्कटल्याण्ड, १९९३ मा न्युजिल्याण्ड, १९९४ मा अमेरिका, १९९५ मा अष्ट्रेलिया, १९०७ मा नर्वे, १९५१मा नेपालले महिलालाई मत खसाल्ने अधिकार दिएका थिए । (Nari, 2069).

अमेरिकामा पनि गोराहरुले कालाहरु लाई दासदासि वनाउन,वेश्यावृत्ति जस्ता अनैतिक कार्यमा लगाउन र निजी मनोरन्जनका साधनका रुपमा प्रयोग गर्दथे । हिजोआज नेपाल लगाएत विभिन्न अविकसित तथा अल्पविकसित मुलुकका महिलाहरु रोजगारिका सिलसीलामा खाडि राष्ट्र तथा मलेसीया ,सिङ्गापुर आदि ठाँउमा जाने गर्दछन् ।यस्ता महिलाहरु पनि यौन शोषणमा परेको खवर नियमित रुपमा विभिन्न पत्रपत्रिकामा पढ्न पाईन्छ । त्यस्तै हालै लण्डन स्थित मानवअधिकारवादि संस्था एम्नेष्टि ईन्टरनेसनलले वाँके जिल्लाको चिसापानिमा शाहि नेपाली शेनाले मुस्लिम युवति तनुम र तवस्लुम मुनियारलाई उनिहरुका काकालाई गिरफ्तार गर्न नसकेपनि पक्राउ गरि व्यारेकमा लगि अमानविय यातना दिई निरन्तर वलात्कार गरेको प्रतिवेदन सार्वजनिक गरेको छ ।(थापा, २०५९) ।

मथि उल्लेखित विश्वका सन्दर्भमा भएक विभिन्न अध्ययनहरुका सन्दर्भलाई विश्लेषण गर्दा यि सन्दर्भहरुमा महिलाहरु मथि हुने विभिन्न किसिमका बलात्कार, एसिड हालेर जलाउने, दासदासी बनउने,बेश्यावृत्तिमा लगाउने, विभिन्न सरकारी कर्मचारीहरुद्धारा समय-समयमा बलात्कृत हुनुपर्ने जस्ता जघन्य  अपराधहरुको सिकार बन्नुपर्ने, बैदेशिक रोजगारको नाममा विभिन्न किसिमका शोषणहरुको सिकार बन्नुपर्ने तथा विभिन्न किसिमका घटनाहरुका कारण श्रीमन, परिवार तथा समाजबाट नै बहिस्कार हुनुपर्ने जस्ता महिलाहरुमाथि हुने हिंकात्मक कुराहरु उल्लेख गर्रिको छ, जुन कुराहरु यस अनुसन्धानको उद्धेश्यहरु संगपनि प्रत्यक्ष  देखिन्छ । तर यि सन्दर्भहरुमा महिला हिंसाको विभिन्न स्वरुपहरु, कारणहरु तथा यसका रोकथमक कुराहरुको बारेमा त्यति रामौ संग प्रष्ट पारिएको छैन । त्यसैले यस अध्ययनमा यि विभिन्न विषयबस्तुहरुलाई समेत समेटेर विस्तृत रुपमा अनुसन्धान गरिएको छ ।

### २.३दक्षिण एसियाको सन्दर्भः

दक्षिण एशियाको सामाजिक सांस्कृतिक अवस्थालाई हेर्दा महिलाको स्थान निकै जर्जर र खस्कदो अवस्थामा रहेको पाईन्छ । सांस्कृतिक परिवेशलाई नियाल्दा परिवारको सदस्यमा बुहारीहरुको स्थान सबैभन्दा निम्न स्थानमा रहेको हुन्छ । यतिसम्मकी गर्भवती अवस्थामा समेत उनीहरुले भारी काम गर्नुको साथै गुणस्तरीय खानाबाट पनि बञ्चित रहेको पाईन्छ । (UNICEF, 1996 ).

करिब दुई तिहाई विवाहित भारतीय महिलाहरु घरेलु हिंसाबाट पिडित  छन् । धेरै भन्दा धेरै करिब ७० प्रतिशत जति विवाहित भारतीय महिलाहरु जो १५ देखि ४९ वर्ष भित्रका छन् तिनीहरु कुटपिट जवरजस्ती करणी वा यौन दुर्व्यहारको शिकार भएका छन् । महिला विरुद्धको हिंसाले एउटा डरलाग्दो राष्ट्रिय सामाजिक तथा कानुनी व्ववस्थाको खिल्ली उडाएको पाईन्छ । जो महिला दाईजो वा गरगहना लिएर आएकी हुन्छीन् उनी सामाजिक हिंसाबाट केही हदसम्म सुरक्षित भएको पाईन्छ । जस्तो केरलाको एक उदाहरण यहाँ लिन सकिन्छ । केरलाको एक सर्वेक्षणबाट यस्तो पाईयोकी करिब ४९प्रतिशत महिलाहरु जो संग सम्पत्ती थिएन,  तिनिहरु सम्पत्तीको अभाबमा महिला हिंसाबाट पिडित थिए भने करिब ७ प्रतिशत महिला मात्र जो संग धन सम्पत्ती थियो उनीहरु हिंसा हुन बाट  सुरक्षित थिए । त्यस्तै महिलाकेन्द्रीत परामर्श मध्ये प्रदेश प्रहरी विभाग र UNFPAको सहयोगमा कानुनी रुपमा अध्ययन गर्दा महिला हिंसामा प्राय दाईजो प्रथा, नाता परिवर्तन, बाल विवाह र जवरजस्तीकरणी जस्ता हिंसाहरु भएको पाईयो । (www.expressindia.com)

विश्वमा दक्षिण एशियालाई नियाल्कदा यहा अति नै लैङ्गिक विभेद गर्ने प्रमुख क्षेत्रको रुपमा देखिन्छ । महिला तथा केटीहरु जन्मजात प्रक्रिया अनुसार नै असमानता र विभेदबाट गुज्रीएको देखिन्छ । खास रुपमा भन्नुपर्दा दक्षिण एशिया विश्वकै सबैभन्दा खराब लैङ्गिक हिंसा अन्तर्गत पर्दछ । (UNICEF, 2001)

महिला विरुद्धकोहिंसाको मुख्य जरोलाई वुझ्नुपर्दाखेरी,निरोज सिंहा (१९८७)ले पटनाको महिला क्याम्पसमा दिएको प्रस्तुकिरणमा,महिला विरुद्धको हिंसाको मुख्य जड पितृसत्तात्मक समाज हो,जहाँ महिलालाई भुमिसंवधि कुनै अधिकार छैन।उनिहरुमाथि अवैयक्तिक व्यवहार गरिने र महिला लाई यौनजन्य मनोरन्जनका साधनका रुपमा लिईने,दाईजो प्रथाले निर्धारण गरेको महिलाको जिवन,मनुको महिला विरोधि कानुनी निती,समाजमा योग्य श्रीमती बन्नका लागि गर्नुपर्ने कार्यप्रक्रिया संवन्धिको धारणा आदिबाट बुझ्न सकिन्छकि,यस्ता कुनै कुरा छैनन् जसले दिल्लि र वम्बैका महिलालाई अन्तिममा देहव्यापार जस्ता कार्यव्यापारमा लगाइन वाध्य नपारको होस् । यसैगरी जातिय प्रणालि जसले ग्रमिण महिला तथा युबति लाई खराब चरित्र तथा नियतको सिकार हुनका लागि धेरैपटक प्रेरित गरिहेको पाइन्छ।यसप्रकारको जातजातिगत प्रणालीले महिलाई धेरै प्रकारका

हिंसाको सिकार हुन,विभेद दमनकारी नितीवाट पिडित हुन विवश गराएको प्रसस्त उदारणहरु पाईन्छन् । (Shingha, 2009).

कालान्तरमा भारतका शत्रुराजाहरुलाई मार्न तथा रिसईवी फेर्न बर्षौ लगाएर विषकन्याहरु तयार गरिन्थ्यो । यस्ता कन्याहरुको संसर्गवाट शत्रु राजाहरुको मृत्यु हुने गर्दथ्यो । यस्ता कन्याहरु पनि शोषणमै परेका महिलाहरु थिए । उदारणका लागि केहि समयअगाडि नेपाल टेलिभिजनमा चलेको“चन्द्कान्ता”वाटपनिविषकन्याहरवारे थाहा पाउन सकिन्छ । बर्तमान समयमा  पनि राजनैतिक उद्धेश्य परिपुर्तिका लागि महिलाहरुको शोषण हुने गर्दछ । यसको एउटा ज्वलन्त उदारण,भारतको दिल्ली स्थित नयना सोनिको तन्दुर ज्यान मुद्धालाई लिन साीकन्छ । जसमा राजनैतिक उद्धेश्य पुर्तिका लागि विभिन्न उच्चतहका राजनैतिज्ञहरुसंग उनको शारिरीक सम्पर्क हुने गरेको वताईन्छ । भारतमा वेलायति राज्य हुनुभन्दा पहिलेत्यहाँ धेरै राजा-रजौटाहरुथिए ।तिनिहरुलेपनि आफ्ना दरबार र महलहरुमा धाई,शुसारे,केटी,जवारी र मुसलमान राजाका दासिहरु आदिका नाममा राखेका प्रायजसो महिलाहरु यौन शोषणका सिकार हुने गर्दथे । त्यस समयमा भारतवाट फिजि, मलेसिया,पुर्वि अर्फिका तथा कारेवियन क्षेत्रतिर महिला हरुलाई नगदे खेतिका लागि दासी तथा बधुवा मजदुरका रुपमा पठाउने गरिन्थ्यो । ति महिलाहरु मध्ये स्वस्थ र सुन्दर महिलाहरलाई वेश्यावृत्तिका अनैतिक कार्यमा लगाईन्थ्यो । यसरी महिलाहरु स्वदेसमा मात्र शोषित नभई विदेसमा पनि स्वसित हुनपुग्दथे । आजकाल नेपाली चेलिहरुलाई वेश्यावृतिका लागि भारतमा मात्र सिमित नभई पाकिस्तान,बंगलादेश,हङकङ,व्यङ्कक र विभिन्न अरव देसहरुमा पनि पुऱ्याउने गरिन्छ ।यस कार्यका लागि स्वदेशदेखि विदेशसम्म वलियो सञ्जाल विच्छ्याईएको छ। (थापा, २०५९) ।

प्रस्तुत दक्षिण एसियाका सन्दर्भमा माथि माथि उल्लेखित सन्दर्भहरुलाई विश्लेषण गर्दा यि अध्ययनहरुमा महिलाहरुको सामाजिक स्तर खस्कदो रहेको तथा महिलाहरुलाई गर्भवति भएको वेलामा समेत गुणस्तिरिए खानाको अभाव भएको कुरा उल्लेख गरिएको छ । साथै यि अध्ययन तथा सन्दर्भहरुमा महिलाहरुमाथि हुने विभिन्न किसिमका घरेलु हिंसाहरु जस्तैः कुटपिट, यौन दुर्व्यवहार, जवरजस्ती करणीका साथै वालविवाह, दाइजोप्रथा, नाता परिवर्तन आदी कारण हुने गरेका शारीरिक, मानसिक, सामाजिक हिंसाहरुका बारेमा समेत प्रष्ट रुपमा उल्लेख गरेको छ । जुन कुरा नेपाली समाजका महिलाहरु मथि हुने

गरेकाविभिन्न हिंसाहरु यस अध्ययनको मुलभुत उद्धेश्यसंग प्रत्यक्ष रुपमा सम्बन्धित रहेका छन । तर यि अध्ययनहरुले महिला हिसांको मुलभुत कारणहरु र यसलाई कसरि नियन्त्रण गर्न सकिन्छ भन्ने कुराहरुमा त्यति गम्भिर रुपमा प्रश्नहरु उठान गरिएको पाइदैन । त्यसकारण माथि उल्लेखित महिला हिंसाका विभिन्न स्वरुपहरुका साथै अन्य थप कुराहरु जस्तै यसका कारण महिलाहरुले समाजमा भोग्नु परेका समस्याहरु, महिला हिंसा नियन्त्रणका लागि सम्बन्धित निकायहरुले गर्नुपर्ने पहलहरुका बारेमा पनि थप अनुसन्धान गरि एउटा ठोस निश्कर्षमा पुग्न यस अनुसंधानले महत्वपुर्ण भुमिका निर्वाह गर्नुपर्ने छ ।

## २.४नेपाली सन्दर्भ :

नेपालमा महिला तथा युवतिहरु विरुद्धको हिंसाको सन्दर्भमा भन्नुपर्दा खेरि हिंसा सवै वर्ग र उमेर समुहका महिलाहरुमा निहित छ । लैङ्गिक हिंसाले सामाजिक आर्थिक विकासमा वाधा पुऱ्याँउछ । अहिले सम्मपनि हाम्रो समाजमा परम्परागत मुल्यमान्यता, अन्धविश्वास, कुप्रथा र कुरिति निहीत छ । यसप्रकारको विश्वासले कैयौ महिलाहरुलाई बोक्सिको आरोपमा हिंसात्मक व्यवहार गरेको पाईन्छ । यसप्रकारको हिंसात्मक व्यवहारले महिलाको शारिरीक,मानशिक,अवस्थामा चोट पुऱ्याउने मात्र नभएर उनिहरुलाई समाजवाटै निष्कासित हुनुपरेको अवस्था छ । विगतको माओवादि जनयुद्धको समयमा कैयौ महिलाहरु विरुद्ध हिंसा हुने गरेको पाईएको छ । विगत सात वर्षको जनयुद्धको समयमा महिला तथा युवति हरु प्रतेक्ष तथा अप्रतेक्ष रुपमा यौन शोषण तथा अन्य शारिरीक,मानशिक हिंसाको शिकार भएको पाईएको छ । माओवादि जनयुद्धको समयमा यसको असर जब घर-घरमा पुगेका थियो तब घरका पुरुष सदस्य घर छाडेर अन्यत्र सुरक्षाको लागि घरवाहिर जानुपरेको थियो । यस समयमा घर व्यवहार देखि बालबच्चाको हेरविचार सबै महिलाको टाउकोमा थोपरिएको थियो। यतिमात्र कहां होर महिलामात्र घरमा बस्नुपर्दाको अवस्थामा कतिपय सरकारी सिपाहि,फौजि तथा गैरसरकारी नामक हिंस्रक कर्मचारीका नाममा ग्रामिण भेगका महिला हरु यौन तथा अन्य हिंसाको सिकार हुन बाध्य भएको अबस्था थियो । महिला लाई पद्धतिगत पुर्ण तरिकाले युद्धको भार बनाएर मारिने, यौन दुर्व्यवहार गरीने,विभीन्न किसीमको यातनाहरु दिने, जवरजस्ती यौन शोषण तथा बलात्कार गरिएको थियो । यसप्रकार युद्धकालिन् समयमा पनि मुख्यतयाः महिला विरुद्ध अनेक प्रकारले हिंसा गरेको पाईन्छ।(Silwal Deep.Adobe acrobat document)

हाम्रो समाजमा महिलामाथि हुने हिंसाको स्वरुप ज्यादै क्रुर र अमानविय देखिन्छ । घर घरमा हुने यस्ता घटनालाई नियन्त्रण गर्न कानुन नै नभएको पनि होईन, कानुनमा पीडकलाई सजाय गर्ने व्यवस्था पनि छ । कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई ३००० रुपैया देखि २५००० रुपैया सम्म जरिवाना वा ६ महिना कैद वा दुबै सजाय पनि हुन सक्ने व्यवस्था रहेको छ । तर त्यसको कार्यन्वयन व्यवस्था निकै कमजोर देखिन्छ ।अधिवक्ता सविनश्रेष्ठ भन्दछन्, घरेलु हिंसा रोक्न कानुन संगै यसको व्यवहारिक पक्ष फितलो र कमजोर छ । कानुनमा हिंसा विरुद्ध उजुरी गर्ने निकाय तोकीएको छ तर उजुरी गरेपछिको बाताबरण सहज छैन । अधिवक्ता सविनका अनुसार उजुरी पछि कहाँ बस्ने अनि कहाँ जाने भन्ने समस्याले पिडीतलाई कमजोर बनाएको छ । उजुरी दिईसकेपछि पिडीत त्यहि घरमा बस्न संभब हुदैन र सरकारले गरेको आश्रय स्थलको व्यवस्था पर्याप्त छैन । जसले पिडीतको मनोबल घटेको छ भन्ने अधिवक्ता सविनको विश्लेषण रहेको छ । (**श्रेष्ठ २०७०/२**)

यसैप्रकारले दुई दसकदेखि लैङ्गिक हिंसाका क्षेत्रमा कार्यरत साथी संस्थाकी अध्यक्ष बन्धना राणाका अनुसार पछिल्लो समयमा महिला हिंसाका सम्बन्धमा महिलामा पनि केहि चेतना जागेको छ । तैपनि घरेलु हिंसालाई रोक्न सकीएको अवस्था रहेको छैन । अझै पनि धेरै महिलाहरुमा हिंसा सहनुपर्छ भन्ने धारणा रहेको छ । आर्थिक रुपले सवल नभएका कारण महिलाहरु हिंसा सहन बाध्य छन् । यस्तै शिक्षा र रोजगारी पनि छैन । यसप्रकारले आत्मनिर्भरताको लागि विकल्प नभएकोले महिलाहरु हिंसा विरुद्ध आवाज उठाउन सकेका छैनन् । पितृ सत्तात्मक सोत महिला पुरुष दुबैमा हावि छ । सरकारले कानुन र कार्यनिती बनाएपनि कार्यन्वयन पक्ष कमजोर छ । हिंसा पिडीतका लागि आश्रय स्थल बनाईएको छ जसमा एक महिना सम्म आश्रय दिने व्यवस्था पनि छ तर व्यवहारिक रुपले पर्याप्त छैन भन्ने विचार व्यक्त गर्दछन् । जसबाट पनि महिलाहरु हिंसाको चपेटामा रहन वाध्य पारिएको कुरा प्रष्ट देख्न सकिन्छ । (**राणा, २०७०**)

राष्ट्रिय महिला आयोगको तथ्याकं अनुसार नेपालमा ४८ प्रतिशत महिला आफ्नो जिवनकालमा कुनै न कुनै हिंसा बाट पिडीत हुन बाध्य छन् । महिला हरु माथि हुने धेरै जसो हिंसा मानशिक, शारिरीक र यौनजन्य छन् । आर्थिक वर्ष ०६८ /०६९ मा राष्ट्रिय महिला आयोगमा महिला माथि हुने हिंसा विरुद्ध परेका १७१ वटा उजुरी हरु मध्ये ८४ वटा घरेलु हिंसा संग सम्वन्धित छन् । यस्तै प्रधान मन्त्रीको कार्यलय लैङ्गिक हिंसाको ईकाईमा

परेका २१४ उजुरी मध्ये ४० वटा घरेलु हिंसाका छन् । प्रहरी प्रधान कार्यलयको तथ्याकं अनुसार साउन देखि यता लैङ्गिक हिंसाका ७१८ वटा उजुरी परेका छन् । यी तथ्याकंले नेपालमा महिलाहरुमाथि हुने हिंसाको कुरुप तस्वीर प्रस्तुत गर्दछ ।

दसक लामो सशस्त्र द्धन्द्ध अन्त भएपछि पनि नेपाली घर आगनमा हिंसा रोकीएको छैन । जतिबेला सशस्त्र द्धन्द्ध उत्कर्षमा थियो त्यतिबेला हिंसा कि राज्य पक्षले गर्दथ्यो कि माओवादिले । तर अहिले हिसांको सिकार महिला भएका छन् अनि हिंसा गर्ने तिनका आफन्त । अहिले हिंसाको स्वरुप तथा स्रोत बदलिएको छ ।

यस प्रकारले महिलामाथि हिंसाका घटनाहरु बढ्दै गएपछि २०६८ साल फाल्गुन ११ गते तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराईले अन्तर मन्त्रालयमा बैठक डाकेर महिलाहरुमाथि हुने गरेका हिंसा रोक्न अल्पकालीन र दिर्घकालिन उपाय अवलम्वन गर्न दिर्देसन दिनुभयो । हिंसा पिडीतको उजुरी परेका लागि २४ घन्टा भित्र कारवाहिको व्यवस्था पनि संबोधन हुन सकेको छैन । बरु महिला हरु माथि भएका घटना हरु बढ्दै गएका छन् । हाम्रो सरकारले निकै उत्साहका साथ गरेको वैठक अनि निर्देशन पछि पनि नेपालमा हिंसाका घटनाहरु कम भएका छैनन् । दिउसै महिला माथि सामुहिक बलात्कार भएका छन् । महिला एकापरिवारका सदस्य हरुबाट दिउसै जलाईएका र कुटिएका छन् । २०६८ सालमा १५२ महिलाको हत्या भयो, २११ महिला बलात्कृत भए भने १२ जनाले आत्महत्या गरेका छन् । २३ जना महिला लाई आफ्नै परिवारका सदस्य बाट बलात्कृत भएको तथ्याकं छ । ७५ जना महिला लाई बोक्सीको आरोप लगाउदै यातना दिईयो पछिल्लो समयका उदाहरहण हेर्ने हो भने पनि गत माघमा मात्र १७४ जना महिला हरुले विभिन्न किसीमका हिंसा खेप्नुपरेको देखिन्छ । जसमध्ये ७५ जना महिला घरेलु हिंसाको सीकार भएका थिए भने १५ जनाको हत्या भयो । २०७० माघमा मात्र ४१ वटा बलात्कारका घटना सार्वजनिक भए अनि सात जना माथि सामुहिक बलात्कार भएको तथ्याकं छ । तथ्याकं केलाउने हो भने २०७० को पुष सम्ममा ९० जनाको महिलाहरुको हत्या भएको प्रहरीको तथ्याकंमा रहेको छ । गैर सरकारी संस्था ओरेकले त अहिले सम्म १६८ जनाको हत्या भएको डरलाग्दो तथ्याकं प्रस्तुत गरेको थियो । अझ देशभर प्रहरी मा परेको महिला हिंसा संवन्धि उजुरी मात्रै ३७४९ वटा रहेका छन् । राष्ट्रिय महिला आयोगकी अध्यक्ष शेषचाँद ताराका अनुसार, दण्डहिनताले नै हिंसा रोकिन नसकेको हो र हजारौ यस्ता घटना त सार्वजनिक नै हुदैनन् । किनभने यसप्रकारका घटना

बाहिर सार्वजनिक भएका समाजमा आफ्नो परिवारका बदनाम हुने डरले यसप्रकारका हिंसाका घटना बाहिर ल्याईदैनन् । तर केहि समय अघि पुर्ब सभासद समुहको कार्यक्रममा प्रधानमन्त्री कार्यलयका सचिव राजुमानसिंह मल्लले भने हिंसाका घटना नियन्त्रण र घटनाको दोषीलाई कारबाहिको प्रयास जारि राखेका बताएका थिए । प्राप्त तथ्याकं अनुसार महिला माथि भएका हिंसाको ठुलो हिस्सा घरेलु हिंसाले ओगटेको देखिन्छ । पछिल्लो तथ्याकं हेर्नेहो भने माघमा भएका १७४ वटा महिला हिंसाका घटना मध्ये ७५ वटा घरेलु हिंसा संग संवन्धित भए । यसैगरि पुषमा १५६ वटा महिला हिंसाको घटना भएको मा ६८ जना महिला घरेलु हिंसाबाट पिडीत थिए । (**गिरी,** २०७० /२)

**कार्यस्थलमा हुने योनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१**

कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरि कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतात्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्य स्थलमा योनजन्य आसयले शरिरको कुनै अंङ्गमा छोएमा वा छुने प्रयास गरेमा, अस्लील तथा योनजन्य कृयाकलापसग सम्वन्धित शव्द, चित्र, पत्रपत्रिका, श्रव्य दृश्य प्रदर्शन गरेमा, यौनजन्य कृयाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा र हैरानी दिएमा यौनजन्य दुर्व्यवहार भएको मानिने छ (नेपालसरकार,२०७२) ।**नेपालको संविधान २०७२**

नेपालको संविधान २०७२को भाग ३मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ , मा समानताको हक को(१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनछन् । (२) सामान्य कानुनको उपयोगमाउत्पति, धर्म,वर्ण,जात,जाति, शारीरिक अवश्था, अपा¨ता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावश्था,आर्थिक अवश्था, भाषा, वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (४) समान कामका लागि लैंगिकआधारमा पारिश्रमिक तथा समाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । (५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने छर धारा २९ को शोषण विरुद्धको हक अन्तर्गत (१) प्रत्यक व्यत्तिलाई शोषण विरुद्धको हक हुनेछ । (२) धर्म, प्रथा, परम्परा,संकार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यत्तिलाई कुनै किसिमले शोषण गर्न पाईने छैन । (३)कसैलाई पनि बेचबिखन गर्न, दास वा वाँधा बनाउन पाईने छैन । (४) कसैलाई पनि निजको इच्छा विरुद्ध काम लगाउन पाईने छैन ।त्यसै गरि धारा ३८ महिलाको हक : (१) प्रत्येक महिलाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ । (२) प्रत्यक महिलालाई

सुरक्षित मातृत्व प्रजजन स्वास्थ्य सम्बन्धित हक हुनेछ । (३)महिला विरुद्ध धार्मिक,सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने त्यस्तो छैन । कार्य कानुन बमोजिम दण्डनिय हुनेछर पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (४) राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर गर्ने हक हुनेछ । (६) सम्पत्ति र पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । जस्ता कानुनी व्याबधानहरू रहेको छन् (नेपालको संविधान,२०७२) ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरु भए कानुनहरु विभिन्न समयमा विभिन्न प्रकारका बनेका छन् ।कानुनमहिला हकहित माथि बनेका छन् । यि कानुहरुले महिलाहरुलाई धेरै अधिकारहरु प्रदान गरेको छ । २००४ सालका संविद्यान बन्यो तर लागु भएन । त्यो भन्दा पछाडि २००७ सालमा राणा सासन बिरुद्ध आन्दोलन भयो । उक्त आन्दोलन सफल पछि राजा त्रिभुबनबाट नेपालको अन्तरीम शासन विधान २००७ लागु भयो । यस संविद्यानले प्रथम पटक महिलालाई अधिकार प्रदान ग-यो। स्त्री पुरुषलाई समान कामको लगि समान ज्याला , लिङ्गको आधारमा भेदभाद नगर्ने भनेर । त्यस्तै अरु संबिद्यान तथा ऐन कानुन बने तर कार्यन्वयन नहुनुको मुख्य कारण कानुन बनाउने हातहरु र बनेका कानुनहरु लागु गर्ने तथा योजना बनाउने ठाउँमा महिला नेतृत्व नभएका कारण महिलाहरुले अधिकारको महशुस गर्न पाएका छैनन् । घरेलु हिसां बिरुद्ध कसुर सजाय ऐन बने, सबै किसीमका भेदभाब उन्मुलन सन्धिमा पनि नेपालले हस्ताक्षर गरे । महिलालाई ३३ प्रतिशत सहभागिता गराउने सुनिश्चित गरीयो तर पनि महिलाहरु माथि हंसाका घटनाहरुले देखाउछ , बिभिन्न अध्ययन अनुन्धानहरुले देखाए अनुसार नेपालमा महिलाहरु सुरक्षित छैनन् ।

महिला घरेलु हिंसा सम्बन्धी सन्दर्भ साहित्यलाई अवलोकन सैद्धान्तिक अध्ययन र पूर्व अध्ययनको समिक्षा लाई हेरिएको छ । सैद्धान्तिक अध्ययनमा महिलावादी लेखलाई राखिएको छ । जसमा अतिवादी नारीवाद, मार्क्स वादी नारीवाद र उद्धारवादी नारीवादको लेखहरुलाई राखिएको छ । अतिवादी नारीवादले महिलाहरु जैविकीय कारणले गर्दा नै पछाडि परेका र हिंसामा परेका हुन जबकी महिलाहरु शारीरिक रुपमा कमजोर भएका कारण र

महिलाले बच्चा जन्माउने भएकाले महिलालाई बच्चा जन्माउने मेशिनको रुपमा हेरिने र त्यही लिङ्गको आधारमा श्रम विभाजन गरिने भएकोले प्रजनन कार्यमा महिलाहरुको अधिकार हुनुपर्ने विचार पाइन्छ भने उद्धारवादी लेखमा महिला शारीरिक र मानसिक रुपमा पुरुष भन्दा कमजोर हुन्छन् भन्ने समाजको मूल्य मान्यता, प्रथा र परम्पराले गर्दा महिला हिंसामा पर्न बाध्य छन् । तसर्थ यस मूल्य मान्यतालाई चिर्दै पुरुष सरह समान अधिकार दिनुपर्ने जोड दिएको छ र मार्क्सवादी नारीवादी लेखहरुमा पुरुष शासक र महिला शासित हुने पैतृक, सम्पत्तीमा छोराको मात्र अधिकार हुने र महिला परनिर्भरता रहनुपर्ने भएकोले नीजि सम्पत्तिको अन्त्य हुनुपर्नेमा जोड दिएका छन् ।

आदिम समाजमा महिलाहरु पुरुष सरह थिए अझ महिलाहरुको स्थान उच्च थियो । विस्तारै समाज अगाडि बढ्दै जाँदा बर्बर समाजमा आइपुग्दा महिलाहरुको स्तर खस्कीन थाले । पुरुषका लागि महिला नीजि सम्पत्ति बन्दै गए सभ्य समाजमा महिलाहरु झनै हिंसाको सिकार बन्दै गए । त्यसपछि दास सामन्त युग हुँदै पुजीँवादमा महिलाहरु मालिकहरुको किन बेचको साधन बने । साथै महिलाहरुलाई धर्मको नाममा पुरुषलाई सेवा गर्नुपर्छ, सेवा गरे स्वर्गमा वास पाइन्छ भनेर सिकाइए । लिच्छविकाल तिर आएर राजा मानदेवले आफ्नै आमालाई सति जान बाट रोकेका थिए भने आफ्नि श्रीमतिको नाममा मुद्रा छापेको देख्दा महिलाहरुको स्थान अलि सुध्रिएको देखिन्छ । पूर्व मध्यमकालमा बहुविवाह प्रथाले जरो गाडेको देखिन्छ । राजाहरुले एक भन्दा बढी श्रीमती ल्याएको अभिलेखहरुमा उल्लेख छ । आधुनिक कालमा आएर बोक्सीको आरोप व्यापकता बढेको र विधवाले पुनः विवाह गर्न नहुने प्रचलन थियो । चन्द्र शम्सेरले पूर्णतः सति प्रथा हटाइएको थियो । विस्तारै महिलाहरु सचेत हुन थाले अधिकारका कुराहरु उठाइन थाले संविधान जस्ता महत्वपूर्ण कुरामा महिलाहरुको कुरा उठाइए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नारी अधिकारका कुराहरु उठाइए ।

संयुक्त राष्ट्रसंघको वडापत्रमा महिलालाई लिङ्गको आधारमा भेदवाभ गरिनु हुँदैन । समान कामका लागि समान ज्याला पाउने कुरा उल्लेख गरिएको छ साथै महिला विरुद्धको सबै प्रकारका भेदवाभ उन्मुलन गर्ने महासन्धीमा राजनीतिक, आर्थिक, सामाजिक, संस्कृतिक र लिङ्गको आधारमा भेदभाव नहुने कुरा उल्लेख गरिएको छ । सन् १९९५ मा बेइजिङमा सम्पन्न भएको चौथो विश्व महिला सम्मेलनले समानता तथा महिला सशक्तिकरणको

क्षेत्रमा विद्यमान समस्याहरुलाई सम्वोधन गरेको थियो । नेपालमा पनि २००७ सालको संविधानमा पहिलो पटक महिलालाई समान अधिकार दिइएको थियो भने अन्तरिम संविधान २०६३ मा ३३ प्रतिशत महिलालाई सहभागिता गराउनु पर्ने कुरा उल्लेख छ । त्यस्तै नेपालको संविधान २०७१ ले महिलाहरुलाई मौलिक हक सम्बन्धी विभिन्न प्रावधानहरु जस्तै उत्पति, धर्म, वर्ग, जातजाती, शारीरिक अवस्था, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था, सामाजिक सुरक्षा, पैतृक सम्पत्तिमा महिलाको हक, शोषण विरुद्ध हक सम्बन्धी कुराहरु उल्लेख गरेर महिलाहरुको हक अधिकारको वारेमा निकै प्रभावकारी कानुन बनेको छ ।

यति धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरु बने तापनि विभिन्न संघसंस्थाले अध्ययन गरेको प्रतिवेदन अनुसार महिलामाथि हिंसा घट्नेहोइन झनै बढीरहेको देखाएको छ । घरभित्र हुने हिंसाले झनै ठूलो रुप लिँदै गएको छ । महिलालाई कमजोरी निचको रुपमा हेर्न छाडिएको छैन । महिला भनेको पुरुषका सहायक हुन र परिवारमा बुहारीले सहेर सबैको हितमा काम गर्नुपर्ने, बोक्सीको आरोपमा जल्नुपर्ने, दिसा खानुपर्ने, पुरुषहरुले जति शारीरिक मानसिक हिंसा गरेपनि सहेर वसेको घटनाहरु धेरै आएको छन् ।समाजमा छोरालाई मात्र सम्पत्ति दिने किनकी उसले कुल थाम्ने र बावु आमाको मृत्यु पश्चात काजकिया गर्ने भएकोले छोरालाई महत्व दिइएको छ । पुरातन हिन्दु धर्मले जरो गाडेर रहेको समाजमा महिला विरुद्धको हिंसा धेरै हुने गरेको लेख तथा अध्ययनहरुले देखाएको छ ।

२००१ को जनगणना अनुसार घरपरिवार बाट बाहिर भएका महिला हरु संग प्रश्न गरिएको थियो, जो विभिन्न कारणले बाहिर जान बाध्य थिए । त्यसको तथ्याकींय विवरण अनुसार ८२७१२ जना महिला हरुको जनगणनाको समयमा उपस्थिती नरहेको देखिएको थियो ।(CBS 2003, vol 2$^{nd}$. 108)।

यी मध्येबाटपनि ४० प्रतिशत विना कारणले र जम्मा १४.४ प्रतिशत मात्र विवाह भएर गएको पाईएको थियो । (Achrya.et.al 2004)।यसप्रकार विना कारण नै महिला हरुको अनुपस्थितीले महिलाहरु विविध कारणबस प्रलोभनमा फसेर बेचिएको हुनसक्ने संभावना देखाईएको थियो । अन्यथा महिला अनुपस्थितिको खास कारण उल्लेख हुनुपर्ने थियो । (भण्डारी,२००४)

महिला हिंसा विरुद्धको पद्मकन्या क्याम्पसमा गरेको व्यक्तिगत अध्यनमा ११० नमुना छनौट गरि ३० जना क्याम्पसका विद्यार्थिलाई अर्न्तवार्ताका लागि छानेकी थिइन्, जसले यि छानिएका विद्यार्थिमध्ये धेरै जसो विद्यार्थि उनिहरुको जिवनमा कम्तिमा एक पटक भएपजि हिंसाको शिकार कुनै न कुनै प्रकारले हुने गरेको प्रष्ट्याएकी छन् । यद्यपि उनिहरुमा हिसां संवन्धि राम्रो ज्ञान रहेको प्रष्ट छ । उनले कयौ युबतीलाई सार्वजनिक स्थलमै हिंसाको अनुभब रहेको पनि प्रष्ट पारेकी छन् ।लैङ्गिक हिंसाको कारण धेरैजसो घरेलु हिंसा हो । जो मुख्यतया पुरुषले महिला माथि उनिहरु कमजोर भएकै कारणले प्रत्यक्ष ति महिला हरुलाई हिंसाको सिकार बनाउने गर्दछन् ।(Bhandari 2004)।

३२१० महिलाहरुले १५ बर्ष पहिले नै विवाह गर्ने गरेको पाईन्छ । यि मध्येपनि धेरै महिलाहरु घरभित्रकै काम तथाकृषि कार्यमा ब्यस्त रहने गर्दछन् ।सामान्यतया २००१ को जनगणना अनुसार ८.९ प्रतिसत महिलाहरु मात्र गैर कृषिजन्य कार्यमा सहभागि पाईएको छ। जे घरभित्रकै काममा ब्यस्त छन् । उनिहरुको नगद आम्दानीको कुनै श्रोत हुदैन । धेरैजसो महिलाहरु आर्थिक रुपमा आफ्नो श्रीमानमा नै निर्भर रहन्छन् । यो एउटा महिला विरुद्धको हुने घरेलु हिंसाको मुख्य कारण मानिएको छ ।(SAATHI 1998)

कुनै ऐन कानुनमा सुधार गर्दैमा महिलको उत्थान तथा विकाश हुने पनि होईन । विभिन्न गरिवि अशिक्षा, अज्ञानता, पछौटेपन, गलत परम्परा, सामाजिक एवं धार्मिक कुरिती र कुसंस्कार तथा अचेतना लाई घटाउन पनि त्यत्तिकै प्रभावकारी कदम चाल्नपर्ने आवश्यकता छ । जवसम्म यि समस्याको निराकरण हुदैन तवसम्म महिलाहरु लाई हेर्ने सामाजिक दृष्टिकोणमा पनि परिवर्तन आउदैन । तसर्थ अशिक्षीत नारीलाई शिक्षीत बनाई परिवर्तित सामाजिक मुल्य र मान्यता तथा मानव अधिकारवादि सोच र दृष्टिकोणका आधारमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाब र असमानता हरु घटाउने कार्य गर्नुपर्दछ । महिला हरुलाई कम्तिमा पनि पुरुष सरह विकास नगरेसम्म महिला अधिकार तथा मानव अधिकारको चुनौति रहिनै रहनेछ । यसमा समयानुकुल परिवर्तन समाजको माग हो । ( कुसुम, २०६९)।

**महिलामाथि हुने विभिन्न हिंसाको स्वरुप तथा स्थिती, यसका प्रकार र कारणहरुको संक्षिप्त विवरण**

हाम्रो नेपाली समाजमा हिंसाका विभिन्न स्वरुपहरु विद्यमान छन् । जसमध्ये, कतिपय महिला हरु विबाह पुर्ब नै हुने हिंसाबाट पिडित हुन्छन्, कतिपय महिला हरु विवाह पश्चात आफ्नै जोडिबाट हुने हिंसाबाट पिडित हुन्छन्, कतिपय संबन्ध विच्छेद पछि , कतिपय श्रीमानको मृत्युपछि पनि हिंसाबाट पिडित हुने गर्दछन् । महिलालाई जिबनभर कुनै न कुनै किसीमको हिंसाको सामना नमरुन्जेल सम्म गर्नु परिरहेको हुन्छ ।

यस प्रकार विवाह पुर्ब हुने हिंसाबाट कतिपय युबति हरु पिडित हुने गरेका छन् । सामान्यतयाः हाम्रो नेपालि सन्दर्भमा शारिरीक सम्पर्क विवाह पछि मात्र हुने गर्दछ । विवाह पुर्ब हुने पहिलो यौन सम्पर्क जबरबस्ती हुने गरेको NDHS 2011 को सर्वेक्षणले पुष्टि गरेको छ । १६ प्रतिसत मानिसहरु जो २५ बर्ष अर्थात यो भन्दा बढि उमेर भएपछि यौन सम्पर्क हुने गर्दछ । जो सामान्यतयाः विवाह पछि हुने श्रीमान संगको यौन सम्पर्कमा पर्दछ । यस संग तुलना गरि हेर्दाखेरी ४७ प्रतिसत महिला हरु जो १५ बर्षको उमेर भन्दा पहिले आफ्नो ईच्छ्या नहुदा नहुदैपनि यौन सम्पर्क राख्न बाध्य भएको देखिन्छ । जसलाई महिला माथिको हुने यौजन्य हिंसाको रुपमा लिईन्छ ।

यस्तै गर्भावस्थामा पनि महिला हिंसाबाट पिडित रहेका हुन्छन् । वृद्ध महिला हरुको तुलनामा १५ देखि १९ बर्षका महिला हरु यसप्रकारका हिंसाबाट पिडित भएका हुन्छन् । जसमध्ये सबभन्दा बढि तराई क्षेत्रका महिला ९ प्रतिशत , संबन्ध विच्छेद भएका छुट्टिएका ७ प्रतिशत, शहरी क्षेत्रका ४ प्रतिशत र अन्य पहाडि तथा हिमाली क्षेत्रका ४.५ प्रतिश महिलाहरु पर्दछन् ।

शिक्षीत महिला हरुको तुलनामा अशिक्षीत महिला हरु बढि मात्रामा गर्भाअबस्थामा हुने हिंसाबाट पिडित हुने गरेको देखिन्छ ।

यसैगरी विवाह पछि आफ्नो श्रीमानद्धारा गरिने नियन्त्रित ब्यवहार पनि महिला विरुद्ध हुने हिंसा हो । जसअन्तर्गतका व्यवहार हरुमा श्रीमानले श्रीमतिलाई अन्य मान्छेसंग कुरा गर्दा डाह गर्ने, रिसाउने श्रीमतिलाई आबश्यक खर्च नदिने, पारिवारिक सम्पर्कबाट रोक लगाउने, आफुप्रति बफादार नरहेको आरोपमा कुटपिट गर्ने, अन्य महिला साथिसंग मिलजुल

गर्न नदिने जस्ता व्यवहार गरिन्छ । यसप्रकारले आफ्नै श्रीमान बाट विभिन्न बहानामा हिंसा हुने गर्दछ । जसअन्तर्गत २३ प्रतिशतलाई शारिरीक, १४ प्रतिशतलाई यौनजन्य र १६ प्रतिशतलाई संवेगात्मक हिंसा हुने गरेको देखिन्छ ।

यसप्रकारले १५ देखि ४९ बर्षको उमेर भएका महिला हरु जो अति सामान्य हिंसाको स्वरुपमा २० प्रतिशत कहिल्लै विवाहित महिला लाई लछार्ने, पछार्ने, १६ प्रतिशत लाई धकेल्ने, पछाडिबाट धक्का दिई लडाउने, पछार्ने, फ्याक्ने, र १४ प्रतिशलाई जवर जस्ती यौन सम्पर्क कायम राख्न बाध्य पार्ने गरेको पाईन्छ ।

यसप्रकारले महिला माथि हुने गरेको हिंसा महिलाको उमेर र बच्चा संख्या वृद्धि संगै बढ्दै गईरहेको देखिएको छ । यसैगरि बेरोजगारको तुलनामा पैसाको लागि रोजगारी गर्ने महिला माथि बढि मात्रामा यसपैकारको हिंसा हुने गरेको देखिन्छ । यसैगरि शिक्षीतको तुलनामा अशिक्षीत महिला बढि मात्रामा यसप्रकारको हिंसाबाट पिडित हुन्छिन् ।

यसप्रकार श्रीमान द्धारा श्रीमति माथि हुने गरेका हिंसाका मुख्य मुख्य कारण हरु छन् जुन यसप्रकार रहेका छन् ।

श्रीमानको अल्कोहल पिउने बानिले सृजना गर्ने  संवेगात्मक , शारिरीक र यौनजन्य हिंसाको अत्यन्त प्रभाबकारी संवन्ध रहन्छ ,किनकि अल्कोहलिक श्रीमान भएका महिला हरु अल्कोहल नपिउने श्रीमान भएका महिलाको तुलनामा बढि मात्रामा हिंसाको शिकार हुने गरेको पाईन्छ । विवाह पछि महिलामाथि हुने पहिलो शारिरीका तथा यौनजन्य हिंसा आफ्नो श्रीमान बाट नै सुरु हुने गरेको देखिन्छ । यसप्रकारका हिंसा महिलाले विबाह गरेको १ देखि २ बर्ष भित्रबाट नै हुने गरेको देखिन्छ।

१५ बर्ष देखि ४९ बर्ष सम्मका महिलाहरु जो आफ्नो श्रीमान बाट हुने शारिरीक तथा यौनजन्य हिंसाको कारण बाट हुने कस्ता कस्ता चोटपटक बाट कति पिडित छन भनि सोधखोज गर्दा ३ प्रतिशत महिला लाई काटिएका, घाउ चोटपटक लगाइएको पाईयो । १० प्रतिशतलाई आँखामा चोट लगाईएको पोलिएको पाईयो र १० प्रतिशलाई गहिरो घाउ लगाईएको हाड भाचिनेगरि पिट्ने गरेको,दाँत भाचिएको अर्थात गंभिर चोटपटक लगाईएको पाईयो । ३८ प्रतिशत महिला हरुजसलाई शारिरीक अर्थात यौनजन्य हिंसाको अनुभब रहेको

छ यी महिला हरु एक अर्थात एक भन्दा बढि यस प्रकारका हिंसाबाट पिडित हुने गरेको पाईन्छ ।

सामान्यतयाः हिसा महिलामाथि नै बढि मात्रामा हुने देखिन्छ । पुरुष माथि हिंसा हुदै नहुने भन्नेचाहि होईन । हिंसा कहिले काहि महिला बाट पुरुष माथि पनि हुने गर्दछ । जस अन्तर्गत ३ प्रतिशत श्रीमतीले दिएको रिपोर्टमा श्रीमतीले आफ्नो श्रीमान माथि शारिरीक हिंसा गर्ने गरेको देखिएको छ । जसअन्तर्गत १२ महिनामा १ प्रतिशत श्रीमतीले आफ्नो श्रीमान माथि यसप्रकारको हिंसा गर्ने गरेको देखिन्छ । यसप्रकारको महिलाले गर्ने हिंसालाई महिलाको उमेर, उसले कमाउने पैसा जुन श्रीमानको भन्दा बढि हुन्छ, महिलाको आफ्नो श्रीमानको भन्दा बढि उमेर आदिले प्रभाब पार्दछ । यसैगरी शहरी क्षेत्रका महिला, तराईका महिलाहरु अन्य महिला भन्दा बढि यसप्रकारका श्रीमान माथि गरिने हिंसामा बढि संलग्न रहेको देखिन्छ । यस्तैगरि १३ प्रतिशत महिला हरु जसको श्रीमानले बढि मात्रामा अल्कोहल सेवन गर्दछ, यिनका श्रीमती हरु श्रीमान विरुद्धको शारिरीक हिंसामा संलग्न भएको देखिन्छ । यसप्रकारको हिंसामा श्रीमानको शिक्षाको स्तर, महिलाको शिक्षा र महिलाको संपत्तिमाथिको पहुंचको अत्यन्त प्रभाब रहने गरेको देखिन्छ ।

**हिंसापिडित महिलाको सहयोग सोध खोज गर्ने बानि व्यवहारको विवरण**

१५ देखि ४९ बर्ष उमेर भएका महिला हरु जो शारिरीक तथा यौनजन्य हिंसाको कहिल्लै भएपनि शिकार भएका हुन्छन्, यिनिहरुको सहयोग खोज्ने वानिव्यवहार बारे यसप्रकार उल्लेख गरिएको छ ।

- प्रत्येक ४ जना महिला मध्यबाट ३ जना महिला हरु जो कुनै पनि प्रकारका हिंसाबाट पिडित हुन्छन्, यिनीहरुले कहि कतै पनि यसबारे भन्ने गरेका अर्थात सहयोग लिने गरेका पाईदैन । जसमध्ये ६४ प्रतिसत महिलाले यसप्रकारको सहयोगको लागि कहि कसैलाई भन्ने गरेको पाईदैन ।
- यौनजन्य हिंसाबाट मात्र पिडित ७ प्रतिशत महिलाले सहयोगको लागि भन्ने गरेका छन् ।
- शारिरीक हिंसाबाट मात्र पिढित महिला मध्ये २३ प्रतिशतले,

) शारिरीक तथा यौनजन्य दुबै हिंसाबाट पिडित जम्मा महिला मध्ये ३२ प्रतिशतले यसप्रकारको सहयोगको खोजी गरेको पाईन्छ ।

उमेरले यस प्रकारको व्यवहारलाई प्रभाब पार्दछ । बच्चा भएका महिला भन्दा बच्चा नभएका महिला हरु जो हिंसाबाट पिडित हुन्छन्, यिनिहरुले बडि मात्रामा यसप्रकारको सहयोगको खोजी गर्ने गरेको पाईन्छ ।

विधवा, एकल, संवन्ध विच्छेद मध्ये, ४५ प्रतिशतले, विवाह नभएका र तत्काल विवाहित मध्ये २२ देखि २४ प्रतिशतले यसप्रकारको सहयोगको खोजि गर्ने गरेको पाईन्छ ।

पहाडि तथा ग्रामीण क्षेत्रको तुलानामा सहरी क्षेत्रका महिला हरुमा यसप्रकारको सहयोग खोज्ने वानिव्यवहार एकदमै बढि देखिन्छ । जसमध्ये सहरी क्षत्रमा २७ प्रतिसत, तराईमा २१ प्रतिशत र हिमालमा १६ प्रतिशतको यसप्रकारको बानिव्यवहार भएको देखिन्छ ।यस्तैगरी, कम शिक्षीत महिलाको तुलनामा बढि शिक्षीत महिलाको बढि मात्रामा यसप्रकारको सहयोग खोज्ने वानिव्यवहार भएको देखिन्छ ।

सामान्यतया भन्नुपर्दा महिला हरु जो विभिन्न स्वरुपका हिंसाबाट पिडित हुन्छन्, यिनिहरु सर्बप्रथम सहयोग खोज्न आफ्नै परिवार छिमेकी र साथिकोमा जाने गरेको पाईन्छ । यसप्रकारले आफ्नै परिवारलाई सहयोगका लागि भन्ने महिला हरु जम्मा मध्येबाट ५२ प्रतिशत, साथि तथा छिमेकीलाई सहयोगका लागि भन्ने ५३ प्रतिशत, कानुनी श्रोतको सहयोग लिन खोज्ने ७ प्रतिशत, प्रहरीको सहयोग लिनेमध्ये ४ प्रतिशत, डाक्टर तथा मेडिकलको सहयोग लिनखोज्ने ३ प्रतिशत, सामाजिक सेवा दिने संघ संस्थाको सहयोग लिने जम्मा ३ प्रतिशत मात्र पर्दछन् ।

यसबाट महिला अधिकारा कर्मि बालबालिका तथा महिला लाई हेर्ने सामाजिक संघ संस्था, संगठनहरु, सरकारी संघ संस्थाहरु,जसले हिंसाको शिकार भएका महिला हरुको संरक्षणका लागि भनेर कार्य गरेका हुन्छन्, यि संस्थाहरुको महिला हिंसा विरुद्धको कार्यप्रणाली संचालन प्रक्रियामा पहुंच एकदमै न्यन रहेको यस NDHS को रिपोर्टले प्रष्ट पारेको छ ।(NDHS-2011)

नेपालको सन्दर्भमा माथि उल्लेखित विभिन्न व्यक्ति तथा संघ-सस्थाहरुले गरेका विभिन्न अध्ययन अनुसन्धान तथा लेख रचनाहरुलाई समस्टीगत रुपमा विश्लेषण गर्दा यि अनुसन्धानहरुमा महिलाहरुमाथि गरिने विभिन्न किसिमका हिंसाहरुको मुख्य कारण परम्परागत मुल्य-मान्यता, द्धन्द, सामाजिक कुसस्कार, रुढिबादी परम्परा, कुसस्ककार, फितलो कानुन, अशिक्षा आदिलाई लिइएको छ। यि सन्दर्भहरुमा महिलाहरुमाथि हुने विभिन्न किसिमका शारीरिक, मानसिक, सामाजिक, यौनिक, आर्थिक आदी हिसाहरुको बारेमा विस्तृत रुपमा उठान गरिएको छ। यि विभिन्न उठान गरिएका मुद्धाहरु यस अनुसन्धानका उद्देश्यहरु संग प्रत्क्ष तथा अप्रत्यक्ष रुपमा मेल खान्छन भन्ने कुरा नकार्न सकिदैन । तरपनि यि अनुसन्धानहरु नेपालको फरक-फरक समुदयहरुमा गरिएका कारण हरेक समुदायमा पुर्ण रुपमा मेल खान्छन भन्ने कुरालाई आत्मसात गर्न सकिदैन । हरेक समाजमा फरक-फरक किसिमका कुप्रथाहरु जस्तैः बोक्सी, दाइजो, देवकी, छाउपडी जस्ता कुरुतीहरुले फरक-फरक रुपमा जरा गाडेको देखिन्छ । त्यसकारण यस अनुसन्धानमा काठमाण्डौ जिल्लाको यस क्षेत्रमा महिलाहरुमा हुने गरेका विभिन्न स्वरुपका हिंसाहरुका कारणका बारेमा थप तथा विस्तृत अनुसन्धान गरिएको छ ।

# अध्याय - तिन

# अनुसन्धान विधि

## ३.१.अनुसन्धान क्षेत्रको छनौट

यस अध्ययनमा अध्ययन क्षेत्रका रुपमा काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं ९ को मच्छेगाउ ढाक्सीलाई लिईएकोछ ।अनुसन्धान क्षेत्रको छनौट किन मच्छेगाँउको ढाक्सी नै लिएको हो भने त्यहाँका एक जना जान्नेबुझ्ने स्थानिय महिला त्यस टोलको स्वास्थ्य स्वयं सेविकाले  र शिक्षक सँग घरेलु महिला हिंसाका बारेमा बुझ्दा खेरी यस ठाँउमा केहि घर परिवारहरुमा यस्तो किसिमको समस्या रहेको छ भन्ने जानकारी वहाँहरुले दिनु भयो र त्यस ठाँउको महिला हिंसा सम्वन्धी समस्या अथवा घरमा श्रीमान श्रीमती बीच झगडा भई श्रीमानले श्रीमतीलाई कुटेको अवस्थामा किर्तिपुर अस्पतालमा औषधी उपचार गर्न आएको समयमा मसंग भेट भएको थियो र मैले पनि वहाँहरुसंग विवाहित महिला हिंसा सम्वन्धी केही कुरा बुझ्दा खेरी त्यस ढाक्सी टोलमा विवाहित महिला सम्वन्धी केही समस्या छ जस्तो लागेर सोहि कारणले मैले यस क्षेत्रलाई आफ्नो अध्ययन क्षेत्रका लागि छनौट गरिएको थियो ।

यस क्षेत्रमा महिला विरुद्धको अनेक किसीमका हिंसा व्याप्त रहेकोले र यस क्षेत्र मेरो बासस्थान बाट नजिक र म यसक्षेत्रबारे जानकार व्यक्तित्व जस्तै यस टोलका सुधार समीतीका व्यक्तिसंगको सामीप्यता मा यस क्षेत्रको अध्ययनका सहजताका लागि यस क्षेत्रलाई मेरो अध्ययनको मुख्य क्षेत्रको रुपमा छनौट गरिएको हो ।यसरी सव कुरालाई मुल्यांकन गर्दा बिबाहित महिलाहरु जुन सुकै ठाँउमा पनि हिँसाको शिकार हुँदै आईरहेको देखिन्छ । यसै कारणले यस अध्ययनमा सामाजिक, आर्थिक, शैक्षिक अवस्था, त्यहाँका बिबाहित महिलाहरु माथि हुने गरेका विभिन्न प्रकारका हिंसाका कारणहरुलाई खोतल्ने प्रयास गरिएको छ । यसै गरि यस अध्ययनमा छनौटमा परेका महिलाको सामाजिक तथा आर्थिक पृष्ठभुमि,महिलाको शिक्षा तथा स्वास्थ्यमा हिंसाको असर र हिँसा सम्वन्धि महिलाको सचेतना लाई पनि सामान्यतयाः प्रमुख समस्याका रुपमा अध्ययन गरिएको छ । यस क्षेत्रमा महिला विरुद्ध हुने गरेको हिंसा लाई प्रत्येक्ष अनुभव गरेकी हुनाले यहाँका बिबाहित महिला

विरुद्ध हुने गरेका हिंसाको बास्तविक कारण पत्ता लगाउन आवश्यक देखिएको हुँदा उपरोक्त क्षेत्रको छनौट गरिएको छ।

## ३.२. नमुना छनौट

यो अध्ययन पुर्ण रुपमा काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिका वडा नं ९ अन्तर्गत मच्छेगाउको ढाक्सीटोलमा मात्रै सिमीत रहेकोछ । यस अध्ययन क्षेत्रमा कुल ३३८ घरपरिवारको बसोबास रहेको छ । यसमध्ये अध्ययनको सरलताको लागि घर छनौट गर्दा स्तरिकृत नमुना छनौट विधिअनुसार कुल ३३८ घरपरिवारलाई विभिन्न जातजातिगत आधारमा ५ भागमा विभाजन गरी प्रत्येक जातिबाट १४ प्रतिशतका दरले जम्मा ४६घरपरिवार लाई छनौट गरि प्रत्येक घर परिवारबाट १/१ जना विवाहित महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएकोछ ।किनभने नमुना छनौट गर्दा उपयुक्त तरिकावाट गरिएको होस र त्यसले सम्पुर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने होस भनेर नै सबै जातजातीको प्रतिनिधित्व हुनेगरि छनौट गरिएको हो । यसप्रकारले समाजका सबै जातजातीलाई समेटेको हुन्छ र सबै जातजातीको तथ्याकं पनि लिन सकिन्छ भनेर नै सबै जातजातीबाट नमुना छनौट गर्दा लिईएको हो । कुनै पनि तथ्याकं लिदा समग्र जनसंख्यालाई समेट्न संभव नहुने र स्रोत र समयका आधारमा नमुना छनौट गर्न उपयुक्त हुने भएकाले यसप्रकारले नमुना छनौट गरिएको हो । जसरी बोराभित्र रहेको चामलको गुणस्तर जाँच गर्न एकमुठी चामल लिएर हेरिन्छ र चामलको गुणस्तर राम्रो भए नभएबारे निर्कौल गरिन्छ, त्यसैगरि जम्मा घरधुरीबाट निश्चित नमुना छनौट विधिद्धारा केहि घरधुरिका केहि विवाहित महिलाहरुको अध्ययन गरि त्यसको नतिजाको समग्रमा मुल्याङ्कन गरिएको छ ।

यस अध्ययनमा एकै घर परिवारमा विवाहित महिला सासु,जेठानी, देउरानी भएको अवस्थामा मैले कोसंग अन्तर्गवार्ता गर्ने भनेर छनौट गर्दाको अवस्थामा गोलाप्रथाद्धारा ती तिन जना महिला मध्ये एक जना जुन महिला पर्नु भयो वहाँसंग अन्तर्गवार्ता लिएको थिए ।

अध्ययनका क्रममा अर्न्तवार्ताको लागि महिलाहरु छनौट गर्दा उदेश्यमुलक साधारण संभावना युक्त नमुनाछनौट विधि अन्तर्गत गोलाप्रथाको प्रयोग गरिएकोछ । जसअन्तर्गत समग्रवाट सबै जात-जातिलाई समेटिने गरी ४६ घरपरिवारलाई नमुनाको रुपमा छनौट गरिएकोछ ।

## ३.३. तथ्यांक संकलनका विधिहरु

यस अध्ययनमा अध्ययनका क्रममा प्राथमिक तथा द्धितिय स्रोतबाट तथ्यांकहरु संकलन गरिएको छ । प्राथमिक तथ्यांकका स्रोतहरुमा सम्बन्धित क्षेत्रमा गएर उत्तरदातासंग

प्रत्येक्ष भेटेर अन्तरवार्ता व्यक्तिगत अध्ययन गरिएको छ, भने द्वितिय तथ्यांक लिदा स्थानिय संघ संस्थाको रेकर्ड, यस सम्बन्धमा प्रकाशित भएका लेख, रचना, पत्र-पत्रिकाहरु, प्रतिवेदन, पुस्तक, जनगणना आदिबाट लिईएको छ । जसअन्तर्गत राष्ट्रिय महिला आयोग काठमाण्डौ, कान्तिपुर पव्लिकेसन, ऐमेनिष्ट ईन्टरनेशनल, नेपाल समाचारपत्र, नयाँ पत्रिका, साथी संस्था, संचारिका लेख माला संग्रह, नारी ई कान्तिपुर डट कम, सि.वि.एस., डबलु एच. ओ., एन डि एच एस.बाट महिला हिंसा र यसका कारणहरु बारेमा आवश्यक सुचना तथा जानकारिहरु लिईएको छ ।

## ३.३.१ अन्तरबार्ता विधि

अध्ययनका क्रममा आवश्यक तथ्याङ्कहरु प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा अन्तरवार्ता लिईएको छ। अर्न्तवार्ता विधिबाट महिला हिंसाबारेमा व्यक्तिगत कुराहरुलाई खोतल्न र प्राप्त तथ्याकंहरुमा गोपनियता कायम राख्न व्यक्तिगत अर्न्तवार्ता उपयुक्त हुने भएका कारणले यस विधिबाट तथ्याकं संकलन गरिएको हो । अन्तरवार्तामा ४६ जना विवाहित महिलाहरुलाई समाबेश गरिएको छ। किनभने विस्तारित रुपमा अवलोकन गर्दा र स्थानिय जानकार व्यक्तिसंग लिएको सुचनाका आधारमा अविवाहित महिलाको तुलनामा विवाहित महिला हरु प्रायजसो हिंसाको सिकार हुने गरेको हुन्छन भन्ने जानकारिका आधारमा र अध्ययनका लागि आवस्यक स्रोत साधनलाई मध्यनजर गर्दै सम्पुर्ण महिलाहरुको अध्ययनलका लागि लामो समय र धेरै स्रोत आवस्यक पर्ने भएका कारणले र म संग सिमीत समय र स्रोत भएका कारणले पनि यस अध्ययनमा मैले विवाहित महिला लाई समाबेस गरेको छु । अन्तरवार्तामा सोधिएका प्रश्नहरु वन्द तथा खुल्ला खालका छन् ।बन्द प्रश्नावलिमा उत्तरदाताको उत्तर लाई प्रश्नावलिमा भएका संभावित उत्तरमा राखिन्छ भने खुला प्रश्नावलिमा स्वतन्त्र रुपमा उत्तरदाताको उत्तरलाई जस्ताको तस्तै राखिन्छ । उत्तरदातालाई सम्बन्धित विषयमा आफ्ना बिचार राख्न निर्देशन गरिएको छ।यस अध्ययनमा छ जना उत्तदाताहरुको व्यक्तिगत जिवनी बारे अध्ययन गरि विस्तृत विवरण प्रस्तुत गरिएका छ । यसप्रकारले ४६ जना उत्तरदाता महिलाको अर्न्तवार्ता विधिबाट अन्तर्गवार्ता गरिएको छ । जम्मा ४६ जना उत्तरदाता महिलाहरुलाई यस अध्ययनमा समाबेस गरिएको छ।उक्त अन्तरवार्तामा उत्तरदाता महिलाहरुको सामाजिक आर्थिक पृष्ठभुमी, हिंसा हुनका कारण,

तथा शिक्षामा असर र यसप्रति सम्बन्धित महिलाहरुको अवधारणा सम्बन्धि प्रश्नहरु सोधी तथ्यांङ्कहरु संकलन गरिएको छ ।

### ३.३.२ व्यक्तिगत अध्ययन बिधि

व्यक्तिगत अध्ययन विधि पनि एउटा महत्वपुर्ण अनुसंधानको माध्यम हो । जसबाट कुनै व्यक्तिको सम्पुर्ण जीवनशैलीको ज्ञान हुन्छ । प्रस्तुत अध्ययनमा काठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिकाको वडा नं ९ अन्तर्गत मच्छेगाउ ढाक्सीमा अवस्थित उत्तरदाता महिलाहरु मध्ये ६ जना महिलाहरुको व्यक्तिगत अध्ययन गरिएको छ।उनीहरुमाथि भएको हिंसालाई बुझ्नका लागि उनीहरुको जन्मदेखि हालसम्ममा के कस्तो जीवनशैली गुजारीरहनु परेको छ, तिनीहरुको समग्र पक्षको अध्ययन गरिएको छ । यस अध्ययनमा व्यक्तिगत अध्ययन नै किन गरियो भने, यस विधिवाट तथ्याकं संकलन गर्दा महिलाहिंसामा पर्नुका नितान्त व्यक्तिगत कारणहरु पनि खुलेर आउने र उत्तरदाता महिलाहरुको सम्पुर्ण जिवन भोगाईका कुराहरुलाई समेटेर तथ्याकं संकलन गर्न सकिने र त्यसरी प्राप्त तथ्याकंलाई सामान्यीकरण गरि समग्रमा मुल्याकंन गरिने हुदा यस विधिद्धारा पनि केहि महिलाहरुसंग तथ्याकं संकलन गरिएको छ यसरी प्राप्त सुचनाबाट महिलाहरुमाथि हुने घरेलु हिंसाका कारणहरु पनि पत्ता लगाउन सकियो जस्तै, महिलाहरुमाथि हिंसा हुनाको मुख्य कारण शिक्षाको कमी, जनचेतनाको कमी, कमजोर आर्थिक अवस्था र श्रीमानले रक्सी सेवन गरेर गरिने हिंसाबारेमा जानकारि हरु प्राप्त गरिएको छ ।

## ३.४ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अध्ययनबाट प्राप्त भएका विभिन्न खाले तथ्याङ्कहरूलाई सर्वप्रथम वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्दा हुने तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार नै वर्गीकरण गरिएको छ । संख्यात्मक तथ्याङ्कहरूलाई विश्लेषण योग्य बनाउन सामाजिक अनुसन्धानमा प्रयोग गरिने तथ्याङ्कीय विश्लेषण प्रविधिको माध्यमबाट क्रमवद्ध रूपमा तालिकीकरण गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कलाई सन्दर्भ अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक बनाई उचित स्थानमा प्रसतुत गरिएको छ । यसरी विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सकेसम्म बिश्लेषण योग्य र बुझिने बनाउन सरल तालिकाको माध्यमबाट प्रतिशतमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ३.५ अनुसंधानको सिमा

प्रत्येक अध्ययन अनुसंधानमा आफ्नै प्रकारको सिमा वा कमजोरी रहेको हुन्छ योअध्ययनले पनिकाठमाण्डौ जिल्लाको चन्द्रागिरी नगरपालिकाको वडा नं ९ अन्तर्गत मच्छेगाउ ढाक्सी लाई मात्र समेटेको छ । जहाँ हिंसाका धैरै स्वरुपहरु हुन सक्छन् तर यो अध्ययन सिमित उद्देश्यहरुमा मात्र सिमित रहनेछजसले महिला प्रति हुने सबै किसिमका हिंसाहरु र त्यसका करण लाई समेट्न नसक्न सक्छ ।

# अध्याय -चार

# अध्ययन क्षेत्र तथा उत्तरदाताको परिचय

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

चन्द्रागिरी नगरपालीका नेपालको प्रदेश नं. ३ काठमाडौ जिल्ला भित्रको सबैभन्दा ठुलो नगरपालीका हो । नेपाल सरकारको निर्णय बमोजिम २०७१ मंसिर १६ गते स्थानिय विकास मन्त्रालयले थप ६१ वटा नयाँ नगरपालीका थप्दा काठमाडौ जिल्लाको दक्षिण पश्चिम भेगमा रहेको छ । जुन समुद्री सतहबाट २२५१ मिटर माथि रहेको छ । ११ वटा गा.वि.स. हरुलाई समेटेर जम्मा २५ वटा वडा बनाई चन्द्रागिरी नगरपालिका घोषणा गरिएको हो । पछिल्लो पटक नेपालको संविधान अनुसार राज्यपुर्नसंरचना आयोगको पुर्नसंरचना पछि जम्मा १५ वडा कायम भएको हो । यस नगरपालीकाको केन्द्र विन्दु बलम्बुमा रहेको छ ।

यस नगरपालीकाको जम्मा जनसंख्या ८५१९८ रहेको छ भने पुरुष संख्या ४२८८१ र महिला परिवार घरधुरी संख्या २०५३२ रहेको छ भने २५ वटा वडा रहेको यस क्षेत्रले ४३.९० कि. मी. क्षेत्रफल ओगटेको छ ।

वडा नं. ९ मा जम्मा घरधुरी संख्या ८७२ रहेका छन् भने पुरुष संख्या १८८४ र महिला संख्या १९६५ रहेकाछन् जम्मा जनसंख्या ३८४९ रहेका छन् । प्रत्येक घरमा लगभग ४-५ जनाको परिवार संख्या रहेको छ। (स्रोत : CBS 2011& ECN 2017)

## ४.२ विवाहित महिलाको परिचय :

कुनै पनि महिलाले पुरुषसंग विवाहित सम्वन्ध राख्नु नै विवाह हो । आफ्नो जन्म स्थान छोडी कुनै अर्को पुरुषको घरमा विवाह गरी वा घरबाट बुवा आमाले विवाह गरी अरुको घरमा जानु नै विवाह हो । कुनै पनि महिलाले परपुरुषसंग विवाह भए देखि मरुन्जेल सम्म कानूनी रुपमा सम्वन्ध राख्नु नै विवाहित महिला भनेर जनाउछ। विवाह भएर श्रीमानको थर जोडिनु वालबच्चाहरु जन्माई पालन पोषण गर्नु, बच्चाहरुको नाममा नै श्रीमानको थर जोडिनु यस सम्वन्धलाई नै विवाहित महिला भनेर बुझिन्छ । विवाहित महिलाहरुको अवस्था पुरुषको तुलनामा तल्लो र कमजोर अवस्था पक्का नै देखिन्छ ।

विभिन्न रुढिवादी, सामाजिक रितीरीवाज र संस्कारहरुले गर्दा महिलालाई कतिपय बन्धनहरु राखेको हुन्छ। जुन उनीहरुको अधिकारलाई कुन्ठित गरिएको भन्न सकिन्छ।

नेपालमा विवाहित महिलालाई पवित्र संस्कारको रुपमा लिइन्छ। कन्यालाई बरद्धारा पत्नीको रुपमा स्विकार गर्नुलाई विवाह गरिन्छ। विवाहको स्थिती कस्तो वा विभिन्न किसिमका विवाहमा महिलाको स्थिती कस्तो रहन्छ भन्ने बारे विवाहित महिलाको अवस्थाको बारेमा थाहा पाउनु हो। त्यसैले बहुविवाह, विधवा विवाह, सम्वन्ध विच्छेद, पुनः विवाह यस्ता किसिमका विवाहहरु पनि हुने गरेको पाइएको छ।

### ४.२.१ अध्ययन गरेको टोलको जनसंख्या विवरण

**तालिका नं. १**

| कुल घरधुरी संख्या | पुरुष संख्या | महिला संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|
| ३३८ | ६३२ | ७०८ | १३४० |

स्रोतः स्थलगत अध्ययन, २०७४

मथिको तालिकाबाट यस अध्ययन क्षेत्रको टोलमा जम्मा घरधुरी संख्या ३३८, पुरुष संख्या ६३२, र महिला संख्या ७०८ जना गरी जम्मा जनसंख्या १३४० रहेको यस अध्ययन बाट थाहा हुन गएको छ।

### ४.२.२ सामाजीक तथा आर्थिक अवस्था

यस अध्यायमा मेरो अध्ययनसंग संम्बन्धित जतिपनि संकलन गरिएका तथ्याकंहरुको विवरण, व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ। जसलाई पाँच भागमा बाडेर प्रस्तुत गरिएको छ। जसअन्तर्गत पहिलो भागमा उत्तरदाता महिलाहरुको उमेर, जात जातीयता, धर्म, स्थाई ठेगाना,आम्दानीको मुख्य स्रोत आदी प्रस्तुत गरिएको छ। यसैगरि दोस्रो भागमा उत्तरदाता महिला हरुको पारिवारिक विवरण अन्तर्गत पुरुष संख्या र महिला संख्या को विवरण प्रस्तुत गरिएको छ। तेस्रो भागमा उत्तरदाता महिलाहरुको सामाजीक तथा आर्थिक अवस्था अन्तर्गत बैवाहिक स्थिती, शैक्षीक अवस्था, परिवारको प्रकार, परिवारको आम्दानीको मुख्य स्रोत,उत्तरदाताको आम्दानीको मुख्य स्रोत, घरपरिवारको जमीन आदिको बारेमा

विवरण प्रस्तुत गरिएको छ । यसैगरि चोथौ भागमा महिला हिंसा सम्वन्धि अवधारणा एंव सचेतना अन्तर्गत महिला हिंसाका बारेमा सुनेका छन् की छैनन्, महिला हिंसाका प्रकारहरु, कानुनी प्रावधानका बारेमा जानकारी प्रस्तुत गरिएको छ । यसैगरि पाँचौ भागमा चाहि महिला हिंसाका विभिन्न कारणहरुको बारेमा, महिला हिंसामा जिम्मेवार व्यक्तिको बारेमा र महिला हिंसासंग संम्वन्धित कार्यमा संलग्न संघ - सस्था का बारेमा जानकारी भए नभएका वारेमा जानकारी प्रस्तुत गरिएको छ । यसरी यस अध्यायको प्रस्तुतीमा जतिपनि सम्लग्न उत्तरदाता लाई तथ्याकं संकलनको अवधिभरमा जानकारी भएको अनुसन्धान उद्देश्य संग सम्बन्धित सम्पुर्ण तथ्याकंलाई तालिकामा प्रस्तुत गरि उचित व्याख्या पनि गरिएको छ । जसले अनुसन्धानको सम्पुर्ण उद्देश्य संग सम्बन्धित तथ्याकंलाई प्रस्ट्याउने उद्देश्य पनि लिएको छ ।

### ४.२.३ उत्तरदाता महिलाहरुको उमेर समुहको विवरण

प्रस्तुत अध्ययनमा विभिन्न उमेर समुह भित्रका महिलाहरुलाई छनौट गरिएको थियो । जसको आधारमा सामान्यतथा अध्ययन क्षेत्रमा छनौटमा परेका विवाहित महिलाहरुको उमेरको आधारमा गरिएको विभाजनको विवरणलाई यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका २: उमेर समुहको विवरण**

| महिला हरुको उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| १८-२४ | ६ | १३ |
| २५-४४ | २० | ४४ |
| ४५-५९ | १५ | ३२ |
| ६० देखि माथि | ५ | ११ |
| जम्मा | ४६ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०७४*

तालिका नं.२ बाट सबैभन्दा बढि महिलाहरु २५ देखि ४४ बर्ष उमेरका रहेका छन । जस्तै ४४ प्रतिशत महिलाहरु यस उमेर भित्रका रहेका छन् । यसै गरी ४५ देखि ५९ बर्ष

उमेर सम्मका ३२ उत्तरदाता रहेका छन ।यसै गरी १८ देखि २४ बर्षका १३ प्रतिशत महिला रहेका छन् ।यस्तै गरी ११ प्रतिशत महिलाहरु ६० देखि माथिका रहेका छन् । यस अध्ययनमा प्राप्त तथ्याकंले २५ बर्षदेखि ४४ बर्षका महिलाहरु बढीमात्रामा हिंसामा परेको देखिन्छ । यसको कारण वैवाहिक जिबनमा आएका श्रीमान र श्रीमती विचको असमझदारी , श्रीमानको परस्त्री संगको संवन्ध र रक्सी सेवन गर्ने बानी मुख्य रहेका छन् भन्ने बुझिएको छ ।

### ४.२.४ परिवारको प्रकार

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुको परिवारको प्रकारको पनि अध्ययन गरिएको थियो, अध्ययनका क्रममा संयुक्त र एकल गरी दुई प्रकारका परिवारहरु पाईएको छ । तालिका नं.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ३परिवारको प्रकार**

| **क.सं.** | **परिवारको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| | एकात्मक | ३२ | ७० |
| | संयुक्त | १४ | ३० |
| | जम्मा | ४६ | १०० |

**स्रोतः स्थलगत अध्ययन, २०७४**

- तालिकानं.३ अनुसार उत्तरदाता महिलाहरुको एकात्मक र संयूक्त गरी दुई प्रकारको परिवार पाईएको छ । जसमध्ये ७० प्रतिशत महिलाहरु एकात्मक परिवारमा बस्दै आएको पाइयो भने ३० प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्दै आएको पाईयो । महिलाहरुमाथि हुने हिंसामा परिवारको प्रकारले कुनै किसीमको प्रभाब पारेको देखिएन यस अध्ययनले एकल तथा संयुक्त परिवारमा बस्दै आएका महिलाहरुमा हुने हिंसाका दर रकारण हरु उस्तै रहेका देखियो प्रायजसो महिलाहरु श्रीमानबाट नै हिंसामा परेको यस अध्ययनमा प्राप्त तथ्याकंले देखाएका छ । साथै एक वा एकात्मक परिवार र संयुक्त परिवारमा हुने हिंसामा केही मात्रामा फरक रहेको पाइएको छ । संयुक्त परिवारको जनसंख्या ठुलो भएको हुनाले परिवारमा कहि कतै हिंसाका व्यवहारहरु एकापसमा हुने गरिएको पाएको छ । जस्तै : सासु ससुरावाट अपहेलना, देवर देवरानीबाट मनमुटाव हुने

गरेको पाइन्छ भने एकात्मक परिवारमा परिवार संख्या थोरै भएको हुनाले श्रीमान र श्रीमती बीच झै झगडा, असमझदारी हुने गरेको पाइएको छ ।

### ४.२.५ जातिगत विवरण

नेपालमा विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको छ । अध्ययनका क्रममा सम्बन्धित क्षेत्रका उत्तरदाताहरुको जातिगत विवरण लिईएको थियो, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : ४, जातिगत विवरण**

| जात जातियता | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ६ | १३ |
| क्षेत्रि | ५ | ११ |
| नेवार | ४ | ९ |
| सुनार | १७ | ३७ |
| मगर | १४ | ३० |
| जम्मा | ४६ | १०० |

*स्रोत : स्थलगत अध्ययन् २०७४*

तालिकानं.४ को अनुसार विभिन्न जातजातियताका उत्तरदाता महिलाहरु मध्ये ब्राम्हण १३ प्रतिशत, क्षेत्रि ११ प्रतिशत, नेवार ९ प्रतिशत, सुनार ३७ प्रतिशत, मगर ३० प्रतिशत रहेका छन् । यस अध्ययनबाट प्राप्त तथ्याङ्कका अनुसार कुनै खास जाती विशेष भन्दापनि सबै जातीका महिलाहरुले कुनै न कुनै प्रकारको हिंसा सहन परेको देखिएको छ । बढी जसो दलित महिलाहरुमा महिला हिंसा देखिएको छ भने ब्राहम्ण जातीमा कम महिला हिंसा देखिएको छ । नेवार समुदायमा श्रीमान श्रीमती बीच समझदारी हुने भएकोले हिंसामा कमी रहेको देखिएको छ । जस्तैः ब्राह्मण क्षेत्रीहरुमा शिक्षित परिवार भएको हुनाले कम हिंसा

भएको छ भने दलित र मगर जातीहरुको शिक्षाको कमी, जनचेतनाको कमीले गर्दा हिंसा बढी हुने गरेको पाइएको छ ।

### ४.२.६ वैवाहिक स्थिति

अध्ययनका क्रममा विवाहित महिलाहरुलाई नै उत्तरदाताहरुको रुपमा समेटिएको छ । उनीहरुको वैवाहिक स्थितिलाई तालिका नं.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका : ५, वैवाहिक स्थितिको विवरण**

| | | **महिलाहरुको संख्या** | | | | | **महिलाहरुको प्रतिशत** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं** | **वैवाहिक स्थिति** | **ब्राम्हण** | **क्षेत्री** | **नेवार** | **सुनार** | **मगर** | **ब्राम्हण** | **क्षेत्री** | **नेवार** | **सुनार** | **मगर** |
| **१** | **विवाहित** | ५ | ४ | ४ | १४ | ११ | ११ | ९ | ९ | ३० | २४ |
| **२** | **एकल** | १ | १ | ० | ३ | २ | २ | २ | ० | ७ | ४ |
| **३** | **संवन्ध विच्छेद** | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | २ |
| | **जम्मा** | ६ | ५ | ४ | १७ | १४ | १३ | ११ | ९ | ३७ | ३० |

**स्रोतः स्थलगत अध्यन, २०७४**

तलिकानं.५, अनुसार उत्तरदाता महिलाहरुमा विवाहित, विधवा र संबन्ध विच्छेद भएका महिलाहरु रहेका छन् । जसमध्ये ब्राम्हण बाट ११ प्रतिशत विवाहित महिलाहरु, क्षेत्री जातिबाट ९प्रतिशत महिलाहरु, नेवार जातिबाट ९ प्रतिशत, सुनार जातिबाट ३० प्रतिशत, मगर जातिबाट २४ प्रतिशत विवाहित महिलाहरु उत्तरदाता महिलाहरुको रुपमा छनौटमा परेका छन् । यस्तैगरि छनौटमा परेका एकल उत्तरदाता महिलाहरुमा सबभन्दा बढि सुनार जातिबाट ७ प्रतिशत रहेका छन् भने मगर बाट ४ प्रतिशत, ब्राम्हण र क्षेत्री जातिबाट २/२ प्रतिशत रहेका छन् । यसैगरि यस अध्ययनमा सहभागि जम्मा विवाहित महिलाहरुमध्ये संवन्ध विच्छेद गरेका उत्तरदाता महिलाहरु जम्मा मगर जाति बाट २ प्रतिशत मात्र रहेका छन् । बैवाहिक स्थिती र घरेलु हिंसाको सम्वन्ध विवाह भएको केही समय सम्म राम्रो हुदै गएको र पछि गएर विस्तारै श्रीमान तथा घर परिवारवाट अपेहिलित

हुन गएको र घरेलु हिंसा खेप्न विवाहित महिलाहरु वाध्य भएको पाइएको छ । एकल महिलाहरुमा हिंसा हुनुको कारण छोरा बुहारीबाट अपहेलित हुने देखिएको छ भने सम्वन्ध विच्छेद भएको विवाहित महिलाहरुमा समाजले तृस्कार गरेको, पुरुषहरुबाट अपहेलित भएको मान्छेको हेर्ने दृष्टिकोणमा फरक रहेको, घर परिवारबाट पनि अपहेलित रहेको पाइएको छ ।

### ४.२.७शैक्षिक अवस्था

अध्ययनको क्रममा उत्तरदाता महिलाहरुको शैक्षिक अवस्थाको बारेमा जानकारी लिईएको थियो । उत्तरदाता महिलाहरुको शैक्षिक विवरणलाई पढाईको स्तरका आधारमा तालिका नं.६ मा प्रस्तुत गरएको छ ।

**तालिका : ६, शैक्षिक विवरण**

| | | **महिलाहरुको संख्या** | | | | | **महिलाहरुको प्रतिशत** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क.सं** | **पढाईको स्तर** | **ब्राह्मण** | **क्षेत्री** | **नेवार** | **सुनार** | **मगर** | **ब्राह्मण** | **क्षेत्री** | **नेवार** | **सुनार** | **मगर** |
| १ | अशिक्षीत | १ | २ | १ | ४ | ४ | २ | ४ | २ | ९ | ९ |
| २ | प्रा.वि तह कक्षा १ देखि ५ | २ | २ | ० | २ | ३ | ४ | ४ | ० | ४ | ७ |
| ३ | नि.मा.वि. तह कक्षा ६ देखि ८ | ० | १ | ० | १ | ३ | ० | २ | ० | २ | ७ |
| ४ | मा.वि तह कक्षा ९र १० | ० | ० | १ | ३ | ३ | ० | ० | २ | ७ | ७ |
| ५ | एस.एल.सी | १ | ० | १ | २ | ३ | २ | ० | २ | ४ | ७ |
| ६ | उ.मा.वि. | २ | ० | १ | २ | १ | ४ | ० | २ | ४ | २ |
| | जम्मा | ६ | ५ | ४ | १७ | १४ | १२ | ११ | ८ | ३० | ३९ |

*स्रोत: स्थलगत अध्ययन, २०७४*

तालिका नं ६, बाट के थाहा हुन्छ भने अझै पनि नेपाली समाज शिक्षाको पहुचबाट केहि महिलाहरु टाढा नै रहेको देख्न सकिन्छ ।जस्तै शिक्षित परिवारमा केही जान्ने बुझ्ने भएको हुनाले त्यहाँ हिंसा कम भएको पाएको छ, जस अन्तर्गत ब्राह्मण र क्षेत्री रहन गएका छन भने दलित र मगर जातीहरुमा शिक्षाको कमी भएकोले गर्दा हिंसाहरु बढी भएको पाइएको छ । जम्मा उत्तरदाता महिलाहरु मध्ये २८ प्रतिशत अशिक्षित महिलाहरु रहेका छन् । जसमध्ये जातिगत विशेषताका आधारमा संकलन गरिएको तथ्याकींय विवरण अनुसार सबभन्दा बढि अशिक्षीत उत्तरदाता महिलाहरु सुनार जातिबाट र मगर जातिबाट ९/९ प्रतिशत रहेका छन् । यसैगरि ब्राम्हण बाट २ प्रतिशत, नेवार जातिबाट २ प्रतिशत र क्षेत्त्रि बाट ४ प्रतिशत उत्तरदाता महिलाहरु अशिक्षीत रहेको यस अध्ययनले प्रष्ट पारेको छ ।

यसैगरि प्रा.वि.तह अध्ययन गर्ने उत्तरदाता महिलाहरु मा मगर जातिबाट ७ प्रतिशत, सुनार  बाट ४ प्रतिशत, ब्राम्हण र क्षेत्रीबाट ४/४ प्रतिशत उत्तरदाता महिला रहेको छन् भने नेवार जातिबाट शुन्य प्रतिशत रहेको यस अध्ययनबाट प्राप्त तथ्याकिंय विवरणले प्रष्ट पारेको छ ।

यसैगरि जम्मा उत्तरलदाता महिलाहरु मध्ये नि.मा.वि. तह कक्षा छ देखि कक्षा ८ सम्म अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा मगर जातिबाट ६ प्रतिशत, सुनार र क्षेत्रीबाट २/२ प्रतिशत र ब्राम्हण र नेवार जातिबाट सुन्य रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट्याएको छ ।

यसैगरि मा.वि. तह कक्षा ९ र १० सम्म अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा जातिगत विशेषताको आधारमा भन्नुपर्दा ७ /७ प्रतिशत मगर र सुनारले यस तहसम्म अध्ययन गरेका पाईयो भने अन्य जात जातिमध्ये नेवार २ प्रतिशतले यस तहसम्मको अध्ययन गरेका यस अध्ययनले प्रष्ट पारेको छ ।

यसप्रकारले जम्मा उत्तरदता महिलाहरु मध्ये एस.एल.सी. सम्म अध्ययन गर्नेमा ७ प्रतिशत मगर, ४ प्रतिशत सुनार, २/२ प्रतिशत ब्राम्हण र नेवार रहेका यस अध्ययनले प्रष्ट पारेको छ ।

अन्त्यमा उ.मा.वि अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा ब्राम्हण जातिबाट ४ प्रतिशत, सुनार जातिबाट ४ प्रतिशत, नेवार जातिबाट २ प्रतिशत र मगर जातिबाट २ प्रतिशत उत्तरदाता महिलाहरु रहेका यस अध्ययन बाट प्राप्त तथ्याकंले प्रष्ट पारेको छ ।

यसरि पछिल्लो समयमा आएर सबै जातिले शिक्षाको महत्वलाई बुझ्न लागेको र शैक्षीक स्तरमा सुधार आएको कुरा यस अध्ययनले पनि प्रष्ट्याएको छ ।

### ४.२.८ धार्मिक अवस्था

अध्ययनका क्रममा महिलाहरको धार्मिक विवरणलाई हेरिएको थियो । प्रस्तुत अध्ययनमा पनि विभिन्न धर्म मान्ने महिलाहरु छनौटमा परेका थिए । जसलाई तालिका नं.७मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ७, धार्मिक विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ४१ | ८९ |
| क्रिष्चियन | ५ | ११ |
| जम्मा | ४६ | १०० |

**स्रोतः स्थलगत अध्यन, २०७४**

तालिकानं. ७अनुसार उत्तरदाता महिलाहरुमध्ये सबैभन्दा धेरै ८९ प्रतिशत महिलाहरु हिन्दु धर्म मान्दछन् । क्रिष्चियन धर्म मान्ने महिला ११ प्रतिशत  रहेको छन् ।

### ४.२.९ उत्तरदाता महिलाको परिवारको आम्दानीको मुख्य स्रोतको विवरण

उत्तरदाताको परिवारको आम्दानिको मुख्य स्रोतको विवरणलाई तल उल्लेखित तालिकामा प्रस्तुत गरिएको छ। जुन यसप्रकार रहेको छ।

**तलिका नं ८,आम्दानीको मुख्य स्रतको विवरण**

| | | महिलाहरुको संख्या | | | | | महिलाहरुको प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | आम्दानीको मुख्य स्रोत | ब्राह्मण | क्षेत्री | नेवार | सुनार | मगर | ब्राह्मण | क्षेत्री | नेवार | सुनार | मगर |
| १ | कृषि | १ | १ | ० | १ | ३ | २ | २ | ० | २ | ७ |
| २ | रोजगारी | ३ | १ | १ | ४ | २ | ७ | २ | २ | ९ | ४ |
| ३ | ज्यालादारी | १ | २ | ० | ५ | ४ | २ | ५ | ० | ११ | ९ |
| ४ | व्यापार | १ | ० | ० | २ | ३ | २ | ० | ० | ४ | ७ |
| ५ | बैदेशिक रोजगार | ० | १ | १ | ४ | २ | ० | २ | २ | ९ | ४ |
| ६ | घरभाडा | ० | ० | २ | १ | ० | ० | ० | ४ | २ | ० |
| | जम्मा | ६ | ५ | ४ | १७ | १४ | १३ | ११ | ८ | ३६ | ३१ |

**स्रोतः स्थलगत अध्यन, २०७४**

तालिका नं.८ बाट कृषिमा संलग्न सबभन्दा बढि उत्तरदाता महिलाहरुको परिवार लाई हेर्दा मगर जातिबाट ६ प्रतिशत रहेका छन भने अन्य जातिमध्ये ब्राम्हण, क्षेत्री, सुनार बाट २/ २ प्रतिशत मात्र कृषि पेशामा संलग्न रहेका यस अध्ययनबाट प्राप्त तथ्याकीय विवरणले प्रष्ट पारेको छ।

यसैगरि रोजगारी मा संलग्न उत्तरदाता महिलाहरुको परिवारमा जातिगत आधारमा हेर्दा सवभन्दा बढि ९ प्रतिशत सुनार जातिबाट, ७ प्रतिशत ब्राम्हणबाट, ४ प्रतिशत मगर जातिबाट र बाँकी २/ २ प्रतिशत क्षेत्री र नेवार जातिबाट रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट पारेको छ।

जम्मा उत्तरदाता महिलाहरुको परिवार मध्ये ज्यालादारीमा संलग्न सुनार जातिबाट ११ प्रतिशत, ९ प्रतिशत मगर जातिबाट, ५ प्रतिशत क्षेत्रीबाट र २ प्रतिशत ब्राम्हण जातिबाट रहेका छन्।

यसैगरि आम्दानीको मुख्य स्रोत व्यापार रहेका उत्तरदाता महिलाहरुको परिवारमा जातिगत आधारमा भन्नुपर्दा ७ प्रतिशत मगर जातिबाट, ४ प्रतिशत सुनार जातिबाट र २ प्रतिशत ब्राम्हण जातिबाट व्यापारमा संलग्न रहि आफ्नो आम्दानीको मुख्य स्रोत व्यापार रहेको बताएका छन् ।

यसप्रकारले वैदेसिक रोजगार आम्दानीको मुख्य स्रोत रहेका उत्तरदाता महिलाहरुको परिवारमा सवभन्दा बढि ९ प्रतिशत सुनार जातिबाट, ४ प्रतिशत मगर जातिबाट र २ /२ प्रतिशत क्षेत्री र नेवारबाट रहेका छन् ।

यस प्रकारले यस अध्ययनबाट केहि प्रतिशत उत्तरदाता महिलाहरुको परिवारको आम्दानीको मुख्य स्रोत घरभाडा नै रहेको पनि देखाएको छ । जसमध्ये ४ प्रतिशत नेवार जातिबाट, २ प्रतिशत सुनार जातिबाट रहेका छन् जसले आफ्नो परिवारको मुख्य आम्दानीको स्रोतलाई घरभाडा नै रहेको बताएका छन् ।

उत्तरदाता महिलाको घरपरिवारको मुख्य आम्दानीको स्रोत मध्य सबै भन्दा बढी ज्यालादारी काम गर्ने परिवार मध्ये मगर जातिमा रहेको पाइएको थियो किनभने मगर समुदायमा आफ्नो खेतीपातिका गर्ने जग्गा जमिन कम रहेकोले र जमिन भएतापनि वर्षभरी खान नपुग्ने छोराछोरी पढाउन लेखनालाई समस्या हुने ज्याला मजदुरीबाट आएको पैसाले घर खर्चटार्न मद्दत हुने भएकोले ज्याला मजद्री गर्न तिर बढी प्रभावित छन् । अहिलको समयमा खेतीपाति भन्दा नि ज्याला मजदुरीबाट बढी पैसा हुने २०७२ सालको भुकम्प पछि ज्याला गर्ने व्यक्तिहरूको धेरै अभाव रहेकोले ज्यालादारीको दैनिक ज्यालामा पनि दोब्बर जस्तो बढेको हुनाले ज्यालादारीमा त्यहाँको व्यक्तिहरू बढी प्रभावित भएको देखिएको थियो । जस्तै महिला र पुरूषमा ज्यालाको रकम रहेको पनि देखिएको थियो जसमा पुरूष भन्दा महिलाहरूलाई १०० को दरले काम दिने पनि रहेको उत्तरदाताले बताउन भएको थियो ।

### ४.२.१०उत्तरदाता महिलाको आम्दानिको मुख्य स्रोतको विवरण

**तालिका : ९, महिलाको आम्दानिको मुख्य स्रोतको विवरण**

| | | महिलाहरुको संख्या | | | | | महिलाहरुको प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | आम्दानीको मुख्य स्रोत | ब्राह्मण | क्षेत्री | नेवार | सुनार | मगर | ब्राह्मण | क्षेत्री | नेवार | सुनार | मगर |
| १ | कृषि | १ | १ | ० | २ | २ | २ | २ | ० | ४ | ४ |
| २ | रोजगारी | १ | ० | ० | १ | ० | २ | ० | ० | २ | ० |
| ३ | ज्यालादारी | ० | ० | ० | ४ | २ | ० | ० | ० | ९ | ४ |
| ४ | व्यापार | १ | ० | २ | ० | १ | २ | ० | ४ | ० | २ |
| ५ | घरभाडा | ० | ० | १ | ० | ० | ० | ० | २ | ० | ० |
| ६ | सामाजीक सुरक्षा भत्ता | १ | १ | ० | ६ | ५ | २ | २ | ० | १३ | ११ |
| ७ | महिलाको व्यक्तिगत आम्दानीको कुनै स्रोत नभएको | २ | ३ | २ | ४ | ३ | ४ | ८ | ४ | ९ | ८ |
| | जम्मा | ४६ | | | | | १०० | | | | |

**स्रोतः स्थलगत अध्यन, २०७४**

तालिका नं.९बाट कृषिमा संलग्न सबभन्दा बढि उत्तरदाता महिलाहरु लाई हेर्दा मगर र सुनार जातिबाट ४/ ४ प्रतिशत रहेका छन भने अन्य जातिमध्ये ब्राम्हण, क्षेत्री, बाट २/ २ प्रतिशत मात्र कृषि पेशामा संलग्न रहेका यस अध्ययनबाट प्राप्त तथ्याकीय विवरणले प्रष्ट पारेको छ।

यसैगरि रोजगारी मा संलग्न उत्तरदाता महिलाहरुमा जातिगत आधारमा हेर्दा सवभन्दा २ प्रतिशत सुनार जातिबाट, २ प्रतिशत ब्राम्हणबाट रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट पारेको छ।

जम्मा उत्तरदाता महिलाहरुमध्ये ज्यालादारीमा संलग्न सुनार जातिबाट ९ प्रतिशत, ४ प्रतिशत मगर जातिबाट रहेका छन् भने अन्य उत्तरदाता महिलाहरु यस पेसामा संलग्न नरहेका कुरा यस अध्ययनले देखाएको छ ।

यसैगरि आम्दानीको मुख्य स्रोत व्यापार रहेका उत्तरदाता महिलाहरुको जातिगत आधारमा भन्नुपर्दा २ / २ प्रतिशत मगर र ब्राम्हण जातिबाट, ४ प्रतिशत नेवार जातिबाट व्यापारमा संलग्न रहि आफ्नो आम्दानीको मुख्य स्रोत व्यापार रहेको बताएका छन् ।

यसप्रकारले घर भाडालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने उत्तरदपाता महिलामा नेवारबाट मात्र २ प्रतिशत महिलाहरुको व्यक्तिगत आम्दानीको स्रोत घरभाडा रहेको यस अध्ययनका क्रममा देखिएको छ ।

यसप्रकारले सामाजीक सुरक्षा भत्तालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने महिलाहरुमा सवभन्दा बढि सुनार जातिबाट १३ प्रतिशत रहेका छन् भने मगर जातिबाट ११ प्रतिशत रहेका छन् । यसैगरि अन्य जातिमध्ये ब्राम्हण र क्षेत्री जातिबाट पनि २ / २ प्रतिशत उत्तरदाता महिलाहरुको मुख्य आम्दानीको स्रोत सामाजीक सुरक्षा भत्ता रहेको उत्तरदाता महिला हरुले दिएको विवरणबाट प्रष्ट भएको छ ।

अन्त्यमा व्यक्तिगत आम्दानीको कुनै पनि स्रोत नभएको बताउने महिलाहरुमा ९ प्रतिशत सुनार जातिबाट, ८ प्रतिशत मगरबाट, ८ प्रतिशत क्षेत्रीबाट, ४ प्रतिशत नेवार र अन्य ४ प्रतिशत ब्राम्हण जातिबाट रहेका यस अध्ययनमा प्राप्त तथ्याकंले प्रष्ट पारेको छ ।

महिला हिंसा हुनुमा ज्यादारी र ब्यापार गर्ने, बैदेशिक रोजगार गर्नेहरुमा फरक फरक किसिमको हिंसा हुने गरेको पाइन्छ । ज्यालादारी गर्ने महिलाहरुमा श्रीमानले नराम्रो मान्ने, घर ढिलो आउदा रिसाउने, घरमा आएकार घरायसी काम सबै आफैले गर्नु पर्ने जस्ता हिंसा खेप्नु परेको पाइएको छ । ब्यापार र बैदेशिक रोजगारमा जाँदाको अवस्थामा महिलाहरुलाई नराम्रो दृष्टिकोणले हेर्ने गरिएको पाइएको छ । जागिरमा गएको महिलाहरुलाई ढिलो चाडो हुँदा घर परिवारबाट बचनहरु सुन्नु पर्ने अवस्थाहरु रहेको पाइएको छ ।

### ४.२.११ उत्तरदाता महिलाहरुको घरपरिवारको जमिन भए/नभएको विवरण

**तलिका : १०,घरपरिवारको जमिन भए/नभएको विवरण**

| क.स. | जमिनको बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जमिन भएको | ४१ | ८९ |
| २ | जमिन नभएको | ५ | ११ |
| ३ | जम्मा | ४६ | १०० |

**स्रोत :स्थलगत अध्ययन् २०७४**

तालिका नं.१० को विवरण बाट अधिकांस महिलाको घरपरिवारको आफ्नो जमिन रहेको पाइयो ।जसमध्ये ८९ प्रतिशतको आफ्नो घरपरिवारको नाममा जमिन रहेको र मात्र ११ प्रतिशतको आफ्नो घरपरिवारको नाममा कुनैपनि जमिन नभएको थाहा भएको छ। जग्गा जमिन भएको र नभएको घर परिवारमा आर्थिक अवस्थाको कारणले गर्दा घरम भ्कै भ्कगडा हुनु यस अध्ययन अनुसार प्राय जसो सबैको आफ्नो परिवारको नाममा जग्गा जमिन रहेको पाइएको छ । जग्गा जमिन रहेको कारणले घर परिवारमा हिंसा कम हुने गरेको पाइएको छ ।

### ४.२.१२ उत्तरदाता महिलाहरुको आफ्नो नाममा जमिन भए/नभएको विवरण

अध्ययन क्षेत्रबाट प्राप्त भएको विबरण अनुसार अधिकांस उत्तरदाता महिलाहरुको आफ्नो नाममा जमिन नभएको थाहा हुन आएको छ ।तालिका नं.११ मा प्रस्तुत गरिएको छ ।

**तलिका : ११, महिलाहरुको आफ्नो नाममा जमिन भए/नभएको विवरण**

| क्र.स. | जमिनको बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जमिन भएको | १४ | ३१ |
| २ | जमिन नभएको | ३२ | ६९ |
| ३ | जम्मा | ४६ | १०० |

**स्रोत : स्थलगत अध्ययन् २०७४**

तालिका नं. ११ को विवरण बाट अधिकांस महिलाको आफ्नो नाममा जमिन नरहेको पाइयो ।जसमध्ये ६९ प्रतिशतको आफ्नो नाममा जमिन नरहेको र मात्र ३१ प्रतिशतको आफ्नो नाममा जमिनभएको थाहा भएको छ। महिलाहरुको आफ्नो नाममा जग्गा जमिन भएपछि परिवारमा हेर्ने दृष्टिकोण पनि फरक हुने गरेको पाईएको छ । जस्तै श्रीमतीको नाममा जग्गा जमिन भएमा श्रीमानले पनि श्रीमतीलाई मान गरेको, श्रीमतीको कुराहरु काटन नसकेको अवस्था देखिएको छ । त्यस कारणले गर्दाश्रीमान श्रीमती घर परिवार बीच हुने हिंसामा कमीरहेको पाइएको छ ।

महिलाहरूको आफ्नो नाममा जमिन भएको र नभएको महिलाहरूमा धेरै भिन्नता रहेको देखिएको थियो जस अर्न्तगत महिलाहरूको आफैं नाममा जमिन छ भने घरपरिवारबाट पनि केही सम्मान जनक बोलिचाली रहेने घरमा सासु ससुराहरू वा श्रीमानहरूबाट पनि केही मात्रा भएता पनि महिलाहरूले सम्मानको साथमा जिवन विताएको जस्तो भान हुने गरेको तथा गाली गलौचमा कमी रहेको छोराछोरीलाई पनि पढ्न लेख्नमा सपोर्ट हुने जस्ता कुराहरू रहेको छन् भने आफ्नैं नाम जग्गा जमिन नहुने महिलाहरू श्रीमान सासु ससुराबाट दबिएर बसेको जस्तो महसुस हुने जस्तै गाली गर्ने तेरो यो घरमा के नै छ भन्ने जस्तो तुच्छ बचन दिने जस्ता कुराहरू रहेको देखिएको थियो ।

### ४.२.१३ उत्तरदाता महिलाहरुको आफ्नो नाममा घर भए/नभएको विवरण

अध्ययन क्षेत्रबाट प्राप्त भएको विबरण अनुसार अधिकांस उत्तरदाता महिलाहरुको आफ्नो नाममा घर नभएको थाहा हुन आएको छ ।तालिका नं.१२ मा प्रस्तुत गरिएको छ

**तलिका १२, महिलाहरुको आफ्नो नाममा घर भए/नभएको विवरण**

| क.स. | घर भए/नभएको बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घर भएको | १२ | २६ |
| २ | घर नभएको | ३४ | ७४ |
| ३ | जम्मा | ४६ | १०० |

स्रोत : स्थलगत अध्ययन् २०७४

) तालिका नं.१२को विवरण बाट अधिकांस महिलाको आफ्नो नाममा घरनरहेको पाइयो । जसमध्ये ७४ प्रतिशतको आफ्नो नाममा घरनरहेको र मात्र २६ प्रतिशतको आफ्नो नाममा घर भएको थाहा भएको छ।महिला हिंसा हुनुको प्रमुख कारण श्रीसम्पत्ती जग्गा जमिन, घर आफ्नो नाममा नभएपछि आफूहरुलाई अपहेलित रहेको महसुस गरेको पाइन्छ भने आफ्नो नाममा घर छ भने आफू अली बलियो भएको महसुस गरिएको पाइएको छ । साथै सोही कारणले आफूहरुमा हिंसाको कमी भएको देखिएको छ

महिलाहरूको आफ्नै नाममा घर छ भने महिलाहरूले हिंसा कम सहनु परेको देखिएको थियो। किनभने महिलाहरूको आफ्नो नाममा घर छ भने पनि ति कहिलाहरू आफु नि बलियो भएको महसुस गरेका छन भने भोलिका दिनमा घरमा सासु ससुरा श्रीमानहरूबाट पनि सम्बन्ध राम्रो रहेको घरमा शान्ती भएको महसुस गर्ने साथै यदि श्रीमानले अर्की विवाह गर्ने हो भने पनि केही छैन घर आफ्नो नाममा छ छोरा छोरीलाई यसै घरबाट आएको आम्दानीले पालन पोषण गर्न पनि सकिन्छ भन्ने जस्ता कुराहरू देखिएको थियो । जुन महिलाहरूको आफ्नो नाममा जमिन छैन ति महिलाहरूले घरपरिवारबाट अलि अपहेलित रहेको श्रीमानले आफ्नो कमाई मात्र खान्छौ भन्ने बचन लगाउने जस्ता हिंसा महिलाहरूले खेप्नु परेको देखिउृको थियो ।

## ४.२.१४ उत्तरदाता महिलाको परिवारको जमिनबाट उत्पादित अन्नको विवरण

अध्ययनको क्रममा उत्तरदात महिलाको तथा उसको घर परिवारको जमिनबाट उत्पादित अन्नले कति समयसम्म खान पुग्दछ भन्ने बारेमा पनि तथ्याकं संकलन गरिएको थियो,जसको यथार्थ विवरणलाई तालिका नं.१३ को माध्यमबाट प्रष्ट पार्ने कोसिष गरिएको छ ।

**तालिकाः १३, जमिबाट उत्पादित अन्नको विवरण**

| **क.स.** | **उत्पादनको विवरण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | तिन महिना भन्दा कम खान पुग्ने | १२ | २६ |
| २ | छ देखि नौ महिना खान पुग्ने | ३ | ७ |
| ३ | उत्पादनमुलक जमीन नभएको | ३१ | ६७ |
| जम्मा | | ४६ | १०० |

**स्रोत : स्थलगत अध्ययन २०७४**

अध्ययनको क्रममा उत्तरदाता महिलाको तथा उसको घर परिवारको जमिनबाट उत्पादित अन्नले कति समयसम्म खान पुग्दछ भन्ने बारेमा पनि तथ्याकं संकलन गरिएको थियो,जसबाट तिन महिनाभन्दा कम खान पुग्ने २६ प्रतिशत, ६ देखि ९ महिना सम्म खानपुग्ने ७ प्रतिशत र अन्य अधिकांस ६७ प्रतिशतको उत्पादनमुलक जमीन नरहेको कुरा माथि उल्लेखित तालिकाले प्रष्ट पारेको छ । प्रसस्त उत्पादन मुलक अन्नहरु घरमै भएपछि किन्नु नपर्ने अवस्था र घरमा उत्पादन नभएपछि घरायसी हुने खर्च टार्नको लागी किन्नु पर्ने अवस्था रहेको हुन्छ ।सो अन्न किन्नको लागी आफ्नो आर्थिक अवस्थामा निर्भर रहनु परेको देखिन्छ । घरमा खाना खर्च नभएपछि सोही कारणले गर्दा पनि परिवारम भ्कै भ्कगडा हुने प्रमुख कारण रहेको छ ।

## ४.३महिला हिंसाबारे जानकारीको विवरण

### ४.३.१ महिला हिंसा संवन्धि जानकारीको विवरण

उत्तरदाता महिलाको महिला हिंसा संबन्धि जानकारीको बिवरण तालिका नं.१४ मार्फत यसप्रकार उल्लेख गरीएको छ

**तालिका नं.१४ महिला हिंसा संवन्धि जानकारीको विवरण**

| क.स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला हिंसाबारे जानकारि छ | ४३ | ९४ |
| २ | महिला हिंसाबारे जानकारि छैन | ३ | ६ |
| ३ | जम्मा | ४६ | १०० |

*स्रोत : स्थलगत अध्ययन् २०७४*

तालिका नं.१४ ले उत्तरदाता महिलामध्ये धेरैजसो महिलालाई महिला हिंसाको बारेमा जानकारि भएको कुरा प्रष्ट पारेको छ। जसमध्ये ९४ प्रतिशत महिलालाई यसबारेमा अबगत भएको थाहा पाउन सकिन्छ। यसैगरि मात्र ६ प्रतिशतलाई यसबारेमा थाहा नभएको तालिका नं.१४ बाट प्रष्ट देखाईएको छ । महिला हिंसाको बारेमा थाहा भएको नभएको महिलाहरुमा धेरै फरक रहेको पाइएको छ । जस्तै महिला हिंसा बारेमा जानकारी भएको महिलाहरुमा आफ्नो घरपरिवारमा पनि हिंसाको बारेमा केही कुराहरु भन्ने गरेको पाइन्छ भने हिंसाकै वारेमा नबुझेको महिलाहरुलाई आफूले कस्तो किसिमको हिंसाबाट गुर्जि रहेकी छु भन्ने कुरा नै थाहा हुदैन। आफु हिंसामा परेको कुरा कसैलाई भन्न पनि सक्दैनन्। यस कारणले हिंसाको बारेमा थाहा भएको र नभएको महिलाहरुको बारेमा धेरै फरक रहेको पाइएको छ।

महिला हिसाको बारेमा जानकारी नहने महिला मध्य अशिक्षित जनचेतनाको कमि भएका महिलाहरू रहेका छन्। आफुमा ठिक जस्तो किसिमको हिंसा भैरहेको छ। हिंसा भनेको के हो भन्ने जस्ता कुरा पनि हिंसाको सिकार हुन पुगेका हुन्छन्। यस अध्ययन अर्न्तगत जुन महिला अलि अलि हिक्षित छन्। हिंसाको बारेमा जानकारी छ वा कुनै पनि समुह भयो बैंठकहरूमा सहभागी हुन्छन् त्यस्तो महिलाहरूलाई हिंसाको बारेमा धेरथोर भए तापनि जानकारी हुन्छ मुख्य तथा हिंसाको बारेमा अलि चासो हुने आफुले पनि कतै हिंसा त भोगिरहेको छैन भने विचार पुर्याउने महिलाहरूमा हिंसाको जानकारी भएको देखिन्छ सोहि कारणले अहिलेको अवस्थामा कमै मात्रामा महिलाहरूलाई हिंसाको बारेमा जानकारी नरहेको देखिएको थिया।

### ४.३.२ महिलाहरुको महिला हिंसा सम्बन्धि बुझाईको विवरण

महिला हिंसाको बारेमा जानकारी हुने महिला हरुले महिला हिंसा भन्नाले के बुझेका छन् त भन्ने संबन्धमा प्रश्न गर्दा आएको जवाफको विवरण यसप्रकार छ । जम्मा उत्तरदाता महिला मध्ये ६८ प्रतिशत महिलाले सारिरीक चोटपटक, गालिबेइज्जेती गर्नु,जबरजस्ती घरबाहिर निकाल्नु, श्रीमानले रक्सी खाएर जथाभावि गालिगलौज गर्नु, पिट्नु ,सासुससुराबाट जबरजस्ती अनिच्छित काम गराउनु र नमानेको खण्डमा कुटपिट गर्नु जस्ता व्यवहारलाई नै हिंसा भनिन्छ भन्ने विचार प्रष्ट पारेका छन् । यिमध्ये १७ प्रतिशत महिलाले चाँहिश्रीमानले मदिरा सेबनगरी जबरजस्ती शारीरीक संबन्ध राख्न बाध्य पारिनुलाई पनि आफुमाथि हिंसा भएको बुझेका बताउछन् । यसैगरी ९ प्रतिशत महिलाहरुले आफुलाई विवाहपछि जबरजस्ती पढाई छाडेर घरको काममा लगाईनुका साथै,दुखपिडा दिनु र अबहेलना गरिनुलाई हिंसा भनेर भनेका छन् । जम्मा उत्तरदाता महिलामध्ये बाकि ६ प्रतिशत महिलाहरुलाई हिंसाको बारेमा कुनै जानकारी नै नरहेको कुरा यस अध्ययनबाट प्राप्त तथ्याकीय विवरणले प्रष्ट्याएको छ ।

**४.३.३ महिलाहिंसाको प्रकारबारेमा उत्तरदाता महिलामा भएको जानकारीको विवरण यस प्रकार तलको तालिकामा उल्लेख गरीएको छ ।**

**तालिका : १५, महिला हिंसाको प्रकारबारेको विवरण**

| क्र.स. | महिलाहरुकाबिचारमा हिंसात्मकक्रियाकलापका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शारिरीक पिडा र मानसिक पिडा दुबै | २७ | ५९ |
| २ | यौन शोषण | ८ | १७ |
| ३ | चेलिबेटि बेचबिखन | २ | ४ |
| ४ | बालबिबाह | २ | ४ |
| ५ | बहुबिबाह | ३ | ६ |
| ६ | बलात्कार | १ | २ |
| ७ | असमान ज्याला | १ | २ |
| ८ | थाहा छैन/भन्न सक्दिन | ३ | ६ |
| | जम्मा | ४६ | १०० |

**स्रोत : स्थलगत अध्ययन् २०७४**

तालिका नं.१५ बाट जम्मा उत्तरदाता महिलामध्ये ५९ प्रतिशत महिला शारिरीक पिडा र मानसिक पिडा दुबैलाई महिलामाथि हुने गरेको हिंसा भनेर बुझेको प्रष्ट देखिएको छ । यसैगरि १७ प्रतिशतले यौन शोषण लाई, ४ प्रतिशतले चेलिबेटि बेचबिखनलाई, ४ प्रतिशतले बालबिबाहलाई, ६ प्रतिशतले बहुबिबाहलाई, २ प्रतिशतले बलात्कारलाई, २ प्रतिशतले असमान ज्यालालाई महिला हिंसा भनेर बुझेका माथिको तालिकाबाट प्रष्ट देखिएको छ । अन्तः जम्मा उत्तरदाता महिलामध्ये ६ प्रतिशत महिलालाई महिला हिंसाको बारेमा कुनैपनि जानकारी नभएको कुरा यस अध्ययनबाट प्रष्ट हुन आएको छ ।

### ४.३.४महिला हिंसा संबन्धिको कानुनि प्राबधान बारेमा जानकारी भए नभएको बारेमा बिवरण

यस प्रश्नबाट कतिपय महिलालाई महिला हिंसा संबन्धि भएको कानुनि प्राबधानबारे कुनैपनि जानकारी नभएको कुरा प्रष्ट हुन आएको छ । जुन तथ्याकंलाई तालिका नं.१६ ले प्रष्ट रुपमा देखाएको छ ।

**तालिका :१६, कानुनी प्रावधान बारेको जानकारीको विवरण**

| कानुनी प्रावधान बारेमा जानकारी | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| छ | ३६ | ७८ |
| छैन | ७ | १५ |
| थाहा छैन | ३ | ७ |
| जम्मा | ४६ | १०० |

**स्रोत : स्थलगत अध्ययन २०७४**

तालिका नं.१६ बाट कतिपय महिलालाई महिला हिंसा संबन्धिको कानुनि प्रावधानबारेमा के कस्ता कानुनी व्यबस्ता हाम्रो सरकारले गरेको छ त, भन्ने बारेमा कुनै जानकारी नरहेको पाईयो , जसमध्ये जम्मा उत्तरदाता महिलामध्ये १५ प्रतिशत महिला पर्दछन् । यसैगरी ७ प्रतिशत महिलालाई त झनै कानुनि प्रावधान भनेको नै थाहा नभएको पाईयो । निष्कर्षमा जम्मा उत्तरदाता महिलामध्ये अधिकांस ७८ प्रतिशतलाई यसबारेमा जानकारी भएको माथिको तालिकाबाट पनि प्रष्ट बुझ्न सकिन्छ ।नेपालमा महिला हिंसा

सम्वन्धी जे जस्तो कानून बने पनि ती कानूनहरु अझै सम्म पनि गाँउ घरका महिलाहरुमा जनचेतनाको रुपमा लागु हुन सकेको कमै पाइएको छ । अहिलेको अवस्थामा महिला हिंसा सम्वन्धीको कानूनी प्रावधानको बारेमा सबै कुराको बारेमा बुझ्न गारो नै परेको छ । कानूनी प्रावधान थाहा भएको महिलाहरुमा आफूमा हिंसा भएको थाहा पाउने वित्तिकै कुन निकायमा गएर उजुरी गर्नु पर्छ भन्ने कुरा थाहा रहेको र सोही कारणले गर्दा घर परिवारमा हिंसा कम भएको पाइएको छ । थोरै जसो महिलाहरुमा कानूनी प्रावधानको बारेमा थाहा नरहेको र घर परिवारको बीचमा असमझदारी, कुटपिट, यौनदूर ब्यवहार, मादक पदार्थ सेवन गरी घरमा झै झगडा गर्ने जस्ता कुराहरु भएपछि कस्तो निकायमा गई उजुर गर्नु पर्छ भन्ने कुरा समेत थाहा नभएको फरक पाईएको छ ।

### ४.३.५ कानुनी प्रावधानको बारेमा जानकारी

**तालीका : १७, उत्तरदाता महिलाहरुमा भएको हिंसामा परेका महिलाहरुलाई सेवा प्रदान गर्ने निकायहरु बारेको जानकारी**

| क.स | कानुनी निकायहरु | महिलाहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अदालत | ८ | १६ |
| २ | वडा कार्यलय | ४ | ९ |
| ३ | प्रहरी चौकी | २३ | ५० |
| ४ | गाँउघरका समुहरु र बुढापाखा/बुद्धिजिबी मुख्यव्यक्ति | ४ | ९ |
| ५ | माईती नेपाल | ५ | ११ |
| ६ | थाहा छैन | २ | ५ |
| **जम्मा** | | ४६ | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०७४ ।*

तालिकानं.१७अनुसार महिलाहरु लाई कानुनी प्रावधानको बारेमा आफ्नो स्थानमा उपलब्ध कानुनी सेवाहरुका बारेमा के कति जानकारी छ भनेर आबश्यक तथ्याकं सकलन गरिएको थियो जुन माथिको तालिकाद्धारा उल्लेख छ । उक्त तालिकाका आधारमा सवभन्दा बढि प्रहरि कार्यलयबारे जानकारी हुने महिलाहरु ५० प्रतिशत, १६ प्रतिशतले अदालत, ९

प्रतिशतले वडा कार्यलय, ९ प्रतिशतले गाँउघरका स्थानिय समुह बुद्धिजिवी र बाँकी ११ प्रतिशत उत्तरदाता महिलाहरुले माइइती नेपाल र ४ प्रतिशतले यसप्रकार का कुनै जानकारी बारे थाहा नभएको भन्ने कुरा तालिका नं.१७ले प्रष्ट पारेको छ ।

### ४.४उत्तरदाता महिलाले महिला भएका कारणले पुरुषको तुलनामा बढि हिंसा सहनुपरेका हिंसात्मक क्रियाकलापबारेका जानकारीको विवरण

**तालिका :१८,महिला भएकै कारणले पुरुषको तुलनामा बढि मात्रामा हिंसा सहनु परे नपरेको बारे विवरण**

| हिंसात्मक व्यवहार | महिलाहरुको संख्या | प्रतिशत |
|---|---|---|
| **सहनुपरेको छ ।** | २१ | ४६ |
| **सहनुपरेको छैन** | २५ | ५४ |
| **जम्मा** | ४६ | १०० |

उत्तरदाता महिला लाई महिला भएकै कारणले पुरुषको तुलनामा बढि मात्रामा हिंसा सहनु परेको /नपरेको बारेमा जानकारी विवरणलाई यसप्रकार तल उल्लेखित तथ्यांबाट प्रष्ट पारिएको छ । समग्र उत्तरदाता महिलामध्ये केहि महिला हरुले महिला भएकै कारणले पुरुषको तुलनामा बढिमात्रामा हिंसा सहनु परेको कुरा अध्ययनमको क्रममा पत्ता लागेको छ । यसरी हिंसा सहनु बाध्य पारिएका महिला ४६ प्रतिशत रहेको कुरा यस अध्ययनले देखाएको छ । यसैगरि ५४ प्रतिशत महिलाई चाहि यसप्रकारको कुनैपनि हिंसात्मक व्यवहारको सामना गर्नु नपरेको कुरा यस अध्ययनबाट थाहा हुन आएको छ । यस अध्ययन अनुसार महिलाहरुले हिंसा सहनु परेको कम देखिएको छ । हिंसा हुने महिलाहरुमा विभिन्न किसिमका तनावहरु खेप्नु परेको घर परिवारबाट मानसिक तनाव पाएको, शारिरीक अवस्थामा समेत कमजोर रहेको, आर्थिक अवस्थामा कमी भएको फरकहरु पाइएको छ ।

यस अध्ययनको तथ्याङक अनुसार महिलाहरूलाई सहनु परेको र नपरेको मध्ये प्राय जसो दलित मगर जातिका महिलाहरूमा त्यस्तो देखिएको छ । हिंसा नै सहेर बस्नु पर्ने महिलाहरू मध्ये निम्न स्तरका महिलाहरूमा त्यस्तो देखिएको छ । हिंसा सहनुमा बाध्यहरूका कारणहरू महिलाहरू आफुले कुनै किसिमको आयस्रोत नभएको घरको जिवन स्तर निम्न रहेका महिलाहरूमा यस्तो देखिएको छ । हिंसा सहन नपरेकोमा घर परिवारका व्यक्तिहरू बुझ्कदार

रहेका नारी पुरूष सम्मान हुन भन्ने जस्ता कुरामा ध्यान दिने घर परिवारमा महिलाहरूले हिंसा सहनु परेको छैन हिंसा सहनु पर्ने र नपर्नेमा फरक जुन घरमा जन चेतनाको कमि छ त्यसमा हिंसा रहेको शिक्षित परिवार जनचेतानको पहुच भएको घरमा कम हिंसा रहेको देखिन्छ । यिनै फरक कारणहरू रहेका छन् ।

### ४.४.१समाजमा महिलाहरुले सहनु परेका हिंसाका प्रकार

अध्ययनका क्रममा उत्तरदाता महिलाहरुले धेरै प्रकारका हिंसाहरु भोगेको देखियो । शारिरीक र मानसिक रुपले पिडित हुने महिलाहरुमध्ये कतिले हिंसा सहेर घरमै बसेको देखियो भने कति महिलाले सहयोगका लागि संघ संस्थामा पुगेको पनि देखियो । उत्तरदाता महिलाले भोगेका हिंसाका प्रकारहरुलाई तालिका नं.१९मा प्रस्तुत  गरिएको छ ।

**तालिका : १९, महिला हिंसाको प्रकारको विवरण**

| **हिंसाको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शारिरीक यातना/मानसिक यातना | १३ | २८ |
| यौन शोषण | ३ | ७ |
| आर्थिक शोषण | २ | ४ |
| असमान सामाजिक सांस्कृतिक व्यावहार | १ | २ |
| परम्परागत शोषण | १ | २ |
| कुनैपनि प्रकारको हिंसा सहनु परेको छैन | २६ | ५७ |
| जम्मा | ४६ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७४ ।*

तालिका नं.१९ अनुसार जम्मा उत्तरदाता महिलाहरु मध्ये २८ प्रतिशत महिलाहरु शारिरीक हिंसा र  मानसिक हिंसाबाट पिडित भएको पाईयो भने बाँकी ७ प्रतिशत महिलाहरुमा यौन शोषण बाट पिडित भएको पाईयो ।यसैगरी अन्य ४ प्रतिशत महिलाहरु आर्थिक शोषणबाट र २ प्रतिशत महिलाहरु परम्परागत हिंसाबाट पीडित रहेको देखियो भने

अन्य २ प्रतिशत महिलाहरुचाहि असमान शारिरीक सांस्कृतकि व्यवहारका कारण हिंसामा परेको यस अध्ययन पछि जानकारी हुन आएको छ । अन्त्यमा बाँकी ५७ प्रतिशत महिलाहरुलाई चाँहि यसप्रकारका कुनैपनि हिंसात्मक व्यवहार सहनु नपरेको यस अध्ययनले प्रष्ट पारेको छ । यस अध्ययन अनुसन्धान अनुसार महिलाहरुमा विभिन्न किसिममा घरेलु हिंसाहरु सहनुपरेको जस्तै यौन शोषण, शारिरीक तथा मानसिक यातनाहरु भोग्नु परेको छ । यस्तो अवस्थामा महिलाहरु आफूलाई एकदमै कमजोर महशूस गरेको पाइएको छ ।

### ४.४.२ महिलामाथि हुने हिंसाका कारणहरु

हाम्रो समाज पुरुष प्रधान समाज हो । यहाँ महिलाको तुलनामा पुरुषको वर्चश्व धेरै रहेको पाईन्छ । महिलाहरु महिला भएकै कारण बढी मात्रामा हिंसाका शिकार बन्ने गरेको पाईन्छ । महिलाहरु विभिन्न कारणले गर्दा हिंसाको शिकार बन्ने गरेका छन् । जस्तै आर्थिक कारण, सामाजिक सांस्कृतिक कारण, राजनैतिक आदि कारणबाट हिंसित भएका छन् । आर्थिक स्रोत साधनहरुमा महिलाको पहुच नहुनु त्यस्तै विभिन्न परम्परागत सांस्कृतिक कारणहरु पनि महिला हिंसाका कारणहरु हुन् ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरु संग हिंसाका विभिन्न कारणहरु पत्ता लगाईएको थियो । जसअन्तर्गत अशिक्षाका कारण, दाईजोको कारण, जाडरक्सी सेवनको कारण , बहुविवाहका कारण, बोक्सीको आरोप, गर्भपतन, बलात्कार, परम्परागत सामाजीक सांस्कृतीक मुल्य मान्यताका आदिको कारणले महिलाहरु हिंसाको शिकार भएका छन् । जसलाई तलको  तालिकामा प्रस्तुत गरिएको छ । जुन तालिकामा हिंसा पीडित र हिंसा सहनु नपरेका सबै उत्तरदाता महिलाहरुको विचारलाई समाबेस गरिएको छ ।

अध्ययन क्षेत्रको अध्ययनको क्रममा उत्तरदाता महिलाहरुलाई महिलाहरुमाथि हिंसा हुनुका कारणहरु को बारेमा सोध्ने क्रममा प्राप्त विचारलाई यसप्रकारले उल्लेख गरिएको छ

**तालिका :२०हिंसाका कारणहरु**

| **हिंसाको कारण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षाको कमि | १५ | ३३ |
| कमजोर आर्थिक अबस्था | ५ | ११ |
| धर्म, संस्कृती, परम्परा | २ | ४ |
| महिलाको सामाजिक तथा सांस्कृतिक अवस्था | ४ | ७ |
| लैङ्गिक भेदभाब | ७ | १६ |
| श्रीमानको परस्त्री संग सम्वन्ध | ५ | ११ |
| दाईजो नल्याएका कारण | २ | ४ |
| श्रीमानले धुम्रपान मध्यपान सेवन गर्ने भएका कारण | ३ | ७ |
| थाहा छैन / भन्न सक्दैन | ३ | ७ |
| जम्मा | ४६ | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७४*

**शिक्षाको कमि:**जनचेतना नहुदा घरपरिवारबाट नै सामाजिक कार्यमा अग्रसर हुन नदिने तथा व्यापार व्यवसायमा पुरुषले मात्र अधिकार जमाउने हुदा ३३ प्रतिशत महिलाहरु हिंसामा परेको माथिको तथ्याङ्कले जनाएको छ ।

**आर्थिक अवस्था कमजोर** :गरीबिको कारण खाना, नाना र छानाको समस्याले गर्दा झगडा उत्पन्न हुने गरेको, जहाँ ११ प्रतिशत महिला रहेका छन् ।

**धर्म संस्कृति र परम्परा** :महिलाहरुलाई आफ्नो कुल घरानमा सामेल नगराएको तथा अन्तरजातिय विवाहले गर्दा उनीहरु लाई धार्मिक र पैतृक कार्यमा सहभागी नगराउने, जहाँ ४ प्रतिशत महिलाहरु हिंसामा परेका ।

**महिलाको सामाजिक तथा साँस्कृतिक अवस्था** :बैठक, सभा, सेमिनार, गोष्टी आदि जस्ता सामाजिक कार्यमा पुरुष मात्र सहभागी हुने हुदा ७ प्रतिशत महिला हिंसामा परेका ।

**लैङ्गिक भेदभाव** :महिलाहरुले मात्र चुल्हो चौको र घरधन्दा गर्नुपर्ने कारण देखाई माथिको तथ्याङ्क अनुसार १६ प्रतिशत महिलाहरु लैङ्गिक हिंसामा परेका छन् ।

**श्रीमान्को परस्त्रीसँगको संबन्ध** :घरमा सद्ये श्रीमती हुदाहुदै पनि अन्य महिलाहरु माथि यौन चाहना तथा शारीरिक संबन्ध राखेको कारण ११ प्रतिशत महिलाहरु हिंसामा परेको तथ्याङ्क छ ।

**दाईजो नल्याएका कारण** :दाईजो नल्याएका कारण श्रीमान् र घरपरिवार मिलेर हेला, हिंसा, गालिगलौज तथा कुटपिट समेत गर्ने गरेको हुदा ४ प्रतिशत महिला हिंसामा परेका छन् ।

**श्रीमान्ले धुम्रपान तथा मध्यपान सेवन गर्ने भएका कारण** :मध्यपान सेवन गरी महिलाहरुलाई हप्काई दप्काई तथा कुटपिट गर्ने भएको कारण ७ प्रतिशत महिलाहरु हिंसामा परेको तथ्याङ्कले देखाएको छ ।

### ४.४.३ महिलामाथि हुने हिंसात्मक क्रियाकलापमा दोषी

अध्ययनकै क्रममा महिला हरुमाथि हुने हिंसात्मक व्यवहारका लागि जिम्मेवार व्यक्ति को हुन त उत्तरदाता महिलाका विचारमा भनेर पनि सोधिएको थियो जुन प्रश्नको उत्तरको परिणाम स्वरुप अधिकांस महिलाले यसको पछाडि पुरुषको नै दोष रहने भएपनि यसबाट महिलापनि अछुतो नरहेको कुरा प्रष्ट पारेका छन् । जुन कुरालाई तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

**तालिका : २१, महिला दोषीको पहिचान बारेमाको विवरण**

| क्र.स. | दोषीको पहिचान | दोषी ठहराउने उत्तरदाता महिलाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | २५ | ५४ |
| २ | महिला | १८ | ४० |
| ३ | थाहा छैन | ३ | ६ |
| | | ४६ | १०० |

*स्थलगत अध्ययन, २०७४*

वास्तवमा महिलामाथि हुने हिंसापुर्ण व्यवहारका लागि पुरुष पहिलो दोषी मानिएतापनि महिला पनि कम चाहि छैनन् भन्नेकुरा माथिको यस तालिकाबाट प्रष्ट हुन्छ ।जसअनुसार महिला हिंसाहरु हिंसामा पर्नुमा ५४ प्रतिशत पुरुष दोषी भएतापनि ४०

प्रतिशत महिलाहरुकै कारण महिलाहरुमा हिंसा हुने गरेकोछभने ६पतिशतलेथाहाछैनभन्ने कारण यस अध्ययनले प्रष्ट पारेको छ । पुरुष र महिलाले गर्ने भेदभावमा महिलाहरुमा पनि कमी छैन । घर परिवारमा रहेका नन्द, आमाजु, सासु ससुराहरुबाट झनै हिंसा भोग्नु परेको घरपरिवार भाडेको अवस्थाहरु एकदमै देखिएको छ । पुरुषले आफ्नो श्रीमतीहरुलाई मात्रै हिंसा गरेको पाइएको छ ।

## अध्याय–पाँच

## महिलामाथि हुने घरेलु हिंसाका कारणहरु

१ **बहुविवाहः** बहुविवाह पनि महिलाहरुमाथि हुने हिंसाको मुख्य कारण हो । यसले घरमा विभिन्न किसीमको असान्ती फैलाउने गरेको पाईएको छ । बहुविवाहको कारणले घरमा श्रीमान श्रीमतीमा मेलमिलाप नभएको, जेठि श्रीमती र कान्छी श्रीमतीका विचमा सधैको कलह दिनदिनै हुने र कान्छी श्रीमतीका कारण जेठी श्रीमतीले धेरै दुख सहने गरेको र सकेसम्म घर देखि अलग बस्ने गरेको छ भन्ने यस अध्ययनले प्रष्ट पारेको छ । विवाह पुर्ब कान्छी श्रीमती लाई घरमा अर्की श्रीमती छ भन्ने कुरा थाहा पनि नहुने यस अध्ययनले देखाएको छ । बहुविवाहका कारणले गर्दा छोरा छोरीहरुमा पनि भेदभाब हुने गरेको कुरा यस अध्ययनले देखाएको छ । यि विवीध कारणहरुले गर्दा बहुविवाहले गर्दा घरमा असान्ती हुने, छोरा छोरीले सौतेनी आमाबाट अपहेलित हुनपर्ने र जेठि श्रीमतीले हिंसा सहने गरेको कुरा यस अध्ययनले प्रष्ट पारेको छ । यसमा गिताको व्यक्तिगत जिवनी बारे गरिएको अध्ययनबाट महिलाहरुमाथि हुने गरेका हिंसाको कारण बहुविवाह हो भनेर प्रष्ट बुझ्न सकिन्छ ।यस घटनालाई यहाँ उल्लेख गरिएको छ ।

**<u>गीताको व्यक्तिगत अध्ययन् :-</u>**

*मेरो नाम गिता सिग्देल हो मेरो जन्म स्थान धादिङ्ग को नौवीसेमा २०३४ सालमा भएको हो । मैले कक्षा ८ सम्म पढेकी छु । कक्षा ८ मा जिल्ला स्तरिय परिक्षा हुने भएकोले ८ कक्षामा म फेल भए । यसपछि मेरो बुबाले मलाई पढ्न छुटाईदिनुभयो । त्यसपछि बुबा आमाले मेरो विवाह गरिदिने भनेर केटा हेर्न थाल्नुभयो र नजिकैको आफन्त पर्ने ठुलोबुबालाई अब यसको विवाह गरिदिनुपर्छ केटो खोज दाई भनेपछि ठुलो बुबाले मच्छेगाँउमा बस्ने आफन्तीलाई भेटेर करो चलाउनुभयो । केटा हेर्न आएर केहि दिनपछि बुबाले विवाह पनि गरिदिनु भयो । यसै क्रममा मेरो विवाह यस मच्छेगाँउको धाप्सी भन्ने ठाँउमा भयो र म अहिले यसै ठाँउमा आफ्नो जिवन बिताईरहेकी छु । विवाह भएको केहि समयपछि श्रीमान चाहि सधै रक्सी खाएर मातेर घर आउने गर्नुहुन्थ्यो उहाँ चाहि पुलिसको हवलदार हुनुहुन्थ्यो । पहिले पहिले सरकारि जागिरे भनेपछि धेरै मान्यता हुने गर्दथ्यो यसकारणले बुबाले मलाई*

*पुलीससंग विवाह गरिदिनु भयो । यसैगरि मेरा दिन हरु वित्दैथिए । सोहि क्रममा श्रीमानले आफ्नो जागिर माओबादि द्वन्द्ध का कारणले छोड्नुभयो । एउटा सहारा भनेको त्यहि जागिर नै थियो । धेरै नभएपनि घरखर्च टार्न सकिन्थ्यो । यस समयमा एउटा छोरा जन्मीयो । समय वित्दै जादा श्रीमानको रक्सी सेवन गर्ने बानि हुदैगयो जसको कारणले घरमा असान्ती हुन थाल्यो । यसरी नै समय वित्दै गयो यत्तिकैमा दुई जना केटाकेटि जन्मीसकेका थिए । तिनीहरुलाई पढाउने लेखाउने गर्नपर्ने खेतीपाती पनि प्रसस्त नभएको कारणले जीवीको पार्जनका लागि निकै समस्या परेको थियो । माईतीलाई भनौ भने पनि उताबाट बुबाले रिसाउने कसरि भन्ने यसकारणले निकै नै कष्टकर दिनहरु विताउदै थिए । पछि मेरो श्रीमानले विदेश जान्छुभनि सापटि ऋण काटेर विदेश जाने योजना बनाएर घरबाट विदेश जान्छुभनी निस्कीए । ५ महिना भईसक्यो पैसा पठाउन त परै जावस फोन सम्म पनि आएको छैन । खबर पनि भएन त्यति बेला प्रसस्त मात्रामा फोन पनि थिएन चिठि पठाउन सक्थ्यो त्यो पनि छैन । एकै पटक २ बर्षपछि थाहा भयो उनि त यहि काठमाण्डौमा कोठा भाडामा लिएर अर्की श्रीमती संग बसेका रहेछन् । छोरा छोरिहरुले थाहा पाएपछि बुबालाई लिएर आउ भने माईती बाट पनि घरमा बोलाउभने लोकको लाजकाजले घरमा नै बोलाए । समाजलाई जुटाइ घरमा नै बस्ने अवस्था गराए । तर के लाग्थ्यो जड्याको जाड खाने बानी कहिल्लै छुट्थ्यो र ? त्यति गरिसक्दा पनि मलाई पीट्न गालि गर्न छाडेनन् । छोराछोरी बुझ्ने भैसकेका थिए । अव त यस्तो बानि छोड भन्दा पनि मानेनन् । म देखि तिमी दिक्क छो भने कान्छीलाई यहि ल्याएर राख पनि भने तर कान्छी चाहि आउन नमान्ने श्रीमानलाई घरमा बस्न नै नदिन घरमा आयोकी बोलाउन पठाई हाल्ने गर्नथालि त्यसको कारणले गर्दा मलाई मानशिक पिडा दिन थाल्यो । यसरि रक्सी खान झनै बढि भयो । यसले मलाई दुख दिनाले यो छोराछोरिको भविष्य नै सोच्न थालेन । जेठो छोरा कक्षा १२ पढ्ने भईसक्दापनि केहि चासो दिएन र छोरालाई विदेश पठाईदिए । यसोतेसो गरेर भएपनि त्यसपछि त श्रीमान भनाउदा झनै बढि रिसाउने गर्नथाले । छोराले कमाएर पठाएको पैसा दे भनि घरमा धर्ना टेक्न थाले । यसरि मैले सौता लाई बोलाएर तेरो श्रीमानलाई लगेर जा भने उसले खुसी भएर लगि । तर त्यहाँ कान्छी श्रीमतीका डर*

*मान्थे केहि नबोली बस्थे रे । यहाँ घरमा आईसकेपछि मलाई चाहि नानाभाती गालि गर्ने, पिट्ने गर्दथे । मेरा दुखका दिनहरु अझैपनि यसैगरि बितिरहेका छन ।*

२. **शिक्षाको कमी:** महिलाहरु यसै त पहिले पहिले कम मात्रामा स्कुल जाने र बाबुआमाले छोरालाई भन्दापनि छोरीलाई स्कुल पठाउने प्रचलन पहिलेको अवस्थामा एकदमै धेरै रहेको यस अध्ययन बाट थाहा हुन्छ । जसले गर्दा अशिक्षित महिलाले पुरुष सँग प्रतिकार गर्न नसकी घरेलु हिंसामा परेको पाए ।

३. **कमजोर आर्थिक अवस्था:**घर परिवारको खर्च टार्न नै गाह्रो हुने यस समाजमा कमजोर आर्थिक अवस्थाका कारणले पनि श्रीमान श्रीमती विचमा कलह हुने गर्दछ । प्रायजसो दलित तथा पिछडिएको समुदायमा यस्तो समस्या रहेको देखिन्छ । आर्थिक समस्याले गर्दा कुनै कुनै महिलाहरु पनि आफ्नो घरको आवस्यकता पुरा गर्नका निम्ति ज्याला मजदुरी गरि खर्च टारेका त छन् तरपनी लाचार र बेरोजगार महिलाहरु हिंसाको सिकार हुनुपर्ने भएको यस अध्ययनले प्रस्ट पारेको छ । उदारणको रुपमा नेहाको व्यक्तिगत जिवनिबारेको अध्ययनलाई लिन सकिन्छ । जसमा महिलाहरुमाथि हुने हिंसाको कारण कमजोर आर्थिक अवस्था हो भन्ने कुरा प्रष्ट छ ।

***<u>नेहाको व्यक्तिगत अध्ययन्</u>***

*नेहा मगर, म ३१ बर्ष पुगे । मेरो मईती तराई मधेश हो । मेरो श्रीमान मधेश घुम्न आउँदा हाम्रो प्रेम विबाह भयो, त्यतिखेर म बिराटनगरमा ब्यूटिपार्लर खोलेर बसेकी थिए । बिवाह पछि दुई बर्ष जति सँगै बसियो त्यस पछि श्रीमानले बिदेश जाने भन्न थाले तर उ सँग बिदेश जाने पैसा थिएन हामि दुबैको सल्लाहमा मेरो पार्लर बेचियो । बच्चा पनि जन्मियो । म घरमै बच्चासँग बस्न थाले । म सँग खान र बच्चाको लागि खर्च थिएन , अब श्रीमानले कमाएर पठाउलानी भनेर पार्लर पनि बेचिहालियो । तर श्रीमान बिदेश उडेको तीन महिना नपुग्दै पर्कनछु काम गर्न सकिएन, खट्न गारो भयो भनेर फोन गर्नु भयो । म अक्कन बक्क भए । दुख गर्नु एक दुई बर्ष भनेर सम्झउँदा मान्नु भएन, अन्तन्त फर्कनु भयो । फर्के पछि खान लाउन खर्चको धौ धौ पर्‍यो हामिलाई । एक दिन इन्डिया आफन्तको घर भेटघाटको लागि गयौं । उहाँहरुले यतै बसि काम गर्न सल्लाह दिनु भयो । हामिलाई*

*पनि खर्चको खाँचो भएकोले उतै काम गर्ने सोच बनायौं । श्रीमान काममा जानुहुन्थ्यो म घरैमा बच्चासँग । कामबाट खान मुस्किलले पुग्दैथ्यो । पाँच छ महिना पछि घरमा पैसा ल्याउन ढिलाई गर्न थाल्नु भयो ,साउले तलब दिएन भनेर कुरा टालटुल गर्दै दिनदिनै मातेर आउन थाले । मलाई लाग्न थाल्यो कोही लड्कीसँग लागेकोछ । बच्चा र मलाई गर्ने मायामा कमि हुन थाले पछि वरपर बुझ्दा अरुकै श्रीमतीसँग लागेको चाल पाएँ । श्रीमानलाई फकाईफूलाई गरी सोध्दा होई न भनेर झोक्किनु हुन्थ्यो, कुटाई पनि कति खाए । एकदिन घर आउनु भएन, भोलि पर्सि पनि आउनु भएन । पछि सुने अर्काको श्रीमती लिएर भाग्यो रे । म रुन कराउन थाले ,मलाई मर्न मन लाग्यो तर बच्चाको मायाले मर्न सकिन । आफन्त कहा नै एक बर्ष बसे । अरुको घरमा यसरी बस्न हुदैन ,यो बच्चाको लागि भए पनि श्रीमानलाई खोज्नु पर्छ ,बच्चा बिरमी हुन्छ खर्च हुदैनथ्यो , कपडा किन्ने खर्च हुदैनथ्यो ,दिनदिनै पढाई खर्च लाग्छ यो सबै सोचेर र उसको मायाले सोधखोज गर्दा धापुसी घर लगेर गएको खबर सुने । म पनि उतै जान्छु सँगै नबसे पनि खर्च मागेर केही गर्छु भनेर आए । घर पुगेर बसेको मात्रै थिए किन आईस् भनेर मलाई कुट्न थाल्यो , सौताले पनि कुट्न थाल्यो म बेहोस भएछु । छिमेकीहरुले अस्पताल लगेछन् । टाउकोमा ठूलो चोट लागेकोले पन्ध्र टाँका परेछ ,एक हप्ता अस्पतालमा बस्नु पर्नेरे । यहा बस्दा खाना पनि ल्याईदिदैनन् , हेर्न पनि आएको छैन । मलाई टाउको एकदमै दुखिरहेको र रिंगटा घुमिरहेको थियो यसरी निको हुन निकै लामो समय लागेको थियो । पछि आएर घरमा बस्नको लागि मलाई छिमेकीले मदत गरे र म जसोतसो यातना सहेर बस्न बाध्य छु अहिले मसंग अरु कुनै उपाए पनि छैन ।*

४. **धर्म, संस्कृती र परम्पराः** हाम्रो समाज हिन्दु धर्म मान्ने समाज हो । तरपनि अहिलेको २१ औ सताव्दीमा आएर मान्छेका विचारहरु फरक फरक हुदै गएको छ ।समयको परिवर्तन संगै मानिसका चाहनाहरु पनि परिवर्तन हुदै गएका यस अध्ययनले प्रष्ट्याएको छ ।कुनै कुनै व्यक्तिहरु पुरानो सोचका पनि छन् र कोहि पहिलेका कुरालाई हटाएर नयाँ सोचका साथ अगाडि बडेका पनि छन् । यसअन्तर्गत समयको फेरबदल संगै हरेकको सोच अर्को व्यक्तिसंग नमील्न सक्ने अवस्था आईसकेको छ । यस अध्ययनका क्रममा महिलाहरु माथि हिंसा हुनुको कारण धर्म संस्कृती र परम्परा का कारण पनि हो भन्ने बुझीन्छ । यसअन्तर्गत घरमा सासु र

ससुराले पुरानो विश्वास लाई मान्ने र हालका बुहारि आधुनिकता  लाई रुचाउने र यसअनुसार चल्न खोज्ने कारणले घरमा कलह हुने र महिलाले गलौज सहन बाध्य रहेका यस अध्ययनले देखाएको छ । पुरानो धर्म संस्कृतीले महिलाहरु लाई पछाडि पारेको र यसको नाममा पनि विवाहित महिलाहरु हिंसामा परेका यस अध्ययनले देखाएको छ । जस्तोः ममताको व्यक्तिगत जिवनीबारे गरिएको अध्ययनले महिलाहरुमाथि हुने गरेको हिंसाको कारण धर्म, संस्कृती र परम्परा हो भन्ने कुरा प्रष्ट पारेको छ ।

***<u>ममताको व्यक्तितग अध्ययन</u>***

*वर्ष १९ की ममता सुनार (नाम परिवर्तन) चन्द्रागिरी नगरपालिका ढाक्सी वडा नं ९ मा बस्नुहुन्छ । आफु सानै छदा वावुका मृत्यु भएको बताउने ममता आमासंग बस्दै आउनु भएको थियो । आफु १० वर्षकी  हुदा आमा पनि अर्कै संग विवाह गरेर गएपछि उहाँ मामाको घरमा बस्दै आउनु भएको थियो । पढ्ने चाहना हुदाहुदै पढाई छुटाएर्दिइएका कारण आफ्नो सपना टुट्यो । कक्षा ५ सम्मको अध्ययन गरेको उहाँले पढ्ने उमेरमा वावु आमाले साथ छोडेर गएपछि र मामा घरको पनि आर्थिक स्थिति कमजोर भएका कारण पढ्न नपाएको गुनासो गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ, आफु १४ वर्षका हुदा मामाले यसै गाँउका दिनेस वि.क. संग विवाह गरिदिए देखि झन् दुःखका दिनहरु शूरु भए ।श्रीमान र सासुले त शुरुमा राम्रै  गर्नुहुन्थ्यो तर ससुराको बानी साह्रै खराब छ । जाँड रक्सी नखाएको दिन हुदैन घरमा आफै जाड बनाईदिनु  पर्छ र जाँड खाएपछि उल्टै म संग निहु खोजि झगडा गर्नुहुन्छ । त यस्ताकी छोरी हाम्रो घरमा  सुहाउदिनस् गईहाल त मेरो घरमा बस्नु पर्दैन भन्दै नानाथरीले गाली गर्नुहुन्छ । आजभोली त श्रीमानले पनि खाली निहु खोजेर झगडा गर्ने मात्र गर्नुहुन्छ। अहिले मेरो साथमा ३ वटि साना साना छोरी छन् । यही कान्छि छोरी जन्मेदेखि  श्रीमान पनि म संग सधैं झगडा मात्र गर्नुहुन्छ । यो कान्छी छोरी पेटमा भएको बेला मलाई साह्रै शारिरीक र मानसिक यातना दिनुहुन्थ्यो । अब पनि मैलै छोरी जन्माए भने अर्को विहे गर्नेमा धम्की दिनुहुन्थ्यो । दुर्भाग्यवश यसपल्ट पनि छोरी नै जन्मीई । म सुत्केरी भएको ५ दिनको दिनमा फेरी पनि छोरी पाइस भन्दै श्रीमानले धेरै  कुट्नुभयो । त्यो समयमा सासु पनि घरमा नभएकाले सकी*

*नसकी खाना पकाएइ खुवाउनु पर्दथ्यो आफुलाई खाना नपुगेर भोक भोकै पनि बस्नुपरेको अबस्था आउथ्यो ।तरपनि मलाई साथ दिने कोहि थिएन । जनतन दिनहरु बित्दै गए अब यातना सहनु नै आफ्नो भाग्य भएको थियो । यसरी एकान्तमा रोएरै कैयौ दिनहरु विताउदै गए र आजसम्म पनि छोरा दिन नसकेको कारणले अनेकन थरीको यातना सहन बाध्य पारिएकी छु । आफ्नो भाग्यलाई धिक्कार्नु सिवाय मसंग अरु कै नै गर्ने साहश भएन । मेरो श्रीमान पनि आजभोली म संग खासै राम्रो संग बोल्नु पनि हुदैन बोल्यो भने पनि खाली अर्को बिहे गर्ने कुरामा मलाई कुटिरहनु हुन्छ । म कहाँ जाँउ जाने ठाँउ पनि कतै छैन । वावु आमा पनि छैनन् मामा घर पनि यस्तै हो सधै कहाँ राम्रो हुन्छ ? बिहे भएपछि सुख दुःख जे भएपनि सहेर आफ्नै घरमा बस्नुपर्छ  भन्नुहुन्छ । घरपरिवारको डर त्रासले र आफु झन अपहेलित हुने डरले आफ्नो समस्या कतै भन्न नचाहने ममता भन्नुहुन्छ , दूःखी लाई कहिले सुख हुन्छ र ? सानो छदा पनि दुःख पाए अहिले पनि यो अवस्था मा छु मेरो कर्म यस्तै रहेछ भनेर आफ्नो कर्मलाई धिकार्दै छोरीहरुको भविष्यको लागि आफु बाँच्नु परेको उहाँ बताउनु  हुन्छ । उहाँले चाहेर पनि लोक र समाजका डरले गर्दा पनि आफु यसप्रकारका व्यवहारहरु सहेर बस्न बाध्य भएको र यसको अलावा अन्य केहि गर्न सक्ने हिम्मत पनि नभएको उहाँ बताउनु हुन्छ । यत्तिकैमा उहाँका आँखाहरु रसाउन थाल्छन् । अनि पछ्यौराको सप्काले आसु पुछ्दै अब घरका परिवार हरु बाहिरबाट आउने समय भएको बताउदै आफुपनि विदा हुनुहुन्छ ।*

५. **महिलाहरुको सामाजीक तथा सांस्कृतीक अवस्थाः** महिलाको अवस्थालाई हेर्ने हो भने अहिलेको अवस्थामा समाजमा महिलाको सामाजीक सांस्कृतीक अवस्था कमजोर रहेका कारण महिलाहरु हिंसामा पर्ने गरेको पाईएको छ । हाम्रो समाजमा महिलाहरुका लागि र पुरुषका लागि फरक सामाजीक नियम कानुन र मान्यता रहेको छ जसका कारण महिलामाथि विभिन्न प्रकारका अन्याय हुने गरेका छन् । महिला हरुले महिनावारिमा विभिन्न प्रकारका सामाजीक मान्यता अनुसार विविधता सहन वाध्य पारिएका हुन्छन् । समाजले महिला र पुरुषको दर्जा भिन्न भिन्नै राखेको छ जसले काम विभाजन देखि महिलालाई हेर्ने दृष्टिकोण समेत भिन्न छ जसले गर्दा महिला पिडीत छन् । यसप्रकारले महिलाहरुको सामाजीक सांस्कृतीक अवस्थाका

कारणले नै महिलाहरु घरपरिवार र समुदायबाट पिछडिएका कारण कुनै संघ सस्थाका गोष्ठिमा जानबाट बन्देज भएका र यसप्रकारका क्रियाकलापमा घरका जान्ने मान्ने पुरुषहरु मात्र प्राय सहभागि हुने गरेका र महिलाहरु लाई घरभित्रको काममा नै जोड दिने गरेका पाईन्छ । जसले गर्दा महिलाहरु सुचनाका हक वाट वंचीत पारिएका छन् । यसकारणले गर्दा हिंसा सहने वाध्य छन् भन्ने कुरा यस अध्ययनबाट जानकारी भएको छ ।

६. **लैङ्गिक भेदभाव** : महिलाहरुको स्वतन्त्रता र समानतालाई यस प्रकारको भेदभाबले ठुलो नकारात्मक प्रभाब पारेको छ । जस्तो पहिलो संपत्तिका हकमा महिला र पुरुषमा भेदभाब रहेको छ । यसैगरि दोस्रो आचरण र नैतिकताको प्रश्नले गर्दा आज नेपाली महिलाहरुले मुक्तिको बाटो पाउन सकेका छैनन् । तरपनि यहाँ महिला र पुरुषका लागि बेग्ला बेग्लै प्रचलन, कानुन र नियमहरु रहेका छन् । ती कानुन र नियमले गर्दानै महिला हिंसाका घटनाहरु दिनदिनै बढिरहेका छन् । यस अध्ययनले पनि महिला र पुरुषमा हुने भेदभाब पनि महिलाहरुमाथि हुने गरेका हिंसाको कारण हो भन्ने कुरा प्रष्ट देखिएको छ ।

हाम्रो नेपाली समाजमा महिलाको नाममा घर जग्गा पनि अत्यन्त कम मात्र रहेको छ यो पनि महिला माथि गरिने लैङ्गिक भेदभाब हो भन्ने उत्तरदाता महिलाहरुको भनाई रहेको छ । हाम्रो समाजमा पनि पुरुष जतिको समान सहभागिता महिलाहरुको कहि कतै देखिदैन । समाजका हर महत्वपुणस क्रियाकलापहरुमा महिला हरु को भन्दा पुरुषहरुको नै बढि मात्रामा सहभागिता रहेको र महिलाहरु खालि घरायसी काममा मात्र व्यस्त रहने गरेको पाईएको छ यो पनि महिला माथि हुने गरेको एकप्रकारको हिंसाको स्वरुप रहेको छ । समाज तथा गाँउघर घर परिवार जुनसुकै ठाँउमा महिला र पुरुषमा कुनै न कुनै रुपमा भैदभाबपुर्ण व्यवहार गरिएको पाईन्छ । यसपैकारको गरिने फरक फरक व्यवहार नै महिलाहरुमाथि हुने गरेका हिंसाका कारणहरु हुन् ।

महिलाहरुले जागिर नै खाने भएतापनि अफीसबाट घर आएर सबै घरका काम गर्नपर्ने बाध्यता रहेको छ । श्रीमानले घरायसी काममा सघाउने गरेको पाईएन जसले गर्दा महिलाहरुमाथि कामको लोड बढि भएकाले मानसिक तनाबमा रहने गरेका पनि पाईएको छ । घरायसी कामकाज, श्रीमानलाई समयमा खाना,

बालबच्चाको हेरचाह र सबै सरसफाईको जिम्मेवारि पनि महिलाहरुमाथि नै हुने गरेकोले महिलाहरु मनशिक तनावका रहने गरेका यस अध्ययनले देखाएको छ यसकारणले महिलाहरुमाथि हुने गरेका मानशिक समस्या पनि एकप्रकारको हिंसाका कारण भएको परिणाम नै हो भन्ने यस अध्ययनले प्रष्ट पारेको छ । यसप्रकारको महिलामाथि हुने गरेका हिंसाको कारण लैङ्गिक भेदभाव पनि हो भन्ने कुरा सीताको व्यक्तिगत जिवनीबारेको अध्ययनले प्रष्ट पारेको छ ।

***<u>सिताको व्यक्तिगत अध्ययन</u>***

*मेरो नाम सिता थापामगर हो। मेरो उमेर ४२ बर्ष भयो । मेरो जन्म चितवन जिल्लाको खैरेटि भन्ने ठाँउमा भएको हो । मेरो घरपरिवारको आर्थिक अवस्था कमजोर भएका कारणले मैले पढ्न पाईन । दाजुभाईहरु धेरै भएकोले बुबा आमाले पढाउन खोज्नुभएन र मैले पढ्न पाईन । किनभने मेरो बाबा आमासंग मलाई पढाउन सक्ने क्षमता थिएन र महिले दुख दिन पनि चाहिन । पहिले पहिले छोरीलाई हतपत स्कुल पठाउन पनि घरका परिवारले चाहदैनथिए । यसकारणले होला मेरो मनमा पनि स्कुल जानुपर्दछ भन्ने ईच्छ्या चाहना नै जागेन । म १५ बर्षकी हुदा मेरी ठुली आमाले काठमाण्डौको पहिलेको मच्छेगाँउ गा.वि.स. बस्ने राजु नाम गरेको मान्छेलाई लिएर मेरा विवाहको कुराकानी गर्न आउनुभयो । त्यसै समयमा मेरो बुबाआमा राजी भई मेरो विवाह राजुसंग गरिदिनु भयो । त्यतिखेर मलाई सानो उमेरमा विवाह गर्नु हुदैन भनेर थाहा भएन । विवाह हुदा म १५ बर्षको थिए विवाह भएको ३ वर्ष हुदा मेरो कोखबाट छोरी जन्मीन् छोरी जन्मेको ६ दिन नपुग्दै उनको मृत्यु भयो । यस अवस्थामा म सुत्केरी भएकी भएपनि घरको सबै कामकाज गर्नुपर्दथ्यो । यस्तो अवस्थामा पनि मेरो श्रीमानले मलाई कुनै सहयोग गर्नुभएन । उता छोरीको मृत्यु भएको पिडा खेप्नुपरेको थियो भने यता आलै सुत्केरी अवस्थामा घरको सबै काम गनुपरेको थियो । यस्तो अवस्थामा श्रीमानको साथ थिएन र केहि भन्न पनि सक्दैनथिए । यसैगरि श्रीमानसंगै सुत्न पनि डर लाग्न थाल्यो । केहि भन्ने हो की गालि गर्ने हो की भन्ने डर मनमा हुन्थ्यो । छोरी वितेको एक बर्ष भएपछि फेरि अर्को छोरिले मेरो कोखबाट जन्म लिईन त्यसपछि के खाईसक्नु थियो के बसिसक्नु थियो र, मेरो श्रीमानले मलाई गालि गर्ने पिट्ने*

*गर्नथाले । छोरा नजन्माको कारणले गर्दा मलाई दिन दिने अपहेलना सहन पर्ने भयो । म केहि बोल्न नसक्ने कारणले गर्दा दिन दिनै यातना बढ्दै गयो । यसरि नै ३ बर्ष वित्यो र ३ बर्षपछि मेरो छोरो जन्मीयो यसपछि केहि समय सम्म श्रीमान खुसी नै थिए । तर पनि पहिले दिएको चोट मेरो मनमा जरा गाडेर बसिसकेको थियो । यसरी छोरि जन्मेको कारणले धेरै दुख खेपेपछि छोरा जन्मीएको थियो । केहि समयपछि फेरि अर्को आपत आईलाग्यो । श्रीमान भनाउदा त अर्की संग लागेका पो रहेछन । मेरो श्रीमान सिकर्मी काम गर्छन् उनि सोल्टिमोडमा एउटा फर्निचरमा काम गर्दा अर्की महिलासंग माया बसेपछी मेरा श्रीमान विस्तारै घर आउन छाडे महिनौ पछि घर आउथे । घरमा आउदा मलाई पिट्ने गालि गर्ने र सधैं जसो निउ खोजेर घरआउन छाडेका थिए । यस्तो अवस्थामा माईत जाउ भनेपनि कसरि जाउ यससमयमा माईत गएभने झन उसलाई घरमा लिएर आउने होकी भनेर मन पिराली रहन्थ्यो । मैले केहि सोध्योकी मलाई पिटिहाल्थ्यो । यसकारण मलाई बोल्नपनि डर लाग्थ्यो । त्यसकारण छोरा छोरिलाई बाबा किन घर आउनुहुन्न भनेर सोध्न लगाउदा कामको कारण काठमाण्डौबाट बाहिर जानुपरेको कारण ले भन्ने गर्दथे । यसप्रकारले मनमा दुख पिडालाई लुकाएर भएपनि छोरा छोरीको अगाडि ढाकछोप गर्नपर्दछ । अहिले सम्म पनि यस्तैगरि चित्त बुझाउन परेको छ । उसको व्यवहारमा कुनै सुधार आएको छैन । मलाई उसंग बोल्नपनि डरलाग्छ । मनमा डर बसेको छ भाग्यमा यस्तै लेखेको रहेछ । म चाहेर पनि कहि कतै यसाबारेमा भन्न सक्दीन सासु ससुरा र समाजको अगाडि ईज्जत सोचेर यसरी सहेर बस्न विवश छु । माईत गएर बसौभने पनि छोरा छोरीको विचल्ली हुन्छ कसैगरि के गर्ने भनेर सोच्न सकेकी छैन अव यीनै छोराछोरीको मुख हेरेर बाच्ने त होलानी । म काममा लागे है त आएर देखेमा फेरि आपत आईलाग्छ ।*

७. **श्रीमानले धुम्रपान मध्यपान गर्ने भएका कारण:** धुम्रपान मध्यपानले हाम्रो समाजमा विकराल रुप लिएको छ । जतिसुकै मदिरापानमा सरकारले रोकतोक लगाएतापनि यसको नियन्त्रण अझै सम्म हुन सकेको छैन । यसकारण महिलामाथि हुने गरेका विभिन्न हिंसाका कारणहरुकमा यो पनि प्रमुख हुन गएको छ । महिले अध्ययन गरेका स्थानमा मगर र दलित समुदाय धेरै भएको र यस समाजमा जाँड र रक्सीको सेवन वढि मात्रामा हुने गरेको पाईन्छ । ज्याला मजदुरी गर्ने व्यक्तिले बढिजस्तो

साँझमा रक्सी सेवन गर्ने र साझमा मातेर घर आएर श्रीमती संग विनाकारण कलह गर्ने र कतिपय अवस्थामा हातपात गर्ने गरेका पनि यस अध्ययनमा संलग्न उत्तरदाता महिलाहरुको विवरणले देखाएको छ । यसैगरी रक्सी सेवकै कारणले श्रीमतीलाई जवरजस्ती योन सोषण गर्न खोजेका पनि कतिपय महिलाहरुले बताएका छन् । आफुले चाहेको समयमा यौन सम्पर्क राख्न नमानेको खण्डमा गालि गर्ने गरेका र कतिपय अवस्थामा हातपात गरेका पनि पाईएको छ र यसकारणले गर्दा महिलामाथि हिंसा हुने गरेको यस अध्ययनले प्रष्ट पारेको छ ।

८. **दाईजो नल्याएका कारणः** दाईजो हाम्रो समुदायमा महिलामाथि हुने गरेका हिंसाका कारणमध्ये एउटा कारण बन्न गएको यस अध्ययनबाट प्राप्त तथ्याकंले प्रष्ट्याएको छ । हाम्रो समाजमा जतिपनि दाईजोको बिरुद्धमा नारा विरोध जुलुस र नियम कानुन बनाईएतापनि यसका कारण महिलाहरुमा हुने गरेका हिंसात्मक गतिविधिमा भने कमि आउन सकेको छैन भन्ने यस अध्ययनबाट प्राप्त तथ्याकंले देखाएको छ । प्रायजसो विवाह अगाडि दाईजो चाहिदैन भनेर भनिएतापनि विवाह भएको केहि वर्षपछि भने घरपरिवार र श्रीमानबाट माईतीमा भएको आफ्नो नामको सम्पत्ती बेचेर पैसा ल्याउन भनि वारम्वार दवाव दिईने गरेका यस अध्ययनका सीलसिलामा केहि उत्तरदाता महिलाहरुले वताएका छन् । कतिपयले त समय समयमा समस्या भएका बेलामा माईतमा गएर पैसा ल्याउन भन्ने र श्रीमतीले नमानेका खण्डमा गालिगलौज र कुटपीट पनि गर्ने गरेका पाईएको छ । यसकारणले दाईजो भन्ने सव्दनै महिलाहरुका लागि एउटा वाधक शव्द बन्ने गरेको छ । यसका कारणले गर्दा नै महिलाहरुले श्रीमानसंगको सम्बन्धमा तनाब खेप्नु परेको छ । सासु र ससुराबाट बारम्बार गालि खानपरेको अवस्था रहेको छ । यसकारणले गर्दा पनि महिलाहरुमाथि हिंसा भईरहेको छ । यसप्रकारको महिलामाथि हुने गरेका हिंसाको कारण दाईजो पनि हो भन्ने कुरा रन्जुको व्यक्तिगत जिवनीबारेको अध्ययनले प्रष्ट पारेको छ ।

## *रञ्जुको व्यक्तिगत अध्ययन*

*म रञ्जु, हालको उमेर ३८ बर्षभएको छ । अहिले म आफ्नो श्रीमान् को घर विराटनगरमा बस्दै आइरहेकी छु । घरमा श्रीमान् १जना छोरा र १ जना छोरी सासुससुरा पनि सँगै रहेका छौ । मेरो बाल्यकाल कैलालीको टिकापुरमा बितेको थियो भने मैले प्लस टु सम्मको शिक्षाहासिलगरि सकेकी छु भनेर उहाले जानकारी दिनुभयो माइतीघरमा मेरो स्याहार सुशार एकदमै राम्रोसँग भएको थियो । सानो छदा माईतीमा घर वाहिरको कुनैपनि कामकाज गर्नुपरेको थिएन एकदमै सुखसयलमा बाल्यकालबितेको उहाँले जानकारी दिनुभयो । माईतीमा १ जना दाजु १ जना भाई पनि रहेको जानकारी दिनुभयो माईतीमा खेतीपाति प्रशस्त नै थियो कुनै किसिमको दुःख थिएन । बुवाको मृत्यु भएको ८ वर्ष भइसक्यो आमा पनि बुढी हुनुन्छ । सुगरको बीरामीले पनि सताइरहेको छ । आमाको यस्तो अबस्ता देखेर मलाई बिहे गर्न पटक्कै मन थिएन । उमेर पनि भइसकेका कारणले भिनाजुले अब त बिहे गर्नुपर्छ भनी बारम्बार भन्दाखेरी मैले आमाको विचारलाई पनि बूझेर बिहे गर्ने निर्णय गरे । २०७१ साल पुष महिनामा विराटनगरमा बिहे भयो । केटाको म दोश्रो श्रीमती हुन पुगे उनको पहिलो श्रीमतीले घर छोडेर गइ सकेकी रहिछन् । पहिलेको श्रीमती बाट ११ बर्षको छोरो र ६ वर्षकी छोरी रहिछन् । विवाह गर्दा केटा सहित केटाका घर परिवारले दाईजो केहि चाइदैन छोरी दिए पुग्छ भनेका थिए । विवाह भाको १ वर्षसम्म घर परिवारमा सबै व्यक्तिसँग राम्रो मेलमिलाप भएता पनि अहिलेको समयमा म बाट सन्तुष्टि छैनन् । श्रीमान् विरामी हुदा उपचारका लागि तेरो माइतीबाट रु ५०००० खुरुक्क लिएर आइज भनेर दबाद दिन थाले । त्यसपछि मैले तुरुन्त फोन गरेर भाईसँग पैसा मगाए । उनको दुई छोराछोरीको स्याहार शुसार आफ्नै बालबच्चा सम्झी हेरचाह गरीरहेको छु तरपनि छोरो चाहि मसँग सधै झगडा गर्ने गर्छ । बुवाको सामु राम्रो व्यवहार गर्ने र बाबु नहुदा भने हेला गर्ने गर्छ । घरमा ५ वटा जर्सीगाई पालेका छन् । पहिलेदेखि नै बैंकको ऋण रहेछ त्यसको व्याज साँवा तिर्न नसकी तेतिकै रहेको छ । त्यो ऋण तिर्नका लागि बारम्बार तेरो माईतीबाट ६ लाख रुपैया लिएर आइज भनीरहेका छन् । त्यो सबै भन्नुको कारण टिकापुरमा २ वटा घडेरी छ भन्ने थाहा पाएर रहेछ । हामिले पैला बिवाहमा केहि पनी माग गरेनौ अब चाहि तेही जग्गा बेचेर भए पनी हामिलाई पैसा चाहियो भनी रहेका छन् । विवाह गर्दा भिनाजु केटोको घर हेर्न जादाखेरी अर्काको*

*घर, घडेरीलाई आफ्नो भनी बहसमा पारेका थिए । तर आफु बसेको घर समेत दिदिको रहेछ जुन दिदि बिदेशमा हुनुहुन्छ । यो कुरा विवाहको २ वर्षपछिमात्र थाहा पाए यति भन्दै उहाले आफ्नो जीन्दगीलाई धिकार्दै जाम भने पनि कहा जाम भनी आँखाबाट आसुका धारा खसाल्नुभयो र आफ्नोकामतिर लाग्नुभयो ।*

९. **श्रीमानको परस्त्री संगको संम्वन्धः** महिलाहरुमाथि हुने गरेको हिंसाको अर्को कारण श्रीमानको परस्त्री संगको अनैतिक सम्बन्ध रहेको छ । जब श्रीमान यसप्रकारको सम्बन्धमा लाग्दछन् आफ्नो घर परिवार र श्रीमती प्रति चासो नराख्ने र प्रायजसो घरवाहिर नै रमाउने गर्दछन् । यसप्रकारले घर परिवार प्रति बेजिम्मेवार र समयमा कहिलेपनि घर आई नपुग्दा जब श्रीमतीले कारण सोध्छन् तब कारण बताउनको साटो उल्टै श्रीमतीलाई अनावस्यक दखल गरेको भन्दै गालिगलौज गने र हातपात गर्न थाल्छन् । यसप्रकारले श्रीमान र श्रीमतीको संवन्धमा तितोपना आउछ र यसका कारणले महिला मानशिक तथा शारिरीक हिंसाको सिकार हुन पुग्छन् भन्ने कुरा यस अध्ययनले प्रष्ट पारेको छ । एंव प्रकारले कतिपय उत्तरदाता महिलाहरुले यसप्रकारको श्रीमानको परस्त्री संगको संम्वन्धका कारणले कतिपय महिलाहरुको बसीबसाउ घरवार नै विग्रीएको बताएका छन् । जस कारणले महिला हरु श्रीमानसंग अलग भएर बस्न बाध्य रहेका पनि छन् भन्ने गरेका छन् । यसकारण यो पनि महिला हरुमाथि हुने गरेको हिंसाको कारण रहेको छ । यसप्रकारको महिलामाथि हुने गरेका हिंसाको कारण श्रीमानको परस्त्री संगको संम्वन्ध पनि हो भन्ने कुरा राधाको व्यक्तिगत जिवनीबारेको अध्ययनले प्रष्ट पारेको छ ।

**राधाको व्यक्तिगत अध्ययन्**

*बर्ष २८की राधाको जन्म चितवन जिल्लाको खैरेनी गा.वि.स. को वडा नं ५ मा भएको थियो । जसको बाल्यकाल एकदमै राम्रोसंग वितेको थियो । कक्षा १०सम्म अध्ययन गरेर विवाह २२ वर्षको उमेरमा हालको चन्द्रागिरि नगरपालिका को वडा नं ९ मा ढाक्सी मा भएको छ । विवाहको समयमा घरपरिवारका संयुक्त परिवार थियो । घरमा सासु, ससुरा, जेठाजु, जेठानी र तिनका छोराछोरि सबै परिवार साथमा थियौं । सासु भन्ने हो भने आमा समान पाएको थिए भन्नुहुन्छ । उहा भन्नुहुन्छ, केहि समय सम्म मेरो श्रीमान मसंग एकदमै खुसी हुनुहुन्थ्यो । केहि समयपछि*

श्रीमानको व्यवहारमा परिवर्तन हुदै गयो । विवाह भएको ३ वर्षमा छोरिको जन्म भयो । अहिले छोरि स्कुल जाने भईसकेकी छिन् । श्रीमानको व्यवहारबाट मलाई चित्त दुख्दै गयो । घरम प्रसस्त जग्गा जमीन थियो तरपनि त्यसको कुनै आम्दानी देखाउनुहुदैनथियो । केहि समयपछि जेठाजुपनि छुट्टिनुभयो । मेरो घर देखि केहि पर घर बनाएर आफ्नो परिवार वस्न थाल्नुभयो । मेरो श्रीमानको आनीबानी बुझ्दा आफ्नै भाउजु संग लागेका रहेछन् । मेरो विवाह हुनु अगाडि बाटनै फसल र अन्य आम्दानी आफ्नो भाउजुलाई दिनुहुदोरहेछ । मैले यतिसम्म पनि भनेकी विवाह गर्ने हो भने भाउजुलाई अहिलेपनि विवाह गर्न सक्छौ मलाई छोडपत्र देउ छोरि म आफै पाल्छु । आफै पढाउछु भनेर पनि भने । त र पनि केहि लागेन मलाई सधै मानशिक यातना दिईरहनु हुन्छ । त राम्री छैनस् घरबाट गैहाल भनेर साझपख सधै सुनाउनु हुन्छ । राती रक्सी खाई १, २ बजे घरमा आउने सधै वैठकमा नै सुत्ने गर्नुहुन्छ । आफ्नी भाउजुलाई दाई नभएको समयमा भेट्नुहुन्छ । उताबाट भाउजुले मिसकल दिएपछि यिनी भाउजु लाई भेट्न हिडिहाल्छन् । लोकको पनि लाज मान्दैनन् । यस्तो अवस्था देखेपछि मेरो सासुले पनि त साह्रै अन्यायमा परिस विवाह भएको केहि वर्षमा नै श्रीमानले तलाई दुख दिन थाल्यो । अर्को विवाह गरिजा भनेर मलाई सम्झाउनुहुन्छ । तर म त्यस्तो गर्नपनि सक्दिन समाज र परिवारको ईज्जत को कुरा आउछ । मुख्यतया त छोरा छोरीको मायाले त्यस्ता् गर्न पनि मनले कहाँ मान्छ र । सासुले मेरो मायाले यस्तोय भनेपनि मेरो मनमा छोराछोरीको मायाले यस्तो गर्न दिदैन । मेरा श्रीमान आजपनि विहानै भाउजुलाई सापटि पैसा दिनुछ भनेर निस्कनु भएको हो मैले यसो पत्ता लगाउदा जेठाजु बाहिर जानुभएको छ र भनेर छर छिमेकीबाट थाहा पाए । यसप्रकारको मौका छोपेर उनि सधै यस्तै गर्दछन् । लोक र समाजको कुनै लालकाज छैन । परिवारले थाहा पाएर के सोच्लान भन्ने पनि कुनै डर छैन । मेरो त यिनलाई केहि मतलब नै छैन । यस्तो व्यवहारले मन पनि भाचीएर आउछ । यसरि सधैभरि आफ्नो भाउजुको पछि लागेर बस्छन् । मलाई त टाढैबाट देखेर रुचाउदैनन् । के गर्नु मनको पीडा मनमा राखेर आसु खसाली बस्नु बाहेक अरु कुनै उपाएपनि त छैन मसंगको विवाह त समाजलाई देखाउनका लागि मात्र भएको छ । समाजमाश्रीमती छ भन्ने नाम छ जसले गर्दा यिनलाई यस्तो व्यवहार गर्दै हिड्न सजिलो भएको छ । संवन्ध अरुसंग राखेर हिडेका छन् । आफु

*त्यसमा दिन प्रतिदिन हराउदै छन् । आफ्नो कर्तव्य पनि भुलेका छन् । छोरा छोरीको बा भएर पनि यस्तो व्यवहार गर्दै हिड्न यिनलाई अपुठेरो लागेको छैन लोक समाज घर परिवारको ईज्जत लाई पछाडि पारेर मोज मस्तीमा लागेका छन् । मेरो मनमा कस्तो भएको होला भनेर उनलाई केहि मतलब छैन । अब यसबारेमा भनौ भने कसलाई के भनौ आफ्नै घरको ईज्जत बाहिर कसरि फाल्नु । समाजमा नानाथरिका कुरा गर्दा आफ्नो मन भाचिएर आउछ । छोरा छोरीले के सोच्लान यो कुरालै उनको भविष्यमा कस्तो असर पर्ला भन्ने कुराको मनमा सधै पीरलो भईनै रहन्छ । तर के गर्नु घरको मुख्य मान्छेलाई यी सबै कुराले कुनै प्रभाव पार्दैन । म मात्र यो सब सोचमा दिनरात पिरलीएर बाच्न बाध्य छु कुनै दिन त यिनको घैटोमा घाम लाग्लाकी भनेर मनमा झीनो आसा लिएर बस्नु सिबाय अरु कुनै बिकल्प पनि देखेकी छैन । भन्दै उहाँको आखाभरि टिलपिल आसु आउन थाल्यो ।*

१०. **जातिगत भेदभावः** जातिगत भेदभाब पनि महिला माथि हुने गरेको हिंसाको प्रमुख कारण रहेको छ । जातियताका आधारमा हक र अधिकार भन्दै जतिनै नियम कानुन बनाईएतापनि यसका नाममा हुने भेदभाबमा केहि कमी आएता पनि पुर्ण रुपमा नियन्त्रण हुन सकेको अवस्था छैन । किताबी रुपमा लेखिएका नियम हरु देखावटि मात्र भएका छन् । छोराले अथवा छोरीले अर्न्तजातिय विवाह गरेका खण्डमा आजपनि सहज रुपमा घर परिवारले स्वीकार गरेको अवस्था रहेको छन र यदि वाध्यताले स्वीकार गरिहालेतापनि  पछि गएर निरन्तर रुपमा तल्लो जातिका नाममा अनेकन गालि गलौज सहनु परेको र घरपरिवारले महिलमाथि गरिने व्यवहार मा नै भिन्नता रहेको यस अध्ययनबाट प्राप्त तथ्याकंले प्रष्ट पारेको छ । तल्लो जातिको समाजमा अझै पनि विभिन्न किसीमका हिंसात्मक व्यवहार को सामना गरिरहन परेको महिलाहरु बताउछन् । समान हक र अधिकारका लागि जतिनै कानुन आएता पनि लागु भईसकेको भने छैन भन्ने महिलाहरुको विचार रहेको छ । जातिगत समानताका लाति र महिला हक र अधिकारका लागि भनेर गरिने नारा जुलुसको केहि औचीत्य नरहेको कतिपय महिलाहरुको बिचार रहेको छ । यसप्रकारले हाम्रो समाजमा भएको जातिगत भेदभाबका कारणले पनि महिलाहरु  हिंसा सहन बाध्य रहेका छन् भन्ने यस अध्ययनबाट प्राप्त तथ्याकंले प्रष्ट्याएको छ । यसकारणले

जातिगत भेदभाव पनि महिलाहरुमाथि हुने गरेको हिंसाको कारण हो भनेर सहज रुपमा भन्न सकिन्छ ।

# अध्याय–६
# सारांश एवं निष्कर्ष

## ६.१ सारांश

वास्तवमा उत्तरदाता महिलाहरुको सामाजिक, आर्थिक अवस्था कस्तो रहेको छ , यिनै महिलाहरुलाई महिला हिंसा संबन्धमा के कस्तो जानकारी छ ,यसैगरी महिला हिंसा संबन्धि कानुनी प्रावधान बारेमा जानकारी छ छैन भन्ने बारेमा लगाएत उत्तरदाता महिलाले सहनु परेका हिंसात्मक क्रियाकलापका बारेमा र महिलाहरुमाथि हिंसा हुनुका मुख्य कारणहरु र यसको दोषी का बारेमा अध्ययन गरेर महिलाहरुको बास्तविक अवस्था, यिनीहरुको महिला हिंसा संबन्धिको चेतनाको स्तर मापन गरी उनिहरुको सामाजिक र आर्थिक हैषियतको यसप्रकारका हिंसात्मक क्रियाकलापहरुसंग कुनै संवन्ध छ अथवा छैन र यि कारणहरुले गर्दा महिलाहरुमाथि हिंसा हुने गरेको हो की होईन भन्ने बारेमा जानकारी हाँसिल गर्नु यस अध्ययनको मुख्य उद्धेश्य रहेको छ। मुख्यतया महिलाहरुले भोगेका हिंसात्मक क्रियाकलापको प्रकार, यसका कारणहरु बारेमा जानकारी लिनु यसको उद्धेश्य थियो ।यसले गर्दा महिला हिंसा रोकथाम तथा महिला ससक्तिकरण र महिला हक र हितका लागि अगाडि बढेका विभिन्न व्यक्ति तथा संघ संस्थाहरु तथा निति निर्माण कर्ता हरुलाई सानै क्षेत्रको भएपनि महिलाहरुमाथि हुने गरेको हिंसाको अवस्थाको बारेमा र यसका कारण हरुका बारेमा जानकारी दिएर सो को निवारणका निम्ति मदत पुऱ्याउन सक्ने अपेक्षाले यस अध्ययन क्षेत्रलाई समेटेर यस क्षेत्रको अध्ययन गरीएको छ।

प्रस्तुत अध्ययन चन्द्रमगिरी नगरपालिका मच्छेगाँउको वडा नं ९ को ढाक्सी टोलमा गरीएको छ । यस अध्ययनको क्रममा स्तरीकृत नमुना छनौट विधिबाट विभिन्न जातिगत विसेषताको आधारमा विभिन्न समुहमा विभाजित गरी उक्त समुहबाट आबश्यक उत्तरदाता महिलाहरुलाई उद्देश्यमुलक सामान्य संभाबनायुक्त नमुना छनौट विधिबाट केहि नमुना छनौट गरी अर्न्तवार्तामा समाबेश गरीएको छ । अध्ययनका क्रममा आबश्यक तथ्याकंहरु प्रथामिक श्रोत र द्धितिय श्रोतबाट संकलन गरीएको छ । उक्त अध्ययनमा उत्तरदाता महिलाको सामाजिक तथा आर्थिक अबस्था अन्तर्गत उनिहरुको उमेर समुह, जातिगत विववरण, धार्मिक अवस्था, पेसागत विवरण, संपत्ति माथिको हक तथा अधिकार, आदीपक्षको

बारेमा अध्ययन गरिएको छ । यस क्रममा उत्तरदाता महिलाको उमेर समुहलाई हेर्दा सबै उमेर समुहका उत्तरदाता महिलाहरु पर्दछन् । जसअन्तर्गत सबैभन्दा बढि महिलाहरु २५ देखि ५९ बर्ष उमेका रहेका प्रष्ट भएको छ । जस्तै ७६ प्रतिशत महिलाहरु यस उमेर भित्रका रहेका छन् । यस्तैगरी १३ प्रतिशत महिलाहरु ०–२४ उमेर समुहका र ११ प्रतिशत महिलाहरु ६० देखि माथिका रहेका छन् । जसमा सबैभन्दा बढि उत्तरदाता महिला २५ देखि ५९ उमेरसमुहका रहेका देखिन्छन् । यसैगरी बढिजस्तो हिंसात्मक व्यवहारको सिकार हुनेमा पनि यहि उमेर समुहका महिलाहरु पर्दछन् । उत्तरदाता महिलाहरुको एकात्मक र संयूक्त गरी दुई प्रकारको परिवार पाईएको छ । जसमध्ये ७० प्रतिशत महिलाहरु एकात्मक परिवारमा बस्दै आएको पाइयो भने ३० प्रतिशत महिलाहरु संयुक्त परिवारमा बस्दै आएको पाईयो ।यस तथ्याकंको आधारबाट पछिल्लो समयमा प्रायजसो मानिसहरु एकात्मक परिवारमा रहन रुचाउने कुरा प्रष्ट देख्न सकिन्छ । जवकि यसभन्दा पहिले धेरैजसो मानिसहरु सयुंक्त परिवारमा रहने गरेको पाईएको थियो । यसैगरी उत्तरदाता महिलाहरुको जातिगत विवरणलाई हेर्दा ब्राम्हण १३ प्रतिशत, क्षेत्रि ११ प्रतिशत, नेवार ९ प्रतिशत, सुनार ३७ प्रतिशत, मगर ३० प्रतिशतरहेको पाईएको छ । यि सबै जातिहरुको पारिवारिक संरचना हेर्दा एकात्मक तथा संयुक्त रहेको पाईन्छ । यसैगरी उत्तरदाता महिलाको बैबाहिक स्थितिलाई हेर्दा महिलाहरुमा विवाहित, विधवा र संबन्ध विच्छेद भएका महिलाहरु रहेका छन् । जसमध्ये ब्राम्हण बाट ११ प्रतिशत विवाहित महिलाहरु, क्षेत्री जातिबाट ९प्रतिशत महिलाहरु, नेवार जातिबाट ९ प्रतिशत, सुनार जातिबाट ३० प्रतिशत, मगर जातिबाट २४ प्रतिशत विवाहित महिलाहरु उत्तरदाता महिलाहरुको रुपमा छनौटमा परेका छन् । यस्तैगरि छनौटमा परेका एकल उत्तरदाता महिलाहरुमा सबभन्दा बढि सुनार जातिबाट ७ प्रतिशत रहेका छन् भने मगर बाट ४ प्रतिशत, ब्राम्हण र क्षेत्री जातिबाट २ / २ प्रतिशत रहेका छन् । यसैगरि यस अध्ययनमा सहभागि जम्मा विवाहित महिलाहरुमध्ये संवन्ध विच्छेद गरेका उत्तरदाता महिलाहरु जम्मा मगर जाति बाट २ प्रतिशत मात्र रहेका छन् ।जसमा अधिकांस विवाहित महिलाहरुनै हिंसात्मक व्यवहारको सिकार हुने गरेको यस अध्ययनले देखाएको छ । यसैगरी यस प्रकारका क्रियाकलापबाट एकल महिलाहरु पनि अछुतो भने रहेका छैनन् । तर संबन्ध विच्छेद पछिभने महिलाहरु अलि स्वतन्त्र रहेको र यसप्रकारका हिंसात्मक व्यवहारहरु भोग्न पनि बाध्य नपारिएको यस अध्ययनले प्रष्ट पारेको थियो ।

अव उत्तरदाता महिलाहरुको शैक्षीक अबस्थालाई हेर्दाअझै पनि नेपाली समाज शिक्षाको पहुचबाट केहि मात्रामा टाढा नै रहेको देख्न सकिन्छ । । जम्मा उत्तरदाता महिलाहरु मध्ये २८ प्रतिशत अशिक्षित महिलाहरु रहेका छन् । जसमध्ये जातिगत विशेषताका आधारमा संकलन गरिएको तथ्याकींय विवरण अनुसार सबभन्दा बढि अशिक्षीत उत्तरदाता महिलाहरु सुनार जातिबाट र मगर जातिबाट ९/९ प्रतिशत रहेका छन् । यसैगरि ब्राम्हण बाट २ प्रतिशत, नेवार जातिबाट २ प्रतिशत र क्षेत्रीबाट ४ प्रतिशत उत्तरदाता महिलाहरु अशिक्षीत रहेको यस अध्ययनले प्रष्ट पारेको छ ।

यसै गरी प्रा.वि.तह अध्ययन गर्ने उत्तरदाता महिलाहरु मा मगर जातिबाट ७ प्रतिशत, सुनार बाट ४ प्रतिशत, ब्राम्हण र क्षेत्रीबाट ४/४ प्रतिशत उत्तरदाता महिला रहेको छन् भने नेवार जातिबाट शुन्य प्रतिशत रहेको यस अध्ययनबाट प्राप्त तथ्याकिंय विवरणले प्रष्ट पारेको छ ।

यसैगरि जम्मा उत्तरलदाता महिलाहरु मध्ये नि.मा.वि. तह कक्षा छ देखि कक्षा ८ सम्म अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा मगर जातिबाट ६ प्रतिशत, सुनार र क्षेत्रीबाट २/२ प्रतिशत र ब्राम्हण र नेवार जातिबाट सुन्य रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट्याएको छ ।

यसैगरि मा.वि. तह कक्षा ९ र १० सम्म अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा जातिगत विशेषताको आधारमा भन्नुपर्दा ७ /७ प्रतिशत मगर र सुनारले यस तहसम्म अध्ययन गरेका पाईयो भने अन्य जात जातिमध्ये नेवार २ प्रतिशतले यस तहसम्मको अध्ययन गरेका यस अध्ययनले प्रष्ट पारेको छ ।

यसप्रकारले जम्मा उत्तरदता महिलाहरु मध्ये एस.एल.सी. सम्म अध्ययन गर्नेमा ७ प्रतिशत मगर, ४ प्रतिशत सुनार, २/२ प्रतिशत ब्राम्हण र नेवार रहेका यस अध्ययनले प्रष्ट पारेको छ ।

अन्त्यमा उ.मा.वि अध्ययन गर्ने उत्तरदाता महिलाहरुमा ब्राम्हण जातिबाट ४ प्रतिशत, सुनार जातिबाट ४ प्रतिशत, नेवार जातिबाट २ प्रतिशत र मगर जातिबाट २ प्रतिशत उत्तरदाता महिलाहरु रहेका यस अध्ययन बाट प्राप्त तथ्याकंले प्रष्ट पारेको छ ।

यसरी पछिल्लो समयमा आएर सबै जातिले शिक्षाको महत्वलाई बुझ्न लागेको र शैक्षीक स्तरमा सुधार आएको कुरा यस अध्ययनले पनि प्रष्ट्याएको छ । यसैगरी उत्तरदाता महिलाहरुको धार्मिक अबस्थालाई हेर्दा ८९ प्रतिशत महिलाहरु हिन्दु धर्म मान्दछन् । क्रिष्चियन धर्म मान्ने महिला ११ प्रतिशत  रहेको छन् ।

यसैगरी उत्तरदाता महिलाको पारिवारीक आम्दानिको मुख्य स्रोतमा कृषिमा संलग्न सबभन्दा बढि उत्तरदाता महिलाहरुको परिवार लाई हेर्दा मगर जातिबाट ७ प्रतिशत रहेका छन भने अन्य जातिमध्ये ब्राम्हण, क्षेत्री, सुनार बाट २/ २ प्रतिशत मात्र कृषि पेशामा संलग्न रहेका पाईएको छ ।

यसैगरि रोजगारी मा संलग्न उत्तरदाता महिलाहरुको परिवारमा जातिगत आधारमा हेर्दा सवभन्दा बढि ९ प्रतिशत सुनार जातिबाट, ७ प्रतिशत ब्राम्हणबाट, ४ प्रतिशत मगर जातिबाट र बाँकी २/ २ प्रतिशत क्षेत्री र नेवार जातिबाट रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट पारेको छ ।

जम्मा उत्तरदाता महिलाहरुको परिवार मध्ये ज्यालादारीमा संलग्न सुनार जातिबाट ११ प्रतिशत, ९ प्रतिशत मगर जातिबाट, ५ प्रतिशत क्षेत्रीबाट र २ प्रतिशत ब्राम्हण जातिबाट रहेका छन् ।

यसै गरी आम्दानीको मुख्य स्रोत व्यापार रहेका उत्तरदाता महिलाहरुको परिवारमा जातिगत आधारमा भन्नुपर्दा ७ प्रतिशत मगर जातिबाट, ४ प्रतिशत सुनार जातिबाट र २ प्रतिशत ब्राम्हण जातिबाट व्यापारमा संलग्न रहि आफ्नो आम्दानीको मुख्य स्रोत व्यापार रहेको पाईयो ।

यसप्रकारले वैदेसिक रोजगार आम्दानीको मुख्य स्रोत रहेका उत्तरदाता महिलाहरुको परिवारमा सवभन्दा बढि ९ प्रतिशत सुनार जातिबाट, ४ प्रतिशत मगर जातिबाट र २ /२ प्रतिशत क्षेत्री र नेवारबाट रहेका छन् ।

यस प्रकारले यस अध्ययनबाट केहि प्रतिशत उत्तरदाता महिलाहरुको परिवारको आम्दानीको मुख्य स्रोत घरभाडा नै रहेको पनि देखाएको छ । जसमध्ये ४ प्रतिशत नेवार जातिबाट, २ प्रतिशत सुनार जातिबाट रहेका छन् जसले आफ्नो परिवारको मुख्य

आम्दानीको स्रोतलाई घरभाडा नै रहेको पाईयो ।सबभन्दा बढि उत्तरदाता महिलाहरु लाई हेर्दा मगर र सुनार जातिबाट ७ र २ प्रतिशत रहेका छन भने अन्य जातिमध्ये ब्राम्हण, क्षेत्री, बाट २/ २ प्रतिशत मात्र कृषि पेशामा संलग्न रहेका पाईएको छ । यसैगरि रोजगारी मा संलग्न उत्तरदाता महिलाहरुमा जातिगत आधारमा हेर्दा सवभन्दा बढि ९ प्रतिशत सुनार जातिबाट, ४ प्रतिशत मगर जातीबाट र ७ प्रतिशत ब्राम्हणबाट र क्षेत्री र नेवारबाट २/२ प्रतिशत रहेका पाईएको छ ।

जम्मा उत्तरदाता महिलाहरु मध्ये ज्यालादारीमा संलग्न सुनार जातिबाट ११ प्रतिशत, ९ प्रतिशत मगर जातिबाट ५ प्रतिशत क्षेत्रीबाट र २ प्रतिशत ब्राम्हण जातीबाट रहेका छन् भने अन्य उत्तरदाता महिलाहरु यस पेसामा संलग्न नरहेका कुरा यस अध्ययनले देखाएको छ

यसै गरी आम्दानीको मुख्य स्रोत व्यापार रहेका उत्तरदाता महिलाहरुको जातिगत आधारमा भन्नुपर्दा ७ प्रतिशत मगर र ४ प्रतिशत सुनार र ब्राम्हण जातिबाट व्यापारमा संलग्न रहि आफ्नो आम्दानीको मुख्य स्रोत व्यापार रहेको पाईएको छ ।

यसप्रकारले घर भाडालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने उत्तरदपाता महिलामा नेवारबाट मात्र ४ प्रतिशत र सुनार बाट प्रतिशत महिलाहरुको व्यक्तिगत आम्दानीको स्रोत घरभाडा रहेको यस अध्ययनका क्रममा देखिएको छ ।

यसप्रकारले सामाजीक सुरक्षा भत्तालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने महिलाहरुमा सवभन्दा बढि सुनार जातिबाट १३ प्रतिशत रहेका छन् भने मगर जातिबाट ११ प्रतिशत रहेका छन् । यसैगरि अन्य जातिमध्ये ब्राम्हण र क्षेत्री जातिबाट पनि २ / २ प्रतिशत उत्तरदाता महिलाहरुको मुख्य आम्दानीको स्रोत सामाजीक सुरक्षा भत्ता रहेको प्रष्ट भएको छ ।

अन्त्यमा व्यक्तिगत आम्दानीको कुनै पनि स्रोत नभएको बताउने महिलाहरुमा ९ प्रतिशत सुनार जातिबाट, ८ प्रतिशत मगरबाट, ८ प्रतिशत क्षेत्रीबाट, ४ प्रतिशत नेवार र अन्य ४ प्रतिशत ब्राम्हण जातिबाट रहेका यस अध्ययनमा प्राप्त तथ्याकंले प्रष्ट पारेको छ ।

उत्तरदाता महिलाहरुको आफ्नो आम्दानीको मुख्य स्रोतबारेमा लिएको विवरणमा सबभन्दा बढि उत्तरदाता महिलाहरु लाई हेर्दा मगर र सुनार जातिबाट ४ / ४ प्रतिशत

रहेका छन् भने अन्य जातिमध्ये ब्राम्हण, क्षेत्री, बाट २/ २ प्रतिशत मात्र कृषि पेशामा संलग्न रहेका यस अध्ययनबाट प्राप्त तथ्याकीय विवरणले प्रष्ट पारेको छ ।

यसैगरि रोजगारी मा संलग्न उत्तरदाता महिलाहरुमा जातिगत आधारमा हेर्दा सवभन्दा बढि २ प्रतिशत सुनार जातिबाट, २ प्रतिशत ब्राम्हणबाट रहेका यस अध्ययनबाट प्राप्त तथ्याकींय विवरणले प्रष्ट पारेको छ ।

जम्मा उत्तरदाता महिलाहरु मध्ये ज्यालादारीमा संलग्न सुनार जातिबाट ९ प्रतिशत, ४ प्रतिशत मगर जातिबाट रहेका छन् भने अन्य उत्तरदाता महिलाहरु यस पेसामा संलग्न नरहेका कुरा यस अध्ययनले देखाएको छ ।

यसैगरि आम्दानीको मुख्य स्रोत व्यापार रहेका उत्तरदाता महिलाहरुको जातिगत आधारमा भन्नुपर्दा २ / २ प्रतिशत मगर र ब्राम्हण जातिबाट, ४ प्रतिशत नेवार जातिबाट व्यापारमा संलग्न रहि आफ्नो आम्दानीको मुख्य स्रोत व्यापार रहेको बताएका छन् ।

यसप्रकारले घर भाडालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने उत्तरदपाता महिलामा नेवारबाट मात्र २ प्रतिशत महिलाहरुको व्यक्तिगत आम्दानीको स्रोत घरभाडा रहेको यस अध्ययनका क्रममा देखिएको छ ।

यसप्रकारले सामाजीक सुरक्षा भत्तालाई आफ्नो आम्दानीको मुख्य स्रोत बताउने महिलाहरुमा सवभन्दा बढि सुनार जातिबाट १२ प्रतिशत रहेका छन् भने मगर जातिबाट १० प्रतिशत रहेका छन् । यसैगरि अन्य जातिमध्ये ब्राम्हण र क्षेत्री जातिबाट पनि २ / २ प्रतिशत उत्तरदाता महिलाहरुको मुख्य आम्दानीको स्रोत सामाजीक सुरक्षा भत्ता रहेको उत्तरदाता महिला हरुले दिएको विवरणबाट प्रष्ट भएको छ ।

अन्त्यमा व्यक्तिगत आम्दानीको कुनै पनि स्रोत नभएको बताउने महिलाहरुमा ९ प्रतिशत सुनार जातिबाट, ८ प्रतिशत मगरबाट, ८ प्रतिशत क्षेत्रीबाट, ४ प्रतिशत नेवार र अन्य ४ प्रतिशत ब्राम्हण जातिबाट रहेका यस अध्ययनमा प्राप्त तथ्याकंले प्रष्ट पारेको छ ।

उत्तरदाता महिलाहरुको घर परिवारको जग्गा जमिन भए नभएको बारेमा विवरण लिदा अधिकांस महिलाको घरपरिवारको आफ्नो जमिन रहेको पाइयो । जसमध्ये ८९ प्रतिशतको आफ्नो घरपरिवारको नाममा जमिन रहेको र मात्र ११ प्रतिशतको आफ्नो

घरपरिवारको नाममा कुनैपनि जमिन नभएको देखिन्छ । यसैक्रममा उत्तरदाता महिलाको चाहि आफ्नो नाममा जग्गा जमिन भए नभएको बारेमा सोध्दाअधिकांस महिलाको आफ्नो नाममा घरनरहेको पाइयो । जसमध्ये ७४ प्रतिशतको आफ्नो नाममा घरनरहेको र मात्र २६ प्रतिशतको आफ्नो नाममा घर भएको पाईएको छ।यसकारणले पनि महिलाको निति निर्माणमा पनि सहभागिता नभएको र महिलालाई कमजोर ठानेर पछाडि पारेको सहजै बुझ्न सकिन्छ ।

यसैगरि उत्तरदाता महिलाहरुको पारिवारको जमिनबाट उत्पादित अन्नबारेको विवरणमा तिन महिनाभन्दा कम खान पुग्ने २६ प्रतिशत, ६ देखि ९ महिना सम्म खानपुग्ने ७ प्रतिशत र अन्य अधिकांस ६७ प्रतिशतको उत्पादनमुलक जमीन नरहेको कुरा प्रष्ट भएको छ।

यस्तै गरी यस अध्ययनमा महिला हरुमा भएको महिला हिंसा सम्बन्धि जानकारी को विवरण लिईएको थियो जसअन्तर्गतउत्तरदाता महिलामध्ये धेरैजसो महिलालाई महिला हिंसाको बारेमा जानकारि भएको कुरा प्रष्ट देखिएको छ । जसमध्ये ९४ प्रतिशत महिलालाई यसबारेमा अबगत भएको थाहा पाउन सकिन्छ । यसैगरि ६ प्रतिशतलाई मात्र यसबारेमा थाहा नभएको पाईएको छ । महिला हिंसाको बारेमा जानकारी हुने महिला हरुले महिला हिंसा भन्नाले के बुझेका छन् त भन्ने संबन्धमा प्रश्न गर्दा आएको जवाफको विवरण यसप्रकार छ । जम्मा उत्तरदाता महिला मध्ये ६८ प्रतिशत महिलाले सारिरीक चोटपटक, गालिबेइज्जेती गर्नु, जबरजस्ती घरबाहिर निकाल्नु, श्रीमानले रक्सी खाएर जथाभावि गालिगलौज गर्नु, पिट्नु,सासुससुराबाट जबरजस्ती अनिच्छित काम गराउनु र नमानेको खण्डमा कुटपिट गर्नु जस्ता व्यवहारलाई नै हिंसा भनिन्छ भन्ने विचार प्रष्ट पारेका छन् । यिमध्ये १७ प्रतिशत महिलाले चाँहि श्रीमानले मदिरा सेबनगरी जबरजस्ती सारीरीक संबन्ध राख्न बाध्य पारिनुलाई पनि आफुमाथि हिंसा भएको बुझेका बताउछन् । यसैगरी ९ प्रतिशत महिलाहरुले आफुलाई विवाहपछि जबरजस्ती पढाई छाडेर घरको काममा लगाईनुका साथै, दुखपिडा दिनु र अबहेलना गरिनुलाई हिंसा भनेर भनेका छन् । जम्मा उत्तरदाता महिलामध्ये बाँकि ६ प्रतिशत महिलाहरुलाई हिंसाको बारेमा कुनै जानकारी नै नरहेको कुरा यस अध्ययनबाट थाहा पाईएको छ ।

महिलाहिंसाको प्रकारबारेमा उत्तरदाता महिलामा भएको जानकारीको विवरण लिदाजम्मा उत्तरदाता महिलामध्ये ५९ प्रतिश्त महिला शारिरीक पिडा र मानसिक पिडा दुबैलाई महिलामाथि हुने गरेको हिंसा भनेर बुझ्को प्रष्ट देखिएको छ । यसैगरि १७ प्रतिशतले यौन शोषण लाई, ४ प्रतिशतले चेलिबेटि बेचबिखनलाई, ४ प्रतिशतले बालबिबाहलाई, ६ प्रतिशतले बहुबिबाहलाई, २ प्रतिशतले बलात्कारलाई, २ प्रतिशतले असमान ज्यालालाई महिला हिंसा भनेर बुझ्ेका माथिको तालिकाबाट प्रष्ट देखिएको छ । अन्ततह : जम्मा उत्तरदाता महिलामध्ये ६ प्रतिशत महिलालाई महिला हिंसाको बारेमा कुनैपनि जानकारी नभएको कुरा थाहा पाईएको छ ।

महिलाहरुलाई कानुनी प्रावधानको बारेमा आफ्नो स्थानमा उपलब्ध कानुनी सेवाहरुका बारेमा के कति जानकारी छ भनेर आबश्यक तथ्याकं सकलन गरिएको थियो जसबाट सवभन्दा बढि प्रहरि कार्यलयबारे जानकारी हुने महिलाहरु ५० प्रतिशत, १६ प्रतिशतले अदालत, ९ प्रतिशतले वडा कार्यलय, ९ प्रतिशतले गाँउघरका स्थानिय समुह बुद्धिजिवी र बाँकी ११प्रतिशतले माईती नेपाल र अन्य ४ प्रतिशत उत्तरदाता महिलाहरुले यसप्रकारका कुनै जानकारी बारे थाहा नभएको भन्ने कुरा प्रष्ट भएको छ ।

महिलाहरुले हिंसा सहनु परेको छ की छैन भन्ने बारेमा संकलन गरिएको विवरणका आधारमा समग्र उत्तरदाता महिलामध्ये केहि महिला हरुले महिला भएकै कारणले पुरुषको तुलनामा बढिमात्रामा हिंसा सहनु परेको कुरा अध्ययनमको क्रममा पत्ता लागेको छ । यसरी हिंसा सहनु बाध्य पारिएका महिला ४६ प्रतिशत रहेको कुरा यस अध्ययनले देखाएको छ । यसैगरि ५४ प्रतिशत महिलाई चाहि यसप्रकारको कुनैपनि हिंसात्मक व्यवहारको सामना गर्नु नपरेको कुरा यस अध्ययनबाट थाहा हुन आएको छ ।जम्मा उत्तरदाता महिलाहरु मध्ये २८ प्रतिशत महिलाहरु शारिरीक हिंसा र मानसिक हिंसाबाट पिडित भएको पाईयो भने वाँकी ७ प्रतिशत महिलाहरुमा यौन शोषण बाट पिडित भएको पाईयो ।यसैगरी अन्य ४ प्रतिशत महिलाहरु आर्थिक शोषणबाट र २ प्रतिशत महिलाहरु परम्परागत हिंसाबाट पीडित रहेको देखियो भने अन्य २ प्रतिशत महिलाहरुचाहि असमान शारिरीक सांस्कृतकि व्यवहारका कारण हिंसामा परेको यस अध्ययन पछि जानकारी हुन आएको छ । अन्तमा बाँकी ५७ प्रतिशत महिलाहरुलाई चाँहि यसप्रकारका कुनैपनि हिंसात्मक व्यवहार सहनु नपरेको यस अध्ययनले प्रष्ट पारेको छ ।

हाम्रो समाज पुरुष प्रधान समाज हो । यहाँ महिलाको तुलनामा पुरुषको वर्चश्व धेरै रहेको पाईन्छ । महिलाहरु महिला भएकै कारण बढी मात्रामा हिंसाका शिकार बन्ने गरेको पाईन्छ । महिलाहरु विभिन्न कारणले गर्दा हिंसाको शिकार बन्ने गरेका छन् । जस्तै आर्थिक कारण, सामाजिक सांस्कृतिक कारण, राजनैतिक आदि कारणबाट हिंसित भएका छन् । आर्थिक स्रोत साधनहरुमा महिलाको पहुच नहुनु त्यस्तै विभिन्न परम्परागत सांस्कृतिक कारणहरु पनि महिला हिंसाका कारणहरु हुन् ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरु संग हिंसाका विभिन्न कारणहरु पत्ता लगाईएको थियो । जसअन्तर्गत अशिक्षाका कारण, दाईजोको कारण, जाडरक्सी सेवनको कारण , बहुविवाहका कारण, बोक्सीको आरोप, गर्भपतन, बलात्कार, परम्परागत सामाजीक सांस्कृतीक मुल्य मान्यताका आदिको कारणले महिलाहरु हिंसाको शिकार भएका छन् । जसलाई तलको  तालिकामा प्रस्तुत गरिएको छ । जुन तालिकामा हिंसा पीडित र हिंसा सहनु नपरेका सबै उत्तरदाता महिलाहरुको विचारलाई समाबेस गरिएको छ ।

महिलाहरुमाथि हुने विभिन्न हिंसाका कारणमध्ये ३३ प्रतिशतले शिक्षाको कमि, ११ प्रतिशतले कमजोर आर्थिक अबस्थाको कारण , यस्तै अन्य ४ प्रतिशतले धर्म संस्कृती र परम्परागत मान्यताको कारण, ७ प्रतिशतले महिलाको सामाजीक तथा सांस्कृतिक अबस्थाको कारण र १६ प्रतिशतले लैङ्गिक भेदभाबका कारण लाई मानेका छन्  भने परस्त्री संग संवन्धका कारण भन्ने ११ प्रतिशत, श्रीमानले धुम्रपान मध्यपान सेवनका कारण ७ प्रतिशतले दाईजोका कारण भन्नेमा ४ प्रतिशत र बाँकी ७ प्रतिशत महिलालाई भने यसबारेमा कुनैपनि जानकारी नै नरहेको पाईएको छ ।वास्तबमा महिलामाथि हुने हिंसापुर्ण व्यवहारका लागि पुरुष पहिलो दोषी मानिएतापनि महिला पनि कम चाहि छैनन् भन्नेकुरा माथिको यस तालिकाबाट प्रष्ट हुन्छ । जस अनुसार महिला हिंसाहरु हिंसामा पर्नुमा ५४ प्रतिशत पुरुष दोषी भएतापनि ४० प्रतिशत महिलाहरुकै कारण महिलाहरुमा हिंसा हुने गरेको कारण यस अध्ययनले प्रष्ट पारेको छ ।उत्तरदाता महिला मध्ये अधिकांस महिलाहरु अनेकन हिंसात्मक क्रियाकलाप सहन बाध्य रहेका छन्, उनिहरुमा एक किसीमको निरासा नै छाएको देखिएको छ । उनीहरु सम्झन्छन् परम्परादेखि चलिआएको यस प्रकारको हिंसात्मक व्यवहारको कुनै अन्त्य नै छैन, यसप्रकारको विचारधारा राख्ने महिलामध्ये अधिकांस २४ प्रतिशत महिलाहरु पर्दछन् । तर यसको विपरीत अधिकांस ७० प्रतिशत महिलाहरुमा भने

हिंसात्मक क्रियाकलापको एक न एक दिन अन्त्य भएरै जाने कुरामा विश्वस्त रहेको कुरा यस अध्ययनले प्रष्ट देखाएको छ । बाँकी प्रतिशत ६ प्रतिशत महिला लाई भने यसबारेको कुनै जानकारी नै नरहेको कुरा यस अध्ययनबाट प्राप्त विवरण बाट प्रष्ट देखिएको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत महिला विरुद्धमा हुने हिंसाको कारणबारेमा गरिएको समाजशास्त्रीय अध्ययन बाट महिला हिंसामा हुने हिंसात्मक कृयाकलापहरुमा पहिले को तुलनामा महिला माथि हुने हिंसामा केहि कमी आएको पाईएको छ । अझैपनि कहि कहि महिला केहि हरुमाथि श्रीमान लगाएत घरपरिवारका अन्य सदस्यहरु बाट हिंसा हुने गरेको कुरा यस अध्ययनले प्रष्ट्याएको छ । यस अध्ययनबाट शिक्षीत र अशिक्षीत दुबै किसीमका केहि उत्तरदाता महिलाहरु हिंसा बाट पिडीत रहेको पाईयो । यस अध्ययनबाट महिलाहरु माथि हिंसा हुनुमा महिलाहरुको संपत्ती माथि पहुच नहुले पनि प्रभाब पारेको भन्ने कुरा यस अध्ययनले प्रष्ट पारेको छ । जसको संपत्ती मााथि स्वामीत्व रहेको छ ती महिलाहरु अरुको अधिनमा रहन नपरेको र हिंसाको सिकार हुन नपरेको कुरा यस अध्ययनबाट प्राप्त तथ्याकंले प्रष्टाएको छ । यस अध्ययनबाट जसको आफ्नो नाममा घर जग्गा रहेको छ तीनलाई हिंसा सहन नपरेको र निर्णय निर्माणमा महत्वपुर्ण भुमीका रहेको भन्ने पुष्टी भएको छ ।

यसैप्रकारले प्राप्त जानकारी अनुसार यि महिलाहरु मध्ये कतिपय महिलाहरु अझैपनि आफ्नो अधिकारबाट बंचीत रहेको भन्ने कुरा पुष्टी भएको छ । जसको कारणले गर्दा आफ्नो श्रीमान लगाएत घरपरिवारका अन्य सदस्य बाट हिंसा सहनु परेको अवस्था रहेको छ ।

यस अध्ययनको क्रममा केहिउत्तरदाता महिलाहरु अशिक्षीत तथा सामान्य सिक्षीत रहेको पाईयो भने केहि महिलाहरुले मात्र एस.एल.सी सम्मको अध्ययन गरेको पाईयो । यसप्रकार यि महिला हरु रुढिबादि सामाजिक मानसिकताका विचमा घेरिन परेको कारण आफ्नो हक र अधिकार प्रति अनभिज्ञ रहेको र विज्ञ हुनेले पनि मौनताकै बाटो अपनाएको पाईयो । समाज र परिवारबाट बाहिर निस्केर आफ्नो हक र अधिकारका निम्ति आवाज उठाउने धरैजसोको आँट नै भएको देखिएन र हुनेले पनि एक्लैले केहि गर्न नसकिने कुरा बताएका छन् । यसप्रकार छनौटमा परेका उत्तरदाता महिला हरु मध्ये धेरैजसो परिवार तथा

श्रीमानमा निर्भर रहनुले पनि बोल्ने कुनै बाटो नरहेको देखियो । जसको मुख्य कारण अशिक्षा, पारिवारिक असमझदारी ,तथा पुरुष प्रधान मानसिकताले व्याप्त समाजमा महिला बाहिर कामका लागि निस्कन नहुने मानसिकतामा निहित हुनुले नै हो भन्ने बुझिन्छ । महिला अगाडि बढेमा आफुलाई गन्दैनन् भन्ने डरले पनि पुरुषहरुले श्रीमतीलाई घरकै काममा सीमित राख्न चाहेको पनि देखिन्छ । यसप्रकारको पुरुषबादि  मानसिकतामा परिवर्तन ल्याउन र महिलाहरुमा चेतनाको जागरण गराउन नितान्न आबश्यक महशुष गरीएको छ । जसले गर्दा महिला आत्मनिर्भर हुन सकेमा हिंसा सहेर बस्न बाध्य हुनुनपर्ने कुरा सहजै बुझ्न र बुझाउन सकिने देखिन्छ ।

यस अध्ययनकै क्रममा अधिकांस उत्तरदाता महिलाहरु शारिरीक तथा मानशिक रुपमा हिंसाको सिकार हुदै आएको देखिन्छ । कतिपय महिला हरुले त आफुमाथि हुने गरेका यसप्रकारका असामान्य व्यवहारलाई सामान्य रुपमा लिदै आईरहेको पाईयो भने यसप्रकारका असामान्य व्यवहार लगाएत कुटपिट तथा मानशिक र अन्य यातना बढ्दै गएपछि अन्त्यमा असह्य भएर कानुनि सहयोगका लागि गाउ नगरपालीका मार्फत समाधान नहुदा प्रहरी सम्म धाउनु परेको जानकारी दिएका थिए । यसैगरी अन्य केहि महिलाले भने आफुमाथि भएको पिडा घरपरिवार र समाजको डरले गर्दा कहि कतैपनि भन्ने आँट गर्न नसकेको बताएका थिए । जसकारणले उनिहरुमा दिन प्रतिदिन यसप्रकारका हिंसात्मक व्यवहारहरु बढ्दै जानसक्ने प्रसस्तै संभाबना देखिएको छ । यसबाट के प्रष्ट भन्न सकिन्छ भने यसप्रकारका व्यवहार हुनुमा महिला हरुमा निहित अशिक्षा , बेरोजगारी , गरीबी ,परम्परागत मुल्य मान्यता र संस्कारहरुले नै वढि प्रश्रय दिएको पाईन्छ । यसकारणले गर्दा जस्तो सुकै नियम कानुन किताबी रुपमा आएतापनि महिलाहरु माथि हुने हिंसात्मक व्यवहारमा सहरमा होस तथा ग्रामिण क्षेत्रमा सिमीत परिवर्तन देखिएतापनि कुनैपनि किसिमको यथार्थ परिबर्तनमा तिब्रता आउन सकिरहेको छैन । यसकारणले नै समाजमा विद्यमान रहेको महिला हिंसालाई कम गर्न महिला शिक्षामा विषेष जोड दिई अगाडि बढ्नु पर्छ । जसमा महिला स्वयं जागरुक भएर आफ्ना हक र अधिकारका बारेमा जानकार भएर आफुमाथि हुने हिंसात्मक व्यवहार विरुद्ध आवाज उठाउनमा अगाडि बढ्न जरुरी छ, जसलाई संबन्धित सरोकारवालाहरु, गाँउघरका जानकार व्यक्तिदेखि , नगरपालीका प्रहरी प्रशासन हुदै माथिल्लो निकाय सम्मकाले औपचारीकता मात्र ननिभाएर व्यवहारीक रुपमानै प्रभाबकारी सहयोग गर्न आबस्यक देखिएको छ ।

यसैगरी विद्यमान परम्परागत रुढिबादि मुल्य मान्यतालाई पछाडि छाडेर महिलाहरुले आफुहरु लाई कमजोर ठान्ने मानशिकतामा र पुरुषले म नै सर्बेसर्बा हुँ, भन्ने मानशिकतामा परिबर्तन ल्याउनुपर्ने अत्यन्तै आबश्यक देखिएको छ । जसकारणले गर्दा नयाँ नयाँ सोचहरु संग संगै नयाँ नयाँ परिवर्तनका ढोकाहरु खोलिने आसा गर्न सकिने देखिन्छ ।

प्राय सबै जातिहरुमा यसप्रकारका मान्यता नरहेको र माथिल्ला भनाउदा जातिहरुमा छोरी र वुहारी लाई समान रुपमा व्यवहार नगर्ने , बुहारीलेनै घरका सम्पुर्ण काम गर्नपर्ने मानसिकता, दाइजो मुखै फोडेर माग्न नसकेतापनि यसको आसागर्ने प्रविधि, श्रीमानले अत्यधिक मध्यपान र धुम्रपानको सेवन, परस्त्री संग तथा भाउजु संगको अनैतिक संवन्धका कारण, लैङ्गिक असमानता सामाजीक मुल्य र मान्यता छोरा नै चाहीने गलत सोच र बढ्दो बेरोजगारिका समस्याले समाइएको गलत बाटो ईत्यादिले पनि महिलाहरुमाथि हुने गरेका हिंसात्मक क्रियाकलापहरु लाई प्रश्रय दिइरहेको सहजै बुझ्न सकिन्छ । यसैगरी बहुविवाह प्रचलन र बहुविवाहकै कारणले महिलाहरुमाथि हिंसा हुन गएको पाइएको छ साथमा गरिबी पनि प्रमुख कारण रहेको छ । यसकारणले नै यस प्रकारका क्रियाकलाप तथा सोचमा परिवर्तन गरीनुपर्ने नितान्त आबस्कयक देखिएको छ ।

सामान्यतया केहि बर्ष पहिलेको तुलनामा जातिय भेदभाब र महिलाहरुले स्कुल गएर पढ्नु हुदैन भन्ने मानशिकतामा चाहि सकारात्मक परिबर्तन आएको बुझ्न सकिन्छ ।जसले गर्दा समाजमा हुने भेदभाब र हिंसामा कमि आउदै गरेको कुराको महषुष गर्न सकिन्छ । जुन एउटा अत्यन्तै सकारात्मक पक्ष हो भन्ने कुरा सहजै बुझ्न सकिन्छ । छोराछोरी बराबरी भन्ने अबधारणाको पनि विकास हुदै गएकोले छोरीलाई पनि छोरासंगै पढ्न पठाईएको पाईएको छ । तापनि घरायसी काममा भने छोरीलेनै बढि घोटिनुपर्ने दुखलाग्दो कुरा हो । यतिमात्र नभएर छोरी र बुहारीमा यदाकदा अत्यन्तै फरक व्यवहार गरिनुले पनि बुहारी माथि हुने गरेका हिंसात्मक व्यवहारले सहजै प्रश्रय पाईरहेको पनि बुझ्न सकिन्छ ।

सामान्यतया केहि बर्ष पहिलाको तुलनामा जातिय भेदभाब र महिलाहरुले स्कुल गएर पढ्न हुदैन भन्ने मानशिकतामा चाहि सकारात्मक परिवर्तन भएको छ । महिलाहरुले पनि पढेर अगाडि बोल्नुपर्छ आफ्नो समाजको पुराना गलत धारणा र सोच हरुको परिवर्तमा महिलाहरुले नै सकारात्मक परिबर्तनका लागि अगाडि बढ्नुपर्छ । जसले गर्दा समाजमा हुने लैङ्गिक भेदभाब र हिंसामा कमी आउन सक्ने कुराको महषुष गर्न सकिन्छ । जुन एउटा

अत्यन्तै सकारात्मक पक्ष रहेको देखिन्छ । छोराछोरी दुबै बराबरी भन्ने अवधारणाको पनि एकदमै धेरै विकास हुदै आएको देखिन्छ । अहिलेको समयमा छोरा सरह छोरी पनि पढाईमा अगाडि बढेका पाईन्छ यसलगाएत केहि मात्रामा घरायसि कामकाजमा पनि पुरुषले सघाउनु पर्छ भन्ने धारणाको पनि विस्तारै विकास हुदै छ  जुन एकदमै सकारात्मक परिवर्तन हो ।

अझै यसरीनै,अध्ययनकै आधारमा के भन्न सकिन्छ भने सामाजिक विकृतिका रुपमा रहेका जाँड, रक्सी जस्ता मादका पदार्थको सेबन तथा जुवा तासको लत अनि अन्य स्त्री संगको अनैतीक संवन्ध र महिलाहरुको कमजोर मानशिकता र परनिर्भरता अनि निर्णय निर्माणमा न्युन सहभागिता अथवा सहभागि नै नरहनु पनि महिलामाथि हुने हिंसात्मक व्यवहारलाई निम्त्याउने कारण हरु हुन् भन्ने कुराको पनि यस अध्ययनबाट पुष्टि हुन आएको छ । जसकारणले गर्दापनि यसप्रकारका कुराहरुको अन्त्यका संवन्धमा कडा कानुनि व्यवस्था लागु गराई यस्ता अनावस्यक पदार्थको विक्री वितरणमा रोक लगाईनु अत्यन्तै आबस्यक महषुष गरिएको छ । जसले गर्दा अनाबस्यक रुपमा हुने महिलामाथिको हिंसात्मक क्रियाकलापमा कमि आउन सक्ने कुराको सहजै निक्यौंल गर्न सकिन्छ ।

# सन्दर्भसुची


एमेनेष्टि इन्टरनेशनल, (२०००), महिलामाथिको यातना र दुर्व्यवहार,एमेनष्टि इन्रनेशनल ।

कुसुम,(पेज ४५, २०६९) मंसीर  नेपालमा महिला अधिकार र कानुनि उपचार ।

गिरी, प्रकास (२०७० /२१ ) साथी । घरेलु हिंसा समाज र प्रवृत्ति, संचारिका लेखमाला संग्रह ।

चौधरी, रुपा (२०६६), महिला आन्दोलन पुरुष विरोधी होईन, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाण्डौ ।

ढुङ्गगाना, कासीराम (२०६७), महिलाहरुमाथिको हिंसामा हुने भ्रुण हत्या । नयाँपत्रिका, नेपालगंज बाँके ।

थापा, सितामैया सिंह, (२०५९),नेपालमा महिला माथी हुने शोषण विरुद्धको हक र कानुनी उपचार।

दाहाल, बैशाख १ गते २०७०, नयाँ पत्रिका ।

नेपालको अन्तरीम संविधान,२०७२ ।

पाण्डे,नम्रता(१० पुष,२०७४ )महिला माथि हुने हिंसाको अन्त्य संभव । www.nari.ekantipur.com

भण्डारी, ऋतुराज (२०६६), महिला अधिकार, राष्ट्रिय महिला आयोग भद्रकाली प्लाजा, काठमाण्डौ ।

राणा, बन्धना (२०७० /२ ) साथी । घरेलु हिंसा समाज र प्रवृत्ति, संचारिका लेखमाला संग्रह ।

श्रेष्ठ, कुमार, बैशाख २ गते २०७०, नेपाल समाचारपत्र ।

श्रेष्ठ,सविन (२०७० /२ ) साथी । घरेलु हिंसा समाज र प्रवृत्ति, संचारिका लेखमाला संग्रह ।

Acharya, M. (1997 AD). Gender Equality and Employment of Women, CEDA.

Acharya, Meena et. al, (2004), Status and Dimensions of Trafficking Within Nepalese Context.

Bennett, L. (2005). Danjerious wives and sacred sister,

Bhandari, R.R. ( 2004) Women  health exange.

Bhandari, T. (2004).*V*iolence against women and Girls a case Study in Padmakanya

Bhandari, Women  Health exange (2004) .

College.Unpublished Master's Degree Dissertation Centre Department of Population Studies, Faculty of Humanities and Social Sciences, TU, Kirtipur.

CBS, (2003), Nepal *in* Figures *2003*. Kathmandu; CBS

Dr.Niroj singha, women and violence.

LegalAid Consultancy Center (LACC), Lalitpur, 2070.**Conflict and Violence against Women**

Nepal Demography and Health survey (2011).

Nepal Demography and Health survey (2015).

SAATHI (2001), Study on the psychosocial impacts of violence against women and girls with special on Rape, Incest and Polygamy (Kathmandu, SAATHI).

Silwal, D.status of women in Nepal,.Adobe Acrobat document .

WHO (1998), *The reproductive health of Adolescent: A Stratory Action* WHO, Geneva.

| **I. व्यक्तिगतविवरण** |
|---|
| १०१. नाम -<br>१०२.उमेर-<br>१०३. जात/जाति/जनजाति -<br>१०४. धर्म -<br>१०५. भाषा -<br>१०६. पेशा -<br>१०७. स्थायी ठेगाना |

| **II.पारिवारिक विवरण** | उमेर समुह | संख्या | |
|---|---|---|---|
| २०१. पुरुष संख्या : | ०-१४ | ................... | १ |
| | १५-५९ | ................... | २ |
| | ६० + | ................... | ३ |
| २०२. महिला संख्या : | ०-१४ | ..................... | १ |
| | १५-५९ | .................. | २ |
| | ६० + | ................... | ३ |

**III. सामाजिकतथाआर्थीक अवस्था**

| ३०१. वैवाहिक स्थिति | क) विवाहित | १ |
|---|---|---|
| | ख) विधवा | २ |
| | ग) पारपाचुके | ३ |

| | | |
|---|---|---|
| | घ) छुट्टिएर बसेको | ४ |
| ३०२. शैक्षिकअवस्था | क) साक्षर | १ |
| | ख) निरक्षर | २ |
| ३०३.यदितपाई साक्षर हो भने कतिकक्षापढ्नुभएको छ ? | क) प्राथमिकतह (कक्षा १ देखि ५) | १ |
| | ख) निम्नमाध्यामिकतह (६ देखि ८) | २ |
| | ग) माध्यामिकतह (९ र १०) | ३ |
| | घ) एस.एल.सी. | ४ |
| | ङ) उच्चमाध्यामिक | ५ |
| | च) स्नातकतह | ६ |
| | छ) स्नाकोत्तर तह | ७ |
| ३०४. परिवारको प्रकार | क) एकल | १ |
| | ख) संयूक्त | २ |
| ३०५. परिवारको आम्दानीको मुख्य स्रोत | क) कृषी | १ |
| | ख) रोजगारी | २ |
| | ग) ज्यालादारी | ३ |
| | घ) व्यापार | ४ |
| | ङ) अन्यखुलाउने | ५ |
| ३०६. उत्तरदताको आम्दनीको मुख्य स्रोत | क) कृषी | १ |
| | ख) रोजगारी | २ |
| | ग) ज्यालादारी | ३ |
| | घ) व्यापार | ४ |

| | | |
|---|---|---|
| | ङ) अन्यखुलाउन | ५ |
| ३०७. घरपरिवारको जमिन | क) छ | १ |
| | ख) छैन | २ |
| ३०८.तपईको आफ्नो नाममाजमिन छ कि छैन ? | क) छ | १ |
| | ख) छैन | २ |
| ३०९. तपाईको आफ्नो नाममा घर छ कि छैन ? | क) छ | १ |
| | ख) छैन | २ |
| ३१०. जमिनबाटउत्पादनभएको अन्नले कतिमहिनाखानपुग्छ? | क) तीनमहिनाभन्दाकम | १ |
| | ख) तीन देखि छ महिना | २ |
| | ग) छ देखि नौ महिना | ३ |
| | घ) एक बर्षभरी | ४ |
| **IV.महिला हिंसा सम्बन्धिअबधारणाएवं सचेतना** | | |
| ४०१. तपाईले महिला हिंसाको बारेमा सुन्नुभएको छ? | क) छ | १ |
| | ख) छैन | २ |
| ४०२. यदि छ भने यसबारेमा के थाहा छ ? | .................................................. | |
| | ................................................ | |
| | ................................................ | |
| ४०३. तपाइको विचारमा कस्तो कस्तो व्यवहरलाई हिंसा भनिन्छ?लामो उदारणदिनुहोस । | ........................................................ | |
| | ........................................................ . | |

| | | |
|---|---|---|
| ४०४.तपाईको विचारमा यि मध्ये तपाई कस्तो प्रकारको हिंसालाई महिला हिंसा भन्नुहुन्छ?( बहुउत्तर) | क शारिरीकपिडा | १ |
| | ख मानशिकपिडा | २ |
| | ग) यौन शोषण | ३ |
| | घ) चेलिबेटि बेचबिखन | ४ |
| | ङ) बालविवाह | ५ |
| | च) बहुविवाह | ६ |
| | छ) बलात्कार | ७ |
| | ज) असमानज्याला | ८ |
| | झ) अन्य.खुलाउने | ९ |
| | ...................................... | |
| ४०५. महिला हिंसा संवन्धिकुनै कानुनिप्रावधानबारे तपाईलाई थाहा छ? | क) छ | १ |
| | ख) छैन | २ |
| ४०६. यदि छ भने कस्तो प्रावधानबारे थाहा छ ? | ......................................................... | १ |
| | ......................................................... | २ |
| ४०७. महिलाभएकै कारणले तपाईले कहिल्लै पुरुषको तुलनामाबढि हिंसात्मकव्यवहार सहनु परेको छ ? | क) छ | १ |
| | ख) छैन | २ |
| ४०८. यदि छ भने कस्ता कस्ता - कस्ता व्यवहार सहनु परेको छ ? | ............................................ | |
| | ................................................. | |

| | | |
|---|---|---|
| | ……………………………………….. | |
| ४०९. तपाईको विचारमातपाईले सहनु भएका यि व्यवहार हरु महिला हिंसा हुन् ? | क) हुन् | |
| | ख) होईनन् | २ |
| ४१०. यदिहुन् भने कसरी ? | ………………………………………………. | १ |
| | ………………………………………………. | २ |
| ४११. तपाईले तपाईको परिवारमामहिलामाथिहुने हिंसात्मकव्यवहार सहनु परेको छ ? | क) छ | |
| | ख) छैन | २ |
| **V.महिला हिंसाकाकारणहरु** | | |
| ५०१. तपाईको विचारमातलकामध्ये कुनकुन कुरा महिला हिंसामा पर्दछन् ?(बहुउत्तर) | क) शरिरीकयातना | १ |
| | ख) मानशिकपिडा | २ |
| | ग) यौन शोषण | ३ |
| | घ) आर्थिक शोषण | ४ |
| | ङ) असामान्य सामाजिकतथा सांस्कृतिक व्यवहार | ५ |
| | च) परम्परागतशोषण | ६ |
| | छ) अन्यखुलाउने……………………………. | ७ |
| ५०२. तपाईको समाजमातपाई माथिका हिंसामध्ये तपाई कुनकुन हिंसाबाटपिडितहुनुपरेको छ ? ( बहुउत्तर) | क) शरिरीकयातना | १ |
| | ख) मानशिकपिडा | २ |
| | ग) यौन शोषण | ३ |

| | | |
|---|---|---|
| | घ) आर्थिक शोषण | ४ |
| | ङ) असामान्य सामाजिकतथा सांस्कृतिकव्यवहार | ५ |
| | च) परम्परागतशोषण | ६ |
| | छ) माथिकामध्ये कुनैपनिहोईन | ७ |
| | ज)अन्यखुलाउने.............................................. | ८ |
| ५०३. तपाईको विचारमातलकामध्ये कुनकुनकारणले महिलामाथि हिंसा हुने गर्दछ ?( बहुउत्तर) | क) शिक्षाको कमि | १ |
| | ख) कमजोर आर्थिक अबस्था | २ |
| | ग) धर्म, संस्कृति, परम्परा | ३ |
| | घ) महिलाको सामाजिकतथा सांस्कृतिकअबस्था | ४ |
| | ङ) लैङ्गिक विभेद | ५ |
| | च)श्रीमानको परस्त्री संग संवन्धकाकारण | ६ |
| | छ)दाईजो नल्याएकाकारण | ७ |
| | ज)श्रीमानले धुम्रपानमध्यपान सेवन गरेर | ८ |
| | झ) थाहा छैन/भन्न सक्दैन | ९ |
| | ञ) अन्यखुलाउने............................................ | १० |
| ५०४. तपाईकाविचारमामहिला हिंसाकालागिमुख्यजिम्मेवार व्यक्तिको होला? | क) पुरुष | १ |
| | ख) महिला | २ |
| | ग) थाहा छैन भन्न सक्दैन | ३ |

| | | |
|---|---|---|
| ५०५. तपाईको विचारमामहिला हिंसा रोकथामगर्न सकिन्छ? | क) सकिन्छ | १ |
| | ख) सकिदैन | २ |
| | ग) थाहा छैन/ भन्न सक्दैन | ३ |